# छब्बीसौं वार्षिक साधारणसभा

## (सहूहहरुको राष्ट्रिय बैठक)

### महेन्द्रनगर, कञ्चनपुर

२७-२८ असोज २०७४ (१३-१४ अक्टोबर २०१७)

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल



३ असोज २०७४

सम्पूर्ण एम्नेस्टी अभियन्ता सहकर्मीहरु,

एम्नेस्टी इन्टरनेसनल नेपाल (एम्नेस्टी नेपाल) आफ्नो स्थापनाको पचास वर्षको सम्मुखमा रहेको छ । नेपालमा मानवअधिकारको संरक्षण र प्रवर्द्धनको आधा शताब्दी लामो यात्रामा एम्नेस्टी नेपालले अतुलनीय कार्य गरेको छ । नेपालमा मानवअधिकारका विषयमा काम गर्ने यो एक अन्तर्राष्ट्रिय संस्था त हुँदै हो, त्यसमा पनि एम्नेस्टी इन्टरनेसनल नै नेपालमा मानवअधिकारको क्षेत्रमा काम गर्न स्थापित पहिलो संस्था भएको गौरव पनि हामीलाई प्राप्त छ ।

संयुक्त राष्ट्रसंघको बडापत्र र मानवअधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेखित मानवअधिकारका प्रावधान र व्यवस्था सबै मानवले एकछत्र र समान ढंगले उपभोग र उपयोग गर्न पाउन् भन्ने नूतन उद्देश्य लिएर यो संस्था स्थापित भएको हामी सबैमा बिदितै छ । सन् १९६१ मा बेलायतका एक वकील पिटर बेनेन्सनले स्थापना गरेको यस एम्नेस्टी अभियान आज विश्वभर मानवअधिकारको वकालत गर्ने प्रमुख संस्थाका रुपमा स्थापित छ । एम्नेस्टीले गर्ने निष्पक्ष कार्य र अनुसन्धान पद्धतिका कारण नै यसको ग्राह्यता विश्वस्तरमा बढेको हो । संयुक्त राष्ट्रसंघको कन्सल्टेटीभ हैसियत प्राप्त एम्नेस्टीले नोबल शान्तिलगायतका पुरस्कार प्राप्त गर्नुले यसको निष्पक्ष कार्य पद्धती र प्रभावकारिता अझ पुष्टी गर्दछ ।

जोखिम र संकटापन्न अवस्थामा रहेका मानव र मानव समुदायको जीवन रक्षाका लागि कार्यरत यस संस्थालाई नेपालमा सन् १९६९ मै ल्याउन सक्नु एउटा ठूलो उपलब्धि मान्नु पर्दछ । तात्कालिन कठोर शासन व्यवस्था विद्यमान रहेको परिस्थितिमा एम्नेस्टी नेपालका संस्थापक आदरणीय नूतन थपलियाज्यूले यस संस्थालाई नेपालमा स्थापना गर्न जुन साहस प्रदर्शन गर्नुभयो, जुन पहलकदमी र योगदान पुऱ्याउनुभयो, त्यो हामी अभियन्ताहरुका लागि चीरकालसम्म प्रेरणादायी बनिरहने छ । सन् १९६९ यताको करीब आधा शताब्दीको यस यात्रामा एम्नेस्टी नेपालमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सबैप्रति हामी अनुग्रहित छौं । कठीनभन्दा कठीन राजनीतिक वातावरणमा मानवअधिकारको दियो निभ्न नदिनु कम्ति चुनौतिपूर्ण थिएन । आदरणीय ऋषिकेश शाहले पहिलो नेतृत्व सम्हालेयता विभिन्न कालखण्डमा एक दर्जनभन्दा बढी अग्रजले संस्थालाई नेतृत्व प्रदान गर्दै दिशानिर्देश गर्नुभएको छ ।

विभिन्न कालखण्डमा आस्थाका आधारमा राज्य व्यवस्थाले गर्ने विभेद र अन्यायका विरुद्ध एम्नेस्टी नेपाल सतीसाल झैं उभिएको इतिहास हाम्रा सामु साक्षी छन् । नेपालको नागरिक स्वतन्त्रता र प्रजातान्त्रिक अधिकारका लागि अहिंसात्मक ढंगले आवाज उठाउनेहरु विरुद्ध तात्कालीन राज्यसत्ता र तिनका अधिकारीहरुबाट गरिएका मानवअधिकारको दमन र उल्लंघनका विरोधमा एम्नेस्टी नेपालले निरन्तर आवाज मुखरित गरिरह्यो । वीपी कोइराला, गणेशमान सिंह, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराई, राधाकृष्ण मैनाली, दुर्गानन्द झा, माधवकुमार नेपाल हुँदै गगन थापा, ठाकुर गैरे, विन्दा पाण्डे, रामकुमारी झाँक्री, रीता महतोसम्म (उदाहरणका लागि केही नाममात्र समेटिएको) थुप्रैं थुप्रैंको रिहाई र सुरक्षाका लागि एम्नेस्टीले आफ्नो अभियान केन्द्रित गरेको थियो ।

शुरुमा राजनीतिक आस्थाका बन्दीका लागि पत्रलेखन अभियान चलाउने भनेर चिनिएको यो संस्था आज नागरिक तथा राजनीतिक अधिकारको अलवा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका विषयमा पनि विश्वभर कार्यरत छ । यसैको सिलसिलामा नेपालमा पनि पछिल्ला वर्षमा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको क्षेत्रमा एम्नेस्टी नेपालले काम गरिरहेको छ । सशस्त्र द्वन्द्वकालीन समयमा गरिएका मानवअधिकारको चरम उल्लंघन र ज्यादतीका घटनामा संलग्न दोषीलाई दण्ड र तिनका पीडितलाई न्याय एवं परिपूरण सुनिश्चित गराउनकालागि संक्रमणकालीन न्यायसँग सम्बन्धित विषय हाम्रो कार्यक्षेत्र रहेको छ । त्यसअलवा स्वास्थ्य अधिकारसँग जोडिएको मेरो शरीर मेरो अधिकारको विश्वव्यापी अभियान नेपालबाटै शुरुवात गरियो र संसारभर अभियान चलाइयो भने वैदेशिक रोजगारीका लागि विदेश जाने नेपाली श्रमिकको अधिकारका विषयमा लगातार केही वर्ष यता हाम्रा अनुसन्धान र अभियानहरु केन्द्रित रहेका छन् ।

यस पृष्ठभूमिमा गएको वर्ष अर्थात् २०७३ भदौंमा भएको पच्चीसौं साधारणसभाबाट हामी नेतृत्वमा आयौं । हामीले नेतृत्व सम्हाल्दा एम्नेस्टी नेपाल एउटा संक्रमणकालीन अवस्थाको सामना गर्दै थियो । राष्ट्रिय अन्तर्राष्ट्रिस्तरमा यसको साख र उचाईलाई थप अभिवृद्धी गर्नुपर्ने चुनौति थियो । एम्नेस्टी नेपालका निर्देशकले राजिनामा दिएको सन्दर्भमा निर्देशकसहित कार्यालयका अरु केही पदमा कर्मचारी पदपूर्ति गर्नुपर्ने थियो । नेशनल बोर्ड र सचिवालयबीचको सम्बन्ध र कार्यक्षेत्रको स्पष्ट सीमांकनसहित व्यवहारमा लागू गर्नुपर्ने विषयमा अन्तर्राष्ट्रिय सचिवालयबाट प्राप्त निर्देशनहरुलाई कार्यान्वयन गर्नुपर्ने थियो । फितलो बन्दै गएको स्वयंसेवी भावनालाई पुनर्जाग्रित गर्दै एम्नेस्टीको अभियानहरुलाई गाउँशहरसम्म फैलाउनु थियो । एम्नेस्टी साधारण मानिसहरुले सञ्चालन गरेको असाधारण अभियान हो भन्ने भावना आमस्तरमा पुग्नेगरी कार्य गर्नुपर्ने थियो । छिन्नभिन्न बन्न लागेको अभियानलाई एकसूत्रमा ल्याउनुपर्ने चुनौति पनि छँदैथियो ।

एक वर्षको यस अवधिमा उल्लिखित विषयहरुलाई हामीले धेरै हदसम्म कार्यान्वयनको तहमा लगेका छौं । सचिवालयमा कर्मचारीहरुको पदपूर्ति सम्पन्न भएको छ । नेशनल बोर्ड र सचिवलायबीचको सम्बन्धलाई हार्दिक र सुमधुर बनाउँदै आ-आफ्ना कार्यक्षेत्रको परिपालना गरिएका छन् । एम्नेस्टीको अभियानलाई अझ वृहत्तरस्तरमा विकास गर्नका लागि योजनाहरु बनेका छन् र कार्यान्वयनका चरणमा रहेको छ । विभिन्न कारणवश एम्नेस्टी नेपालको छातामुनी आउन नसकेका समाजका ख्याती प्राप्त मूर्धन्य व्यक्तित्वहरुलाई अभियानसँग जोड्ने कामको थालनी भैसकेको छ । मानार्थ सदस्यता प्रदान गरेर यस्ता व्यक्तिहरुलाई एम्नेस्टी अभियानमा जोडिएका छ । यस अभियानलाई आगामी दिनमा अझ समृद्ध र विकसित गरिनेछ ।

एम्नेस्टी मूलत स्वयंसेवी संस्था हो । सदस्यदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय बोर्डका पदाधिकारीसम्म सबै स्वयंसेवी हुन् । वेतनधारी होइनन् । त्यसैले मानवअधिकार क्षेत्रको यस स्वयंसेवी महान् यज्ञमा हामी सरिक भइरहेका छौं र आगामी दिनमा अझ समृद्ध र विकास गर्नु हामी सबैको साझा लक्ष्य हुनेछ । यसै दिशामा हामीले अभियानलाई प्रेरित गरिरहेका छौं ।

अन्त्यमा, नेशनल बोर्ड भनेकै देशभर छरिएर रहनु भएका करीब ६ हजार स्वयंसेवी अभियन्ताहरुको भर र विश्वास हो । ए.आई. का स्वयंसेवी अभियन्ताहरुले गर्नुभएका कार्यको प्रतिविम्ब नै नेशनल बोर्ड र सचिवालय हो । त्यसैले आगामी दिनमा मानवअधिकारको सम्वर्द्धन र प्रवर्द्धनका लागि हामी सबै एकजुट भएर अझ बढी क्रियाशील बनौं । दक्षिण एशियामा एक मात्र शाखाको मान्यता पाएको एम्नेस्टी नेपालको गरिमा र साख अभिवृद्धीमा हामी सबै जुटौं ।

अन्त्यमा, हाम्रा सामुन्नेमा रहेको दीपावली, नेपाल संवत्, छठ, ल्होसार, ईद, उभौली उँधौलीलगायत विभिन्न सम्प्रदायले मनाउने चाडहरुको एकमूष्ठ शुभकामना ।

राजन कुईकेल
अध्यक्ष
नेशनल बोर्ड
एम्नेस्टी इन्टरनेसनल, नेपाल ।

# छब्बीसौं वार्षिक साधारणसभा

## (समूहहरूको राष्ट्रिय बैठक)

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

महेन्द्रनगर, कञ्चनपुर

२७ -२८ असोज २०७४ (१३-१४ अक्टोबर २०१७)

### प्रस्तावित कार्यक्रम (एजेण्डा)

**२०७४ असोज २७ गते - १३ अक्टोबर २०१७), शुक्रबार**

०७:०० - बजेदेखि : सहभागीहरूको नामदर्ता
१३.३० - १४.३० : उद्घाटन कार्यक्रम
१४.३० - १५.०० : चिया/कफि
१५.०० - १६.०० : मानवअधिकार "पब्लिक एक्सन"
१७.०० - १८.०० : नेसनल बोर्ड प्रतिनिधि तथा साधारणसभा वर्किंग ग्रुपका अध्यक्ष/प्रतिवेदकहरूको बैठक
१९.०० - २०.०० : रात्री खाना

**२०७४असोज २८ गते - १४ अक्टोबर २०१७), शनिबार**

०७.०० देखि ०८.०० सम्म :सहभागीहरूको नामदर्ता
०७.३० - ०८.३० :चिया/नास्ता

**०८.३० बजे देखि बन्दसत्र प्रारम्भ**

| | |
|---|---|
| ०८.३० - ०९.०० | • गणपुरक सङ्ख्याको जानकारी<br>• एजेण्डा अनुमोदन<br>• गणक (Tellers)र प्रतिवेदक (Rapporteur)को नियुक्ति र अनुमोदन<br>• साधारणसभा कार्यक्रम र यसको सञ्चालन ढाँचा सम्बन्धमा जानकारी |
| ०९.०० - १०.०० | मानवअधिकारका चुनौतीहरू सम्बोधन गर्ने सवालमा युवाहरूको भूमिका, प्यानल डिस्कसन |
| १०.०० - १०.४५ | वर्ष २०७३/७४ को योजना कार्यान्वयन प्रतिवेदन प्रस्तुत/छलफल |
| १०.४५ - ११.०० | चिया ब्रेक |
| ११.०० - ११.४५ | नेसनल बोर्डको २०७३/७४ को वार्षिक प्रतिवेदन प्रस्तुत/छलफल |
| ११.४५ - १२.०० | पुनरावेदन समितिको २०७३/७४ को वार्षिक प्रतिवेदन प्रस्तुत/छलफल |
| १२.०० - १२.३० | अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका प्रतिनिधबाट प्रस्तुति/मन्तव्य |
| १२.३० - १३.३० | दिवाभोजन |
| १३.३० - १४.०० | वर्ष २०७३/७४ को लेखापरीक्षण तथा आर्थिक प्रतिवेदन प्रस्तुत/छलफल |
| १४.०० - १४.३० | सन् २०१८ को योजना तथा बजेट प्रस्तुत/छलफल |
| १४.३० - १५.३० | चिया/कफि |
| १५.३० - १६.०० | एम्नेस्टी इन्टरनेसनलको ३३औं अर्न्तराष्ट्रिय परिषद् बैठकले अनुमोदन गरेको संरचनागत र नीतिगत परिवर्तनका बारेमा प्रश्तुति |
| १६.०० - १७.०० | विधान संशोधन प्रस्ताव प्रस्तुत/छलफल |
| १७.०० - १८.०० | नेसनल बोर्डद्वारा प्रस्तुत प्रस्तावहरूको प्रस्तुती र छलफल<br>• लेखापरीक्षकको नियुक्तिसम्बन्धी प्रस्ताव<br>• मानवअधिकारसम्बन्धी प्रस्ताव |
| १९:०० - २०.०० | रात्रिभोजन |

**२०७४ असोज २९ गते - १५ अक्टोबर २०१७), आइतबार**

०८:००- : एम्नेस्टी नेपालको आ.व.२०७३/७४ को आयव्याय विवरण सार्वजनिक गर्न पत्रकार सम्मेलन

# छब्बीसौं वार्षिक साधारणसभा

## (समूहहरूको राष्ट्रिय बैठक)

महेन्द्रनगर, कञ्चनपुर

२७ -२८ असोज २०७४ (१३-१४ अक्टोबर २०१७)

एम्नेस्टी इन्टरनेसनल नेपाल

## महासचिवद्वारा प्रस्तुत नेसनल बोर्डको वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन

एम्नेस्टी इन्टरनेसनल नेपालको छब्बीसौं वार्षिक साधारणसभाका सम्मानित अध्यक्षज्यू, एम्नेस्टी नेपालमा आबद्ध विभिन्न समूहका प्रतिनिधिज्यूहरू, पर्यवेक्षकज्यूहरू, नेसनल बोर्ड तथा पुनरावेदन समितिका सदस्यज्यू, नेसनल बोर्डका सल्लाहकारज्यूहरू तथा राष्ट्रिय सचिवालयका कर्मचारीहरू,

आफ्नो नीतिमा अडिग र काममा निष्पक्ष अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त संस्था एम्नेस्टी इन्टरनेसनल नेपालको यस गरिमामय छब्बीसौं वार्षिक साधारणसभामा नेसनल बोर्डको तर्फबाट प्रतिवेदन पेश गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महसूस गरेको छु ।

सम्मानित यस सभाका अध्यक्षज्यू एवं सभासदज्यूहरू,

एकसय पचास भन्दा बढी देशहरूमा फैलिएको र सत्तरी लाख भन्दा बढी सदस्य एवं समर्थक रही विश्वव्यापी कार्यक्षेत्र भएको एम्नेस्टी इन्टरनेसनल नेपालको सदस्य हुनु आफैमा गौरवको विषय हो । विभिन्न उतार चडाव र आरोह अवरोहहरू झेल्दै लामो अनुभवबाट खारिएर एम्नेस्टी नेपालले एउटा नयाँ दिशा समातिसकेको छ । यसको क्षमता र दक्षता अब राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय नीति निर्माणमा, अनुसन्धानात्मक गतिविधिहरू गर्नमा, र मानवअधिकार प्रशिक्षणमा सक्षमताका साथ अघि बढाउनेतर्फ अघि बढिसकेको छ । सीमित साधन र श्रोत, संस्थाको मूल आदर्श र कार्यक्षेत्र, नेपाली, सामाजिक, संरचना आदि विविध पक्षलाई आत्मसात गर्दै तपाईं हामी सबैले एम्नेस्टी नेपाल अन्तर्गतका विभिन्न अभियानहरू सञ्चालन गर्ने तथा यस्ता अभियानहरूमा साथ, सहयोग र समर्थन गर्दै एम्नेस्टी नेपालको कार्यकौशलता अभिवृद्धि गर्न होस्टेमा हैंसे गर्दै पनि आएका छौं ।

स्वयंसेवी रूपमा मानवअधिकार अभियान सञ्चालन गर्नु केही चुनौतीपूर्ण अवस्य छ तर हामी सबैलाई थाह छ यसको दूरगामी महत्व छ र यसले हाम्रो समाजमा मानवअधिकारको सँस्कृति निर्माण गर्न र हाम्रा भावी सन्ततीहरूलाई एउटा असल शासन र मानवअधिकारमैत्री समाज हस्तान्तरण गर्न हामीलाई सफल पार्ने छ । त्यसकारण तपाईं हाम्रो यस स्वैच्छिक र स्वयंसेवी मानवअधिकार अभियानमार्फत हामीले विधिका शासनमा अडिएको र मानवीय मूल्य, मान्यता र दर्शनमा आधारित समृद्ध नेपाल बनाउने हाम्रो सपना साकार पार्नमा तमाम नेपाली समुदायलाई उत्प्रेरित गरिरहेका हुने छौं ।

गत वर्ष २०७३/७४ विगतका केही वर्षहरू भन्दा सापेक्षिक रूपमा आन्तरिक रूपमा सुदृढ रह्यो । यस संस्थाको मूल आदर्श, परिदृश्य, सिद्धान्त र नीति नियमहरूलाई इमान्दारिताका साथ पालना गर्ने कुरामा तपाईं हामी सबैले स्पष्ट प्रतिबद्धता जनाएका नै छौं र सोहीअनुरुप अघिल्लो साधारणसभाबाट निर्वाचित भएर गइसकेपछिको अवस्थामा नेसनल बोर्डले सोही मान्यताअनुरूप संस्थामा नीतिगत सुधारहरू गर्दै अघि बढ्नका लागि ठोस प्रयासहरू गरिरहेको म यहाँहरूसमक्ष निवेदन गर्दछु । साथै यस साधारणसभाबाट हुने निर्णय र निर्देशनहरूले नेसनल बोर्डलाई थप सशक्तिकृत र परिष्कृत बनाउने छ भन्ने विश्वास मैले लिएको छु ।

अध्यक्षज्यू एवं सम्मानित यस सभाका सभासदज्यूहरू,

यस प्रतिवेदनमा नेसनल बोर्डद्वारा गरिएका नीतिगत कामहरू मात्र समावेश गरिएको छ । २०७३ भाद्रमा पोखरामा सम्पन्न यस संस्थाको पच्चीसौं वार्षिक साधारणसभाले पारित गरेको एकवर्षे कार्ययोजना अनुसार २०७३ श्रावण १ गते देखि २०७४ असार मसान्तसम्म नेसनल बोर्डबाट भएका कामहरू यस प्रतिवेदनमा समावेश गरिएको छ । अब म ती कामहरूको वार्षिक प्रतिवेदन सारांशमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. वार्षिक साधारणसभा (समूहहरूको राष्ट्रिय बैठक)

एम्नेस्टी नेपालको पच्चीसौं वार्षिक साधारणसभा (राष्ट्रिय परिषद् बैठक) २०७३ भाद्र २५ र २६ मा पोखरामा सम्पन्न भएको थियो । उक्त साधराणसभालाई उद्‌घाटन सत्र, बन्द सत्र, समापन सत्र गरी तीन चरणमा विभाजन गरिएको थियो । साधारणसभाको बन्द सत्रले निर्देशकद्वारा प्रस्तुत एम्नेस्टी नेपालको २०७२।७३ को योजना कार्यान्वयन प्रतिवेदन, तात्कालीन राष्ट्रिय कार्यसमितिको २०७२।७३ को वार्षिक प्रतिवेदन, पुनरावेदन समितिको प्रतिवेदन र आ.व. २०७२।७३ को लेखापरीक्षण तथा आर्थिक प्रतिवेदन पारित गरेको थियो ।

उक्त साधारणसभामा

- ✓ यातना अन्त्य गर्न आह्वान, दण्डहीनताको अन्त्य र न्याय सुनिश्चिता
- ✓ आप्रवासी श्रमिकको अधिकार संरक्षण
- ✓ रोम विधान अनुमोदन
- ✓ यातना अन्त्य

लगायतका सम्बन्धमा प्रस्तावहरू प्रस्तुत भई पारित भएका थिए ।

सोही साधारणसभाले नेसनल बोर्डमा सन् २०१६ को सेप्टेम्बरदेखि सन् २०१८ सेप्टेम्बर अवधिको लागि नेसनल बोर्ड (राष्ट्रिय कार्यसमिति) तथा पुनरावेदन समितिको निर्वाचन सम्पन्न गरेको थियो । अध्यक्ष, कोषाध्यक्ष र ७ जना सदस्य गरी कुल ९ जनाको निर्वाचनमा अध्यक्षमा राजनप्रसाद कुईंकेल, कोषाध्यक्षमा विक्रम ढकुछु र महिला सदस्यहरूमा यशोदाकुमारी उपाध्याय, पार्वता आचार्य र संगिता चापागाईं निर्वाचित हुनुभएको थियो । यसैगरी अन्य सदस्यहरूमा लेखनाथ (लक्ष्मी) निरौला, ध्रुव राय, सुरेशप्रसाद अर्याल र कर्णबहादुर कुँवर निर्वाचित हुनुभएको थियो । अन्य दुई युवा सदस्यहरूमा पासाङ शेर्पा र बिपिन बुढाथोकी यसअघिनै अलग्गै प्रकृयाबाट निर्वाचित हुनुभएको थियो ।

उक्त साधारणसभाले **National Strategic Goal 2017-2020** तयार गरी सबै समूहहरूमा प्रेशित गर्न नवनिर्वाचित नेसनल बोर्डलाई जिम्मेवारी तोकेको थियो । त्यस्तै एम्नेस्टी नेपालसम्बन्धी नियमावलीहरू "संशोधन समिति" ले दिएको सुझाव समेतका आधारमा साधारणसभा नियमावली, नेसनल बोर्ड नियमावली, कर्मचारी नियमावली, आर्थिक नियमावली र समूह सञ्चालनसम्बन्धी नियमावलीमा भएका संशोधन प्रस्तावहरूमा छलफल भई सो नियमावलीहरूमा आवश्यक भाषा मिलानआदिको काम गरी विधानअनुरुप पार्न नवनिर्वाचित नेसनल बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय भएको थियो ।

## २. नेसनल बोर्डको बैठक :

२०७३ श्रावण १ देखि २०७४ असार मसान्त सम्म एम्नेस्टी नेपाल नेसनल बोर्डको जम्मा सातवटा बैठकहरू बसे । यसमा तीनवटा बैठकहरू अघिल्लो नेसनल बोर्डले २०७३ भाद्र २५ र २६ मा भएको पोखराको वार्षिक साधारणसभापूर्व गरेको थियो भने, बाँकी चारवटा बैठकहरू वर्तमान नेसनल बोर्डद्वारा भएका छन् । ती बैठकहरू निम्न मितिमा बसेका थिए :

- २०७३ साउन १५ र १६ गते (३० र ३१ जुलाई २०१६) - नियमित बैठक
- २०७३ भाद्र ६ गते (२२ अगस्ट २०१६) - नियमित बैठक
- २०७३ भाद्र २३ गते (८ सेप्टेम्बर २०१६) - साधारण सभापूर्वको बैठक
- २०७३ भाद्र २६ गते (११ सेप्टेम्बर २०१६) - साधारण सभापश्चात्को बैठक
- २०७३ असोज १५ देखि १७ गते (१ देखि ३ अक्टोबर २०१६) - नियमित बैठक
- २०७३ फाल्गुन १२ र १३ गते (२३ र २४ फेब्रुअरी २०१७) - नियमित बैठक
- २०७४ जेठ ३० र ३१ गते (१३ र १४ जुन २०१७) - नियमित बैठक

एम्नेस्टी नेपाल र यसको अभियानलाई व्यवस्थित ढंगले संचालन एवं ठोस दिशा प्रदान गर्नको लागि यस अवधिमा विभिन्न निर्णयहरू लिइएका छन् । समग्रमा नेसनल बोर्डले एम्नेस्टी नेपालको अपरेसनल पार्टसचिवालयलाई गर्न पूर्ण स्वतन्त्रता दिने र नेसनल बोर्डले नीतिगत विषयहरूमा मात्र निर्णय लिई सचिवालयको गतिविधिहरूमा सहयोग पुऱ्याउने पद्धतिमा नेसनल बोर्ड पूर्णरूपमा प्रतिबद्ध भई आएको छ ।

## ३. पदाधिकारीहरू निरुपित

एम्नेस्टी नेपालमा आबद्ध समूह तथा युथ नेटवर्कहरूलाई थप सक्रिय र विधिसम्वत् तरिकाले सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यले नेसनल बोर्डले आफूमध्येबाट हरेक समूह र युथ नेटवर्कका लागि पदाधिकारीहरू निरुपित गरी समूह र युथ नेटवर्कलाई निरुपित पदाधिकारीमार्फत् सहयोग पुऱ्याउँदै आएको छ । निरुपित पदाधिकारी समूह वा युथ नेटवर्कको साधारणसभामा उपस्थित हुने गरिएको छ । समूह र युथ नेटवर्कको साधारणसभामा ए. आई. को विधान, नियमावली, समूह संचालन कार्यविधि एवम् समूहको विनियम बमोजिम भए नभएको हेर्ने जिम्मेवारी निरुपित सदस्यलाई तोकिएको छ ।

आ.व. २०७३/७४ अवधिका लागि पनि नेसनल बोर्डबाट समूह एवं युथ नेटवर्कको गतिविधिमा सघाउ पुऱ्याउन एवं तिनको काम कारबाहीको मूल्याङ्कन र अनुगमनका लागि निम्न बमोजिमका पदाधिकारीहरूलाई निरुपित गरियो ।

| सि.नं. | समूह | निरुपित पदाधिकारी |
|---|---|---|
| १ | समूह २२, धुलाबारी    समूह ८६, काकरभिट्टा<br>समूह ८७, काकरभिट्टा    समूह १४, उर्लाबारी<br>समूह ३७, भद्रपुर    समूह ५८, बिर्तामोड<br>समूह १३, रवि    समूह ४५, पाँचथर<br>समूह १, धनकुटा<br>बिर्तामोड, चन्द्रगढी गरी २ वटा युथ नेटवर्कहरु | लेखनाथ (लक्ष्मी) निरौला |
| २ | समूह ७०, काकरभिट्टा    समूह ८३, दमक<br>समूह ७५, दमक    समूह ६०, दमक<br>समूह १०, इनरुवा    समूह ३०, राजविराज<br>समूह १९, रामेछाप    समूह ३८, दोलखा<br>दमक र इम्मोर्टल गरी २ वटा युथ नेटवर्क | विक्रम ढुकुछु |
| ३ | समूह ६, इटहरी    समूह ६३, इटहरी<br>समूह ११, विराटनगर    समूह २३, विराटनगर<br>समूह ४१, विराटनगर    समूह ७३, विराटनगर<br>समूह ४, तेह्रथुम<br>इटहरी नमूना, धरान र सिद्धार्थ गरी ४ वटा युथ नेटवर्क | संगिता चापागाईं |
| ४ | समूह १५, जनकपुर    समूह ४६, जनकपुर<br>समूह ५७, जनकपुर    समूह ७८, लालबन्दी<br>समूह १६, पर्सा    समूह ६७, हेटौंडा<br>समूह २४, बारा    सरलामाई निर्माणाधिन समूह, मलंगवा<br>जलेश्वरनाथ निर्माणाधिन समूह, महोत्तरी<br>धनुषाधाम, शान्तिदीप, जनज्योति, बनविज्ञान, हेटौंडा गरी ५ वटा युथ नेटवर्कहरु | ध्रुव राय |
| ५ | समूह ६४, चितवन    समूह ३३, चितवन<br>समूह ४०, कावासोती    समूह ३१, परासी<br>समूह १२, बुटवल    समूह ४२, गोरखा<br>समूह ७, महोत्तरी    सामाजिक कार्यकर्ता निर्माणाधिन समूह, चितवन<br>बुटवल महिला निर्माणाधिन समूह<br>रत्ननगर क्रिएटिभ, रामपुर, पक्लिहवा र गोरखा गरी ४ वटा युथ नेटवर्कहरु | सुरेशप्रसाद अर्याल |
| ६ | समूह २६, कोहलपुर    समूह २, सुर्खेत<br>समूह ६९, सुर्खेत    समूह ६८, नेपालगञ्ज | कर्णबहादुर कुँवर |

| सि.नं. | समूह | निरुपित पदाधिकारी |
|---|---|---|
| | समूह ५२, बर्दिया समूह ४९, महेन्द्रनगर<br>समूह २८, अछाम महेन्द्रनगर महिला निर्माणाधिन समूह<br>सुर्खेत, काँक्रेविहार, लम्की र कञ्चन गरी ४ वटा युथ नेटवर्क | |
| ७ | समूह ३६, प्युठान समूह ६६, दाङ<br>समूह ६२, नेपालगञ्ज समूह ८९, टिकापुर<br>पाल्पा, गुल्मी, बाँके, प्युठान र दाङका ३ वटा गरी जम्मा ७ वटा युथ नेटवर्कहरु | यशोदाकुमारी उपाध्याय |
| ८ | समूह ५४, पोखरा समूह ८२, पोखरा<br>समूह ४७, म्याग्दी समूह ४८, बाग्लुङ<br>समूह ७६, गोरखा समूह २७, लमजुङ<br>• कास्कीका ४ वटा, बाग्लुङ, तनहुँ, स्याङ्जा र लमजुङ् गरी ८ वटा युथ नेटवर्क<br>• ललितपुरका २ वटा र काठमाडौँका न्यु फोनिक्स, नेपाल युथ, ममता (जिङ्गोइस्ट), आग्रह, न्यु इन्नोभेटिव, सोसियल वर्कर्स, इभर ग्रिन र आरबीएच समेत कुल १२ वटा युथ नेटवर्कहरु | बिपिन बुढाथोकी |
| ९ | समूह १७, भक्तपुर समूह ५०, भक्तपुर<br>समूह ५६, भक्तपुर समूह ४३, बनेपा<br>समूह ७२, पनौती मिडिया निर्माणाधिन समूह, काठमाडौं ।<br>काभ्रेका ३ वटा, भक्तपुरका ४ वटा, काठमाडौँ, जोसेफ, डाइनामिक, नाम्स, पेन्टागन, लोगोस अटोमा र सिम्रिक कुल १४ वटा युथ नेटवर्कहरु | पासाङ शेर्पा |
| १०. | समूह ३, काठमाडौँ समूह ३४, काठमाडौँ<br>समूह ३२, काठमाडौँ समूह २०, काठमाडौँ<br>समूह २१, काठमाडौँ समूह ३९, नुवाकोट<br>समूह ८, काठमाडौँ समूह १८, काठमाडौँ<br>समूह ६१, ललितपुर समूह ८०, काठमाडौँ<br>समूह ३५, काठमाडौँ | पार्वता आचार्य |

पदाधिकारीहरूले सम्भव भएसम्म सबै समूह र युथ नेटवर्कहरूमा पुगी अनुगमन प्रतिवेदन नेसनल बोर्ड बैठकमा प्रस्तुत गर्नुभएको थियो र सो सम्बन्धमा समीक्षात्मक छलफलहरू भएको थियो ।

## ४. समूह तथा युथ नेटवर्कहरू सम्बन्धमा

यस अवधिमा समूह वा युथ नेटवर्कका रूपमा आबद्ध रहीरहन आवश्यक पर्ने आधारहरू पूरा गर्न पटक पटक आग्रह गरियो । कतिपय विषयमा नेसल बोर्डले समूहहरूलाई सहयोग गर्न सक्दथ्यो तर समूह कार्यसमितिको बैठक बस्ने, सदस्यता वृद्धि तथा नवीकरण गर्ने, समूह साधारणसभा गर्ने, कार्यक्रमहरू आयोजनाको लागि निर्णय गर्ने जस्ता काम स्वयं समूह नेतृत्वबाटै हुनु पर्दछ । कतिपय समूह र युथ नेटवर्कहरूले एम्नेस्टी को समूह/युथ नेटवर्कका रूपमा रहिरहन अपरिहार्य माथि उल्लेखित (कार्यसमितिको बैठक, तोकिए बमोजिम न्यूनतम सदस्य संख्या कायम राख्ने, साधारणसभा गर्ने लगायत) न्यूनतम आधार र प्रक्रियाहरू पूरा गरेको पाइएन । तसर्थ यस्ता समूह तथा युथ नेटओर्कहरूलाई आवश्यक प्रकृया र मापदण्डहरू पुरा गर्न तथा थप सक्रियताको लागि सचिवालयमार्फत इमेल लगयातका माध्यमबाट ताकेता गरिएको छ ।

२०७४ असार मसान्तसम्म एम्नेस्टी नेपाल अन्तर्गत ३६ जिल्लामा ७१ वटा समूह र ६ वटा निर्माणाधिन समुहहरू रहेकोमा समूहहरूको गतिविधि समूह ११ विराटनगर, समूह ६३ इटहरी, समूह १५ जनकपुर, समूह

१३ रबी, पाँचथर, गरी कम्तिमा पनि चारवटा समूह निष्क्रिय रहेको पाइयो । त्यसैगरी निष्कृय रहेका ३० वटा युथ नेटओर्कहरू खारेज गरिएका छन् भने केही युथ नेटओर्कहरू अझै निष्कृय रेहेका छन् ।

## ५. विधान संशोधन प्रस्ताव समिति गठन

एम्नेस्टी नेपालको विधान संशोधनसम्बन्धी प्रस्ताव यस साधारणसभामा प्रस्तुत गर्ने प्रयोजनका लागि महासचिव लेखनाथ निरौलाको संयोजकत्वमा सदस्य कर्णबहादुर कुँवर र पार्वता आचार्य रहने गरी विधान संशोधन समिति गठन गरियो ।

## ६. सचिवालयमा निर्देशक लगायत अन्य कर्मचरीहरूको नियुक्ति सम्पन्न

यस नेसनल बोर्डले कार्यभार सम्हालेपछि एम्नेस्टी सचिवालयमा रिक्त रहेका केही महत्वपूर्ण पदहरूलाई खुल्ला प्रतियोगितामार्फत पूर्ति गर्ने काम सम्पन्न भएको छ ।

केही समयदेखि अभियान अधिकृतको पद रिक्त रहेकोमा उक्त पदमा खुल्ला प्रतियोगिता प्रकृयाबाट पूर्व निर्देशक र अन्तर्राष्ट्रिय सचिवालयसहितको छनोट समितिले अस्मिता सापकोटालाई छनोट गरी उहाँलाई डिसेम्वर २०१६ देखि काममा लगाइएको थियो । त्यसैगरी नोभेम्बर २०१६ देखि सचिवालयमा निर्देशकको पद रिक्त रहेकोमा खुल्ला प्रतियोगितामार्फत लिखित परीक्षा र अन्तर्वार्ता आदि प्रकृया पुरा गरी अन्तर्राष्ट्रिय सचिवालय र नेसनल बोर्डका अध्यक्षसहितको छनोट समितिले झण्डै चार महिना लामो प्रकृया पश्चात् निर्देशक चयन प्रकृया सम्पन्न गरी वर्तमान निर्देशक श्री निराजन थपलियलाई फेब्रुअरी १, २०१७ देखि कार्यभार ग्रहण गराइएको छ । उहाँले सो समयपश्चात् सचिवालयका नियमित गतिविधिहरूलाई अघि बढाइरहनुभएको छ ।

त्यसैगरी रिक्त रहेको लेखापालको पदमा तीन महिनाको समयका लागि माला लुईँटेललाई अन्तरिम लेखापालमा नियुक्ति गरिएकोमा नयाँ निर्देशकले कार्यभार सम्हाल्नुभएलगत्तै एक रिक्त प्रेस अधिकृत र लेखापाल दुवै पदहरूको विज्ञापन निकाली खुला प्रतियोगतामार्फत करिब तीन महिना लामो समयको प्रकृयापछि निर्देशक र अन्तर्राष्ट्रिय सचिवालयसहितको एक छनोट समितिले गौरव चन्द्र गुरुङ्गलाई प्रेस अधिकृत र शर्मिला मगरलाई लेखापालमा छनोट गरेअनुरुप लेखापाल शर्मिला मगरलाई जुन १, २०१७ देखि र प्रेस अधिकृत गौरव चन्द्र गुरुङ्गलाई जुन ११, २०१७ देखि नियुक्त गरी काममा खटाइएको छ ।

## ७. विभिन्न समिति गठन

एआई नेपाल र यसको अभियानलाई व्यवस्थित ढंगले संचालन एवं ठोस दिशा प्रदान गर्नको लागि यस अवधिमा विभिन्न समितिहरू गठन भए । ती समितिहरूमध्ये केहीले आफ्नो काम सम्पन्न गरेभने केहीले आफ्नो काम पूरा गर्न सकेका छैनन् । गत वर्षमा गठित समितिहरू निम्न बमोजिम रहेका छन् :

### १. बोर्ड सचिवालय प्रोटोकल र अफिस म्यानुअल निर्माण कमिटि पुनर्गठन

एम्नेस्टी नेपालको सञ्चालनमा बोर्ड र राष्ट्रिय सचिवालयको अलग अलग भूमिकालाई परिभाषित गर्दै सन् २००८ मा एम्नेस्टी नेपालको *राकास तथा सचिवालयको प्रोटोकल (संक्षेपीकृत स्वरुपको)* तयार गरी लागू भएकोमा पछिल्ला वर्षहरूमा सोअनुरुप नभई खासगरी अपरेसनल भूमिकामा बोर्ड पदाधिकारीहरू संलग्न भएको भनी अन्तर्राष्ट्रिय सचिवालयले बोर्ड र सचिवालयको प्रोटोकललाई विस्तृत रूपमा तयार गरी लागू गर्न एवं संस्था सञ्चालनको विस्तृत प्रक्रिया तथा विधिहरू उल्लेख गरी एक अफिस म्यानुअल तयार गरेर सोही बमोजिम चल्न सुझाव एवं सर्त राखे पश्चात् पूर्ववर्ती नेसनल बोर्डबाट ती दस्तावेज तयार गर्न समिति गठन गरेको भए पनि सो काम हालसम्म सम्पन्न नभएको पृष्ठभूमिमा ती दुईवटा दस्तावेज (नेसनल बोर्ड तथा सचिवालयको विस्तृत प्रोटोकल र अफिस म्यानुअल) तयार गरी २०१६ डिसेम्बर अन्त्यसम्म नेसनल बोर्डमा पेश गर्न निम्नानुसारको समिति गठन गरिएको थियो ।

१. संयोजक - श्री लेखनाथ (लक्ष्मी) निरौला, महासचिव नेसनल बोर्ड
२. सदस्य - श्री विक्रम ढुकुछु, कोषाध्यक्ष नेसनल बोर्ड

३. सदस्य - श्री पासाङ शेर्पा, युवा सदस्य नेसनल बोर्ड
४. सदस्य - निर्देशक, एम्नेस्टी नेपाल नेपाल । (निर्णय नं ११९७)

२. National Strategic Goal **तयार**

साधारण सभाले कार्यादेश दिएअनुरूप सन् २०१७ देखि २०२० सम्मका लागि नेसनल बोर्डले एम्नेस्टी नेपालको रणनीतिक लक्ष्य निर्धारण गरेको छ जसअनुरुप दण्डहीनता अन्त्य, आप्रवासी श्रमिकहरूको अधिकार, अन्तर्राष्ट्रिय सोलिडारिटी क्याम्पेन, "ग्रथ" र "मोबिलाइजेसन", मानवअअधिकार शिक्षा लगायतका विषयहरूमा केन्द्रित रहेर एम्नेस्टी नेपालले आफ्ना अभियान र गतिविधिहरू सञ्चालन गर्ने छ ।

## ८. भौतिक सम्परीक्षण प्रतिवेदन

एम्नेस्टी नेपालमा रहेका भौतिक सम्पत्तीहरूको सम्परीक्षण गर्ने काम सचिवालयबाट सम्पन्न भयो । निर्देशकद्धारा प्रस्तुत भौतिक सम्परीक्षण प्रतिवेदन २०७३/७४ बोर्डले ग्रहण गरी एम्नेस्टी नेपालमा भएका सम्पूर्ण भौतिक सम्पत्ति/वस्तु तथा जिन्सी रेकर्ड भिडाई निरीक्षण समेत गरी सो भौतिक सम्पत्तिको प्रतिवेदन स्वीकृत गरियो ।

कतिपय भौतिक सम्पत्ति काम नलाग्ने अवस्थामा रहेको र कतिपय मर्मत गर्नु पर्ने अवस्थामा रहेको हुँदा सम्बन्धित सामग्रीको लिलाम वा मर्मत गर्न सचिवालयलाई सुझाइएको छ ।

## ९. राष्ट्रिय कार्यसमूहहरूको गठन

सन् २०१७ को डिसेम्बरसम्मको अवधिका लागि २०७३ फाल्गुन १३ र १४ को बैठकबाट निम्नानुसार राष्ट्रिय कार्यसमूह एवं राष्ट्रिय संयोजकहरूको नियुक्ति गर्ने निर्णय गरिएको थियो ।

सन् २०१७ को डिसेम्बरसम्मको अवधिका लागि निम्नानुसार राष्ट्रिय कार्यसमूह एवं राष्ट्रिय संयोजकहरूको नियुक्ति गर्ने निर्णय गरियो ।

**(क) अर्थसङ्कलन राष्ट्रिय कार्यसमूह**

१. संयोजकः सुदिप भट्ट, समूह ६२, नेपालगञ्ज
२. सदस्यः विमल राजभण्डारी, समूह ७३, विराटनगर
३. सदस्यः होमबहादुर अधिकारी, समूह ८०, काठमाडौं
४. सदस्यः मनोज रौनियार, समूह ३३ चितवन
५. सदस्यः अमर तामाङ, समूह १८ काठमाडौँ

**(ख) मृत्युदण्डविरुद्धको अभियान विषयक राष्ट्रिय कार्यसमूह**
१. संयोजक : देवीप्रसाद भण्डारी, समूह २३, विराटनगर
२. सदस्यः ऋषिराम पोखेल, समूह ३५, काठमाडौं
३. सदस्यः पूर्णकुमार आङ्दाम्बे, समूह ४५, पाँचथर
४.सदस्यः माधवप्रसाद जोशी, समूह ४९, कञ्चनपुर
५.सदस्यः यज्ञमूर्ति आचार्य, समूह ३२, काठमाडौं

**(ग) महिला अधिकार राष्ट्रिय कार्यसमूह**
१. संयोजकः सुनिता हेमुखा, समूह ५०, भक्तपुर
२. सदस्य : सुष्मिता आचार्य, समूह ४६, जनकपुर
३. सदस्य : सीमा चन्द, समूह ६९, सुर्खेत
४. सदस्य : पूजा पोखरेल, समूह ८३, दमक

**(घ) People on the Move राष्ट्रिय कार्यसमूह**

१. संयोजकः जीवन फुयाँल, समूह २०, काठमाडौं
२. सदस्यः परशुराम पुडासैनी, समूह ८, काठमाडौं
३. सदस्यः निखिल पोखल, समूह १०, इनरूवा
४. सदस्यः नारायणनाथ योगी, समूह २, सुर्खेत
५. सदस्यः विष्णुप्रसाद दाहाल, समूह ३७, भद्रपुर

**(ङ) Individual Campaign राष्ट्रिय कार्य समूह**

१. संयोजकः उत्तम मानन्धर, समूह ४३, बनेपा
२. सदस्य : अर्जुनप्रसाद बञ्जरा, समूह ७२, पनौती
३. सदस्य : दामोदर यादव, समूह २४, बारा
४. सदस्य : युवराज डाँगी, समूह ६६, दाङ
५. सदस्य : चन्द्रकान्ता न्यौपाने, समूह ६४, चितवन

**(च) शिक्षक राष्ट्रिय समूह**

१.संयोजक : डा. माधव न्यौपाने, समूह २७, सुन्दरबजार, लमजुङ
२. सदस्य : गोविन्दबहादुर खड्का, समूह ५६, भक्तपुर
३. सदस्य : बब्रुवान दाहाल, समूह ६०, दमक, झापा
४. सदस्य : किरण सिल्पकार, समूह १७, भक्तपुर
५. सदस्य : हरिप्रसाद नेपाल, समूह ७५, दमक

## १०. लेखापरीक्षण

२५औं वार्षिक साधारणसभामा नेसनल बोर्डद्वारा प्रस्तुत लेखापरीक्षक नियुक्तिको प्रस्ताव गरिएका विभिन्न लेखापरीक्षकहरूमध्ये कुनै एकबाट लेखापरीक्षण गराउन सभाको निर्णयबाट राकासलाई अधिकार प्रत्यायोजन भएबमोजिम प्रस्तावितमध्येकै एक लेखापरीक्षक संस्थाद्वारा लेखापरीक्षण गराउने काम सम्पन्न भयो । लेखापरीक्षण प्रतिवेदनसबै समूहहरूमा प्रेषित गरिसकिएको हुँदा त्यसबाट संस्थाको आयव्यायको अवस्थाको बारेमा यस सभाका सभासदज्यूहरूले जानकारी हासिल गर्नुभएकै छ ।

सम्मानित यस सभाका अध्यक्षज्यू एवं सभासदज्यूहरू,

मानवअधिकार अभियानमा दृढ भई विश्वव्यापी रूपमा कार्यरत एम्नेस्टी इन्टरनेसनल परिवारका हामी सबै अभियन्ताहरू अगाडि आइपर्ने चुनौतीहरूको सामना गर्दै फरक ढङ्गमा निरन्तर अघि बढि नै रहनेछौं भन्ने दृढ विश्वास लिएको छु । एम्नेस्टी नेपालको नेसनल बोर्ड यस यात्रामा सदैव आबद्ध सदस्य र शुभचिन्तकहरूलाई साथ र सहयोग प्रदान गर्न हरदम तत्पर रहेको कुरा यहाँ दोहोऱ्याउन चाहन्छु ।

धन्यवाद ।



लेखनाथ (लक्ष्मी निरौला)
महासचिव
२०७४ भदौ २३

संलग्न अनुसूची १ - समूह तथा युथ नेटओर्कहरूले आ.व. २०७३/७४ मा गरेका कार्यक्रमहरूको नेसनल बोर्डमा प्राप्त जानकारी अनुसारको सूची

# अनुसूची १

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाका समूह, निर्माणाधिन समूह तथा युथ नेटवर्कहरूले गरेका २०७३ साउन १ गते (१६ जुलाई २०१६) देखि २०७४ असार मसान्त (१५ जुलाई २०१७) सम्मका कार्यक्रम/गतिविधिहरू निम्नानुसार छन् ।

| समूह /निर्माणाधिन समूह/युथ नेटवर्क | कार्यक्रम/गतिविधिहरू |
|---|---|
| समूह- १, धनकुटा | • २०७३ असोज ७ गते वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको अवसरमा कविताको माध्यमबाट मानवअधिकारसम्बन्धी जनचेतना जगाउनको लागि कविता प्रतियोगिता कार्यक्रमको आयोजना<br>• २०७४ जेठ १४ गते एम्नेस्टी दिवसको अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना । |
| समूह- २, सुर्खेत | • २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ १४ गते एम्नेस्टी दिवसको अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना । |
| समूह- ३, काठमाडौं | • २०७३ मंसिर १८ गते प्रशिक्षण कार्यशालाको आयोजना ।<br>• २०७३ मंसिर २५ गते मानवअधिकार दिवसको अवसरमा शान्ति र्‍यालीको आयोजना । |
| समूह- ४, तेह्रथुम | • २०७३ भाद्र ४ गते फिलिपिन्समा भएको हत्या तथा गैरन्यायिक थुनाका बारेमा हस्ताक्षर सङ्कलन कार्यक्रमको आयोजना । |
| समूह- ६, इटहरी | • २०७३ असोज २२ गते आप्रवासी श्रमिकअधिकारसम्बन्धी हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २५ गते मानवअधिकार दिवसको अवसरमा अन्तरक्रिया तथा शान्ति र्‍यालीको आयोजना ।<br>• ८ मार्च २०१७ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रमको आयोजना ।<br>• २०७४ बैशाख १ गते नयाँवर्षको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना ।<br>• २०७४ असार २६ गते समूह साधारणसभा सम्पन्न । |
| समूह- ७, महोत्तरी | • ८ मार्च २०१७ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रमको आयोजना । |
| समूह- ८, काठमाडौं | • २०७३ मंसिर २४ गते १० डिसेम्वरका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसियाको घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना । |
| समूह- १०, इनरुवा, सुनसरी | • २०७३ माघ १६ गते सहित दिवसको अवसरमा छलफल कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रमको आयोजना । |
| समूह- ११, विराटनगर, मोरङ्ग | • |
| समूह- १२, बुटवल, रुपन्देही | • २०७४ जेठ १४ गते एम्नेस्टी दिवसको अवसरमा मानवअधिकार विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना । |
| समूह- १३, रवि, पाँचथर | • |
| समूह- १४, उर्लाबारी, मोरङ्ग | • २०७३ मंसिर २४ गते १० डिसेम्वरका सन्दर्भमा विभिन्न संघसंस्थाका प्रतिनिधिहरुलाई सहभागी गराई मानव अधिकार सम्बन्धी प्रशिक्षण कार्यक्रमको आयोजना ।<br>• २०७३ फागुन २१ गते अन्तराष्ट्रिय महिला दिवसका अवसरमा महिला हिंसा र महिला अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना । |
| समूह- १५, जनकपुर | • |
| समूह- १६, वीरगञ्ज, पर्सा | • २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको अवसरमा दिप प्रज्वलन कायर्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २७ गते कक्षा ८, ९ र १० का विद्यार्थीहरूलाई मानव अधिकार प्रशिक्षण दिई मानवअधिकार घोषणापत्र वितरण गरियो ।<br>• २०७३ फागुन २५ गते महिलाहरूलाई मानवअधिकारसम्बन्धी प्रशिक्षण कार्यशालाको आयोजना |
| समूह- १७, भक्तपुर | • २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको अवसरमा एम्नेस्टीको लोगो अङ्कित दिप प्रज्वलन कायर्यक्रमको आयोजना ।<br>• २०७३ माघ २५ गते मानव अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना ।<br>• २०७३ बैशाख २९ गते नववर्ष २०७४ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना । |

| समूह /निर्माणाधिन समूह/युथ नेटवर्क | कार्यक्रम/गतिविधिहरू |
|---|---|
| समूह- १८, काठमाडौं | • २०७३ फागुन ६ गते मानवअधिकार : श्रमिक अधिकार विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना ।<br>• २०७३ फागुन २५ गते अन्तराष्ट्रिय महिला दिवसका अवसरमा मैनवत्ती प्रज्वलन कार्यक्रमको आयोजना ।<br>• २०७४ असार १५ गते टर्कीका एम्नेस्टी अध्यक्ष टानर किलिकको रिहाईको माग गर्दै हस्ताक्षर संकलन कार्यक्रमको आयोजना । |
| समूह- १९, रामेछाप | • |
| समूह- २०, काठमाडौं | • २०७३ फागुन २० गते अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा अन्तरक्रिया कार्यक्रमको आयोजना ।<br>• २०७४ बैशाख १ गते नयाँवर्षको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना ।<br>• २०७४ बैशाख १८ गते श्रमिक दिवसका अवसरमा आप्रवासी श्रमिकहरुको अधिकारका विषयमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ १९ गते सुडानका मानवअधिकार रक्षक डा.मुडाई इब्राहिमको रिहाईको माग गर्दै हस्ताक्षर संकलन कार्यक्रमको आयोजना । |
| समूह- २१, काठमाडौं | • २०७४ असार १ गते टर्कीका एम्नेस्टी अध्यक्ष टानर किलिकको रिहाईको माग गर्दै हस्ताक्षर सङ्कलन कार्यक्रमको आयोजना । |
| समूह- २२, धुलाबारी, झापा | • २०७३ मंसिर २४ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, टर्की, पेरु, क्यामरुन र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७४ माघ ११, १२ र १३ गते राष्ट्रिय स्वास्थ्य महोत्सवका अवसरमा आप्रवासी तथा मेरो शरीर मेरो अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रमको आयोजना । |
| समूह- २३, विराटनगर, मोरङ्ग | • |
| समूह- २४, बारा | • |
| समूह- २६, कोहलपुर, बाँके | • २०७३ पौष ३ गते आप्रवासी श्रमिक अधिकार सुनिश्चित गर्न अनुरोध गर्दै प्रमुख जिल्ला अधिकार समक्ष ज्ञापनपत्र बुझाएको । |
| समूह- २७, लमजुङ्ग | • २०७३ मंसिर २५ गते विश्व मानव अधिकार दिवसका सन्दर्भमा अन्तरक्रिया कार्यक्रमको आयोजना ।<br>• २०७३ फागुन २५ गते अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा महिला फुटबल प्रतियोगिताको आयोजना । |
| समूह- २८, अछाम | • |
| समूह- ३०, राजविराज | • |
| समूह- ३१, नवलपरासी | • |
| समूह- ३२, काठमाडौं | • २०७३ मंसिर २५ गते मानवअधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत मलावीको घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• |
| समूह- ३३, चितवन | • २०७३ मंसिर १८ गते जोहन टेरिशा इण्डोनेसियाका आस्थाका बन्दी र पेटर मुल्हाइकाको रिहाइको माग गर्दै हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २५ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, टर्की, पेरु र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ पौष २७ र माघ १० गते चितवन महोत्सवको परिसरमा मेरो शरीर मेरो अधिकार र आप्रवासी श्रमिक अधिकार सम्बन्धी पर्चा तथा पम्पलेट वितरण ।<br>• २०७४ जेठ १४ गते ५६औं एम्नेस्टी दिवसको अवसरमा शान्ति ऱ्याली, सुडानका मानवअधिकार रक्षक डा.मुडाई इब्राहिमको रिहाईको माग गर्दै हस्ताक्षर संकलन तथा मैनवत्ती प्रज्वलन कार्यक्रमको आयोजना । |
| समूह- ३४, काठमाडौं | • २०७३ जेठ १४ गत अन्तर्राष्ट्रिय बेपत्ता दिवस (३० अगस्ट) का अवसरमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• मिति २०७३ असोज १६ गते 'दण्डहीनता कहिलेसम्म ?' विषयक अन्तरक्रिया कार्यक्रमको |

| समूह /निर्माणाधिन समूह/युथ नेटवर्क | कार्यक्रम/गतिविधिहरू |
|---|---|
| | आयोजना ।<br>• २०७४ असार १६ गते भूकम्प पश्चात् नेपालमा भूमिहीन व्यक्तिहरूका लागि उचित आवासको अधिकार सुनिश्चित गर्न माग गर्दै हस्ताक्षर संकलन कार्यक्रमको आयोजना । |
| समूह- ३५, काठमाडौं | • २०७३ मंसिर १७ गते विद्यार्थीहरूका लागि मानवअधिकार र शिक्षा चेतनामूलक कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २५ गते १० डिसेम्वरका अवसरमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया घटनाका बारेमा हस्ताक्षर संकलन तथा दिप प्रज्वलन कार्यक्रमको आयोजना । |
| समूह- ३६, प्यूठान | • |
| समूह- ३७, भद्रपुर, झापा | • २०७३ मंसिर २५ गते १० डिसेम्वरका अवसरमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना । |
| समूह- ३८, दोलखा | • |
| समूह- ३९, नुवाकोट | • २०७३ मंसिर २४ गते १० डिसेम्वरका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसियाको घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ माघ १५ गते आप्रवासी श्रमिकअधिकार सम्बन्धी प्रशिक्षण कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ १४ गते ५६औं एम्नेस्टी दिवसको अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना |
| समूह- ४०, कावासोती, नवलपरासी | • |
| समूह- ४१, विराटनगर, मोरङ्ग | • २०७३ मंसिर १३ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, टर्की, पेरु, क्यामरुन र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना । |
| महिला समूह- ४२, गोरखा | • २०७३ मंसिर २३ गते विश्व मानव अधिकार दिवसका सन्दर्भमा “नेपाल पूर्ण दण्डहीनताको अवस्था” विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना । |
| समूह- ४३, बनेपा, काभ्रेपलाञ्चोक | • २०७३ मंसिर १७ गते विश्व मानव अधिकार दिवसका सन्दर्भमालल बनेपा नगरव्यापी चित्रकला प्रतियोगिता कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २४ गते १० डिसेम्वरका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसियाको घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ चैत १२ गते युवाहरुको लागि मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना ।<br>• २०७४ बैशाख १७ गते १२८औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा छलफल कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ १४ गते ५६औं एम्नेस्टी दिवसको अवसरमा ५६औं अंकित मैनवत्ती प्रज्वलन गरी केक काटेर एम्नेस्टी दिवस मनाईयो ।<br>• २०७४ जेठ १५ गते ५६औं एम्नेस्टी दिवसको अवसरमा “दण्डहीनता अन्त्यका लागि स्थानीयतहको भूमिका” विषयक प्रवचन कार्यक्रमको आयोजना । |
| समूह- ४५, पाँचथर | • |
| महिला समूह- ४६, जनकपुर, धनुषा | • |
| समूह- ४७, म्याग्दी | • |
| समूह- ४८, बाग्लुङ्ग | • |
| समूह- ४९, कञ्चनपुर, महाकाली | • २०७४ जेठ १४ गते ५६औं एम्नेस्टी दिवसको अवसरमा दण्दहीनता अन्त्यको माग गर्दै हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७४ असार २६ मा समूह साधारणसभा सम्पन्न । |
| समूह- ५०, भक्तपुर | • २०७३ मंसिर १३ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, टर्की, पेरु, क्यामरुन र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ २० गते ५६औं एम्नेस्टी दिवसको अवसरमा भूकम्प पश्चात नेपालमा भूमिहीन व्यक्तिहरुकालागि उचित आवासको अधिकार सुनिश्चित गर्न माग गर्दै हस्ताक्षर संकलन कार्यक्रमको आयोजना । |
| समूह- ५२, बर्दिया | • २०७३ भाद्र १४ गते बेपत्ता दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रमको आयोजना । |

| समूह /निर्माणाधिन समूह/युथ नेटवर्क | कार्यक्रम/गतिविधिहरू |
|---|---|
| | • २०७३ मंसिर २५ गते १० डिसेम्वरका अवसरमा अन्तरक्रिया कार्यक्रमको आयोजना। <br>• २०७४ वैशाख १८ गते मे दिवसको अवसरमा जनचेतनामूलक कार्यक्रमको आयोजना। |
| समूह- ५४, पोखरा, काँस्की | • २०७३ मंसिर २५ गते १० डिसेम्वरका अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना। |
| समूह- ५६, भक्तपुर | • |
| समूह- ५७, जनकपुर | • २०७३ भाद्र १४ गते बेपत्ता दिवसको अवसरमा शान्ति ऱ्याली तथा दिप प्रज्वलन कार्यक्रमको आयोजना। <br>• २०७३ मंसिर १३ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, टर्की, पेरु, क्यामरुन र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना। <br>• २०७३ मंसिर २४ गते मानव अधिकार दिवसको अवसरमा शान्ति ऱ्याली तथा दिप प्रज्वलन कार्यक्रमको आयोजना। |
| समूह- ५८, विर्तामोड, झापा | • २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको अवसरमा शान्ति ऱ्यालीको आयोजना। |
| समूह- ६०, दमक, झापा | • २०७३ मंसिर २४ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, पेरु, र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा फ्लाक्सोमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना। <br>• २०७३ मंसिर २३ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, पेरु, र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा फ्लाक्सोमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना। <br>• २०७३ मंसिर २४ गते १० डिसेम्वरका सन्दर्भमा लैङ्गिक हिंसाका सम्बन्धमा अन्तरक्रिया कार्यक्रमको आयोजना। |
| समूह- ६१, पाटन, ललितपुर | • २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको सन्दर्भमा दिप प्रज्वलन कार्यक्रमको आयोजना <br>• २०७४ जेठ ५ गते मानवअधिकार सम्बन्धी जनचेतनाका लागि अन्नपूर्ण माविका कक्षा ८ र ९ का विद्यार्थीहरूलाई मानव अधिकार प्रशिक्षण कार्यशालाको आयोजना। |
| समूह- ६२, नेपालगञ्ज, बाँके | • |
| समूह- ६३, इटहरी, सुनसरी | • |
| समूह- ६४, चित्रवन, चितवन | • २०७३ साउन २ गते न्याय दिवसको अवसरमा शान्ति ऱ्यालीको आयोजना। <br>• २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको सन्दर्भमा अन्तरक्रिया कार्यक्रमको आयोजना। <br>• २०७४ जेठ २९ गते बालश्रम विरुद्धको दिवसको अवसरमा बालश्रम विषयमा छलफल कार्यक्रमको आयोजना। <br>• २०७४ असार १३ गते समूह साधारणसभा सम्पन्न। |
| समूह- ६६, दाङ्ग | • २०७३ भाद्र १४ गते ३४औं अन्तर्राष्ट्रिय बेपत्ता दिवसको अवसरमा शान्ति ऱ्यालीको आयोजना <br>• २०७३ कार्तिक १४ गते दिपावलीको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना <br>• २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना। <br>• २०७४ असार ३१ गते समूह सधारणसभा सम्पन्न। |
| समूह- ६७, हेटौडा, मकवानपुर | • २०७३ पौष २३ गते समूह साधारणसभा तथा इन्द्रबहादुर श्रेष्ठ स्मृति मानव अधिकार सम्मान २०७३ सम्पन्न। <br>• २०७३ मंसिर २३ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, टर्की, पेरु, क्यामरुन र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना। |
| समूह- ६८, नेपालगञ्ज, बाँके | • |
| समूह- ६९, सुर्खेत | • २०७३ भाद्र १४ गते बेपत्ता दिवसको अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना। <br>• २०७३ असोज २० गते वडा दशैं, शुभ दिपावली तथा छठको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना। <br>• २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना। <br>• २०७३ पौष १५ देखि १७ गते सम्म दण्डहीनता अन्त्य गरौ भन्ने मूल नाराका साथ अन्तर माविस्तरीय फुटवल प्रतियोगिताको आयोजना। |

| समूह /निर्माणाधिन समूह/युथ नेटवर्क | कार्यक्रम/गतिविधिहरू |
|---|---|
| | • २०७३ माघ १५ गते एम्नेस्टी अभियान तथा मानवअधिकार सम्बन्धी अनुशिक्षण कार्यक्रमको आयोजना ।<br>• २०७४ बैशाख १ गते नयाँवर्षको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ १४ गते एम्नेस्टी दिवसको अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना । |
| समूह- ७०, काँकडभिट्टा, झापा | • |
| समूह- ७२, पनौती, काभ्रेपलाञ्चाक | • २०७३ साउन १८ गते आप्रवासी श्रमिक अधिकार सम्बन्धमा हस्ताक्षर सङकलनकार्यक्रमको आयोजना । |
| समूह- ७३, विराटनगर, मोरङ्ग | • २०७४ बैशाख २ गते शुभकामना आदान-प्रदान कार्यक्रमको आयोजना । |
| समूह- ७५, दमक, झापा | • २०७३ भदौ १२ गते दण्डहीनता विषयमा प्रचारात्म कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २४ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, पेरु, र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा फ्लाक्सोमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २६ गते विश्व मानव अधिकार दिवसका सन्दर्भमा शान्ति र्‍यालीको आयोजना । |
| समूह- ७६, गोरखा | • २०७३ साउन २९ गते भूकम्प पछि पुननिर्माणका विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना<br>• २०७३ कार्तिक १० गते भूकम्प पछि पुननिर्माणका विषयमा प्रमुख जिल्ला अधिकारीज्यूलाई ज्ञापनपत्र बुझाइयो ।<br>• २०७३ मंसिर २४ गते दण्डहीनता विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना । |
| समूह- ७८, लालबन्दी, सर्लाही | • |
| समूह- ८०, काठमाडौं | • २०७३ मंसिर २६ गते विश्व मानव अधिकार दिवसका सन्दर्भमा लेटरराइटिङ्ग म्याराथन अन्तर्गत हस्ताक्षर संकलन कार्यक्रमको आयोजना । |
| समूह- ८२, पोखरा, कास्की | • २०७३ मंसिर २५ गते १० डिसेम्वरका अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ १४ गते ५६औं एम्नेस्टी दिवसको अवसरमा दण्दहीनता अन्त्यको माग गर्दै हस्ताक्षर संकलन र दिप प्रज्वलन कार्यक्रमको आयोजना । |
| समूह- ८३, दमक, झापा | • २०७३ मंसिर २४ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, पेरु, र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा फ्लाक्सोमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २३ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, पेरु, र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा फ्लाक्सोमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २४ गते १० डिसेम्वरका सन्दर्भमा लैङ्गिक हिंसाका सम्बन्धमा अन्तरक्रिया कार्यक्रमको आयोजना । |
| व्यापारिक समूह- ८६, काँकडभिट्टा, झापा | • |
| समूह- ८७, काँकडभिट्टा, झापा | • २०७४ जेठ ३० गते बालअधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रमको आयोजना । |
| समूह- ८९, टिकापुर, कैलाली | • २०७३ मंसिर २५ गते १० डिसेम्वरका अवसरमा नेपालः पूर्ण दण्डहीनताको मार्गमा विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना । |
| सरलामाई निर्माणाधिन समूह, सर्लाही | • |
| मिडिया निर्माणाधिन समूह, काठमाडौं | • २०७३ जेठ ७ गते "द्वन्द्व पीडितका समस्या र समाधानका उपाय" विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना । |
| सोसियल वर्कर निर्माणाधिन समूह, चितवन | • २०७३ श्रावण २ गते न्याय दिवसको अवसरमा "नेपालको संक्रमणकालीन न्यायको अनिश्चितता" विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना ।<br>• २०७३ भदौ १४ गते वेपत्ताहरुको लागि अन्तर्राष्ट्रिय दिवसका अवसरमा दवावमूलक शान्ति र्‍यालीको आयोजना । |
| कञ्चनपुर महिला | • |

| **समूह /निर्माणाधिन समूह/युथ नेटवर्क** | **कार्यक्रम/गतिविधिहरू** |
|---|---|
| निर्माणाधिन समूह, कञ्चनपुर | |
| बुटवल महिला निर्माणाधिन समूह, रुपन्देही | • |
| जलेश्वरनाथ महिला निर्माणाधिन समूह, महोत्तरी | • २०७३ मंसिर २४ गते १० डिसेम्वरका सन्दर्भमा शान्ति ऱ्याली तथा प्रदर्शन कार्यक्रमको आयोजना । |
| | युथ नेटवर्कहरू |
| काठमाडौं युथ नेटवर्क काठमाडौं (समूह- ३, काठमाडौं अन्तर्गत) | • २०७३ असोज ८ गते साधारणसभा सम्पन्न ।<br>• २०७३ मंसिर १८ गते एम्नेस्टी इन्टरनेसनल तथा मानवअधिकार विषयक प्रशिक्षण कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २७ र २८ गते १० डिसेम्वरका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, टर्की र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना । |
| काठमाडौं युनिभर्सिटी युथ नेटवर्क, धुलीखेल | • २०७३ पौष ४ गते आप्रवासी कामदारको अधिकारका विषयमा छलफल तथा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ पौष २३ गते लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, टर्की, पेरु, क्यामरुन र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना<br>• २०७३ फागुन ३० गते साधारणसभा सम्पन्न ।<br>• २०७३ फागुन ३० गते चित्रकला, कविता तथा वक्तृत्वकला प्रतियोगिताको आयोजना । |
| काँक्रेविहार युथ नेटवर्क, सुर्खेत | • २०७३ पौष १५ देखि १७ गते सम्म दण्डहीनता अन्त्य गरौं भन्ने मूल नाराका साथ अन्तर माविस्तरीय फुटवल प्रतियोगिताको आयोजना ।<br>• २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना ।<br>• २०७३ चैत १९ गते साधारणसभा सम्पन्न ।<br>• २०७४ जेठ १४ गते एम्नेस्टी दिवसको अवसरमा दिप प्रज्वलन कार्यक्रमको आयोजना । |
| बाराही युथ नेटवर्क, पोखरा | • २०७३ भाद्र १४ गते पोखरा स्थित दिप प्रजलन सहित हस्ताक्षर संकलन गरियो ।<br>• २०७३ मङसिर १६ गते लामाचौरमा विश्व **AIDS** दिवसको अवसरमा पोखरा स्थित चिप्लेढुङ्गा मा ऱ्यालिका साथ साथै दिप प्रज्वलन गरियो ।<br>• २०७३ साल फाल्गुण २७ गते दण्डहिनता विरुद्ध अन्तरक्रिया कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ १४ गते ५६औं एम्नेस्टी दिवसको अवसरमा दण्डहीनता अन्त्यको माग गर्दै हस्ताक्षर संकलन र दिप प्रज्वलन कार्यक्रमको आयोजना ।<br>• २०७४ असार ३ गते साभारणसभा सम्पन्न । |
| पिस भिजन युथ नेटवर्क, भक्तपुर | • |
| बनेपा युथ नेटवर्क, बनेपा | • २०७३ मंसिर १७ गते विश्व मानव अधिकार दिवसका सन्दर्भमा बनेपा नगरव्यापी चित्रकला प्रतियोगिता कार्यक्रमको आयोजना ।<br>• २०७३ पौष ५ गते लेटर राइटिङ्ग म्याराथन अन्तर्गत मलावीको घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ माघ १६ गते साधारणसभा सम्पन्न ।<br>• २०७४ बैशाख १७ गते १२८औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा छलफल कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ १५ गते ५६औं एम्नेस्टी दिवसको अवसरमा "दण्डहीनता अन्त्यका लागि स्थानीयतहको भूमिका" विषयक प्रवचन कार्यक्रमको आयोजना । |
| रामपुर युथ नेटवर्क, चितवन | • २०७३ साउन १२ गते मेरो शरीर मेरो अधिकार अन्तर्गत पाठेघर खस्ने समस्या सम्बन्धी जनचेतनामूलक भिडियो प्रदर्शन कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर १३ गते १० डिसेम्वरका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, टर्की, पेरु, क्यामरुन र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २५ गते १० डिसेम्वरका अवसरमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत "रन फर राइट्स म्याराथन" दौड कार्यक्रमको आयोजना |

| समूह /निर्माणाधिन समूह/युथ नेटवर्क | कार्यक्रम/गतिविधिहरू |
|---|---|
| | • २०७३ फागुन २९ गते होलीको अवसरमा फेस पेण्ट कम्पिटीसनको आयोजना ।<br>• २०७३ चैत १० गते साधारणसभा सम्पन्न ।<br>• २०७४ बैशाख ५ गते सिरियामा भएको नरसंहारको सन्दर्भमा ऱ्याली तथा फ्लासमोब कार्यक्रमको आयोजना ।<br>• २०७४ जेठ १४ गते ५६औं एम्नेस्टी दिवसको अवसरमा शान्ति ऱ्याली, सुडानका मानवअधिकार रक्षक डा.मुडाई इब्राहिमको रिहाईको माग गर्दै हस्ताक्षर संकलन तथा मैनवत्ती प्रज्वलन कार्यक्रमको आयोजना । |
| जोसेफ युथ नेटवर्क, काठमाडौं | • २०७३ मंसिर २६ गते विश्व मानव अधिकार दिवसका सन्दर्भमा लेटरराइटिङ्ग म्याराथन अन्तर्गत हस्ताक्षर संकलन कार्यक्रमको आयोजना । |
| विर्तामोड युथ नेटवर्क, विर्तामोड, झापा | • २०७३ मंसिर २५ गते मानव अधिकार दिवसको अवसरमा शान्ति ऱ्यालीको आयोजना । |
| दमक युथ नेटवर्क, दमक, झापा | • २०७३ कार्तिक १५ गते तिहार विशेष कार्यक्रममा शुभकामना आदान-प्रदान तथा सामूहिक देउसीकार्यक्रमको आयोजना ।<br>• २०७३ मंसिर २४ गते मानव अधिकार दिवसका सन्दर्भमा लेटर राइटिङ्ग म्याराथन अन्तर्गत इन्डोनेसिया, पेरु, र मलावीका छुट्टाछुट्टै घटनाका बारेमा फ्लाक्सोमा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना ।<br>• २०७३ माघ २९ गते साधारणसभा सम्पन्न ।<br>• २०७३ माघ २९ कार्यसमिति सदस्यहरुको लागि प्रशिक्षण कार्यशालाको आयोजना ।<br>• २०७३ फागुन २५ गते अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा शान्ति ऱ्यालीको आयोजना ।<br>• २०७४ जेठ १४ गते ५६औं एम्नेस्टी स्थापना दिवसको अवसरमा मैनवत्ती प्रज्वलन कार्यक्रमको आयोजना । |
| रत्ननगर क्रियटिभ युथ नेटवर्क, चितवन | • २०७४ जेठ १४ गते ५६औं एम्नेस्टी दिवसको अवसरमा शान्ति ऱ्याली, सुडानका मानवअधिकार रक्षक डा.मुडाई इब्राहिमको रिहाईको माग गर्दै हस्ताक्षर संकलन तथा मैनवत्ती प्रज्वलन कार्यक्रमको आयोजना । |
| डाइनामिक युथ नेटवर्क, काठमाडौं | • |
| पाल्पा युथ नेटवर्क, पाल्पा (२०१२) | • |
| फ्युजन युथ नेटवर्क, भक्तपुर (२०१२) | • २०७३ माघ १५ गते साधारणसभा तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न । |
| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | १०.१ (यस उपदफाको शीर्षक) | | | • यसरी उपदफाको शीर्षक हटाइ गरिएको परिवर्तनले विधानको विद्यमान प्रावधानमा कुनै फेरवदल गरेको छैन । |
| २३. | भाग ४, दफा १०, उपदफा १०.१ (क) | **(क) नेसनल बोर्डको गठन:** एम्नेस्टी नेपाल नेपालको वार्षिक साधारणसभाको अन्तरालमा आवश्यक पर्ने नीतिगत निर्णय गर्न एवं एम्नेस्टी नेपाल नेपालको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि निम्न वमोजिमको नेसनल बोर्ड गठन हुने छ ।<br>• अध्यक्ष: १<br>• उपाध्यक्ष: १ जना<br>• महासचिव: १ जना<br>• कोषाध्यक्ष: १ जना<br>• उपमहासचिव: १ जना<br>• सदस्यहरू : ६ जना | **(क) नेसनल बोर्डको गठन:** एम्नेस्टी नेपाल नेपालको वार्षिक साधारणसभाको अन्तरालमा आवश्यक पर्ने नीतिगत निर्णय गर्न एवं एम्नेस्टी नेपाल नेपालको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कना लागि निम्न वमोजिमको नेसनल बोर्ड गठन हुने छ ।<br>• अध्यक्ष: १<br>• उपाध्यक्ष: १ जना<br>• महासचिव: १ जना<br>• कोषाध्यक्ष: १ जना<br>• उपमहासचिव: १ जना<br>• सदस्यहरू : ६ जना ***(कम्तिमा एक महिला सहित दुईजना युवा सदस्य सहित)*** | • एम्नेस्टी नेपाल नेपालको ६ जना बोर्ड सदस्यहरुमध्ये २ जना बोर्ड सदस्य युवा सदस्यहरुमध्येबाट निर्वाचित हुने व्यवस्था रहेको हुँदा सो कुरालाई यस उपदफामा स्पष्ट हुने गरी उल्लेख गर्न ।<br>• यसरी उपदफालाई थप स्पष्ट बनाउँदा विधानको विद्यमान प्रावधानमा कुनै फेरवदल भएको छैन । |
| २४. | भाग ४, दफा १०, उपदफा १०.१ (ख) (२) | ***(२) तोकिए वमोजिम चयनहुने गरी युथ नेटवर्कबाट कम्तिमा एकजना महिला सहित दुईजना सदस्य ।*** | ***(२) नेसनल बोर्ड पदाधिकारीहरुमा यस विधानको भाग ४, दफा १० को उपदफा (१) (ख) (१) अनुसार परिषद बैठकबाट निर्वाचित हुने ९ (नौ) जना र २ (दुई) जना बोर्ड पदाधिकारीको निर्वाचन युथ नेटवर्क सदस्यहरुमध्येबाट गरिनेछ । युवा नेसनल बोर्ड सदस्यको निर्वाचन तोकिए बमोजिम हुनेछ, जसमा कम्तिमा एकजना महिला रहने छन् ।*** | • यस उपदफाको भाषा स्पष्ट र विस्तृत बनाएको ।<br>• यसरी उपदफालाई थप स्पष्ट बनाउँदा विधानको विद्यमान प्रावधानमा कुनै फेरवदल भएको छैन । |
| २५. | भाग ४, दफा १०, उपदफा १०.१ (ख) (३) | ***(३) उल्लेखित १ (ग) र २ अनुसरका सदस्यहरु मध्येवाट तोकिए अनुसार दफा १०.१ (क) को वाँकी पदाधिकारीहरुको कार्यविभाजन हुने छ ।*** | ***(३) यसरी विधानको भाग ४, दफा १० को उपदफा (१) (ग) र भाग ४, दफा १० को उपदफा (२) अनुसारका सदस्यहरु मध्येवाट दफा १०.१ (क) को वाँकी पदाधिकारीहरु (उपाध्यक्ष, महासचिव र उपमहासचिव) को नियुक्ति हुनेछ । यस्तो नियुक्ति नेसनल बोर्ड बैठकबाट गरिनेछ ।*** | • यस उपदफाको भाषा स्पष्ट र विस्तृत बनाएको ।<br>• यसरी उपदफालाई थप स्पष्ट बनाउँदा विधानको विद्यमान प्रावधानमा कुनै फेरवदल भएको छैन । |
| २६. | भाग ४, दफा १०, उपदफा १०.१ (ख) ( | ***(४) निर्वाचन प्रयोजनका लागि नेसनल बोर्डले निर्वाचन हुने मिति तोक्ने समयमा संस्थाका पूर्व अध्यक्ष मध्येवाट एक जनाको संयोजनमा*** | ***(४) निर्वाचन प्रयोजनका लागि नेसनल बोर्डले निर्वाचन हुने मिति तोक्ने समयमा निर्वाचन समिति गठन गर्ने छ । निर्वाचन समिति*** | • यस उपदफाको विद्यमान प्रावधान केही सिमित भएको हुँदा कार्यान्वयनका बेला व्यवहारिक रुपमा कठिनाई |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संसोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | ४) | *निष्पक्ष निर्वाचन समिति गठन गर्ने छ ।* | *तोकिए बमोजिम हुनेछ ।* | पनि हुन सक्ने भएकोले दायरा फराकिलो हुने गरी परिवर्तन गरिएको । |
| २७. | भाग ४, दफा १०, उपदफा १०.१ (ख) (घ) | *(घ) कुनै कारण वस यस निर्वाचन प्रयोजनका लागि पूर्व अध्ययक्षहरु मध्येवाट सयोजक तोक्न संभव नभएमा पूर्व उपाध्यक्ष वा महासचिव समेतलाई संयोजकमा तोक्न सकिने छ ।* | *हटाउने* | • यो उपदफामा उल्लेख भएको कुरा यहाँ आवश्यक नभएकोले हटाइएको । |
| २८. | भाग ४, दफा १०, उपदफा १०.१ (ख) (ङ) | *(ङ)* निर्वाचनसम्बन्धि कार्यविधि अन्यथा तोकिएकामा बाहेक *संयोजक वा* निर्वाचन समितिले तोकेबमोजिम हुने छ । | *(५)* निर्वाचनसम्बन्धि कार्यविधि अन्यथा तोकिएकामा बाहेक निर्वाचन समितिले तोकेबमोजिम हुने छ । | • (ङ) लाई (५) उल्लेख गरी नम्बर मिलान गरेको ।<br>• निर्वाचन ***"संयोजक"*** को विधानमा कतै व्यवस्था नभएको तर सो शब्द रहिआएकोले उक्त शब्दलाई हटाएको । |
| २९. | भाग ४, दफा १०, उपदफा १०.१ (ख) (ङ) पछिको (ग) | *(ग) उमेदवारको क्षमता र दक्षता मूल्यांकन समिति* (नोमिनेसन कमिटि) | (६) नोमिनेसन कमिटि | • (ग) लाई (६) उल्लेख गरी नम्बर मिलान गरेको ।<br>• उपदफाको शीर्षकलाई छरितो बनाएको ।<br>• उपदफाको शीर्षक छरितो बनाउँदा विधानको विद्यमान प्रावधानमा कुनै फेरवदल भएको छैन । |
| ३०. | भाग ४, दफा १०, उपदफा १०.१ (ख) (ङ) पछिको (ग) भित्रको - क) | *(क) संस्थाको पूर्व अध्यक्षको संयोजकत्वमा तिन सदस्यीय नोमिनेसन कमिटी गठन गरिने छ । यस कमिटिले तोकिए अनुसार नेसनल बोर्डका उमेदवारहरुको क्षमता र दक्षताको मूल्यांकन गर्नेछ ।* | *(क) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिने व्यक्तिको क्षमता तथा दक्षता मूल्याङ्कन गर्न नेसनल बोर्डले एक नोमिनेसन कमिटि गठन गर्ने छ । जसमा संयोजक र दुई जना सदस्य रहनेछन् ।* | • यस उपदफाको विद्यमान प्रावधान अनुसार कमिटिका पदाधिकारीहरु को हुन सक्ने प्रावधान केही सिमित भएको हुँदा कार्यान्वयनका बेला व्यवहारिक रुपमा कठिनाई पनि हुन सक्ने भएकोले दायरा फराकिलो हुने गरी परिवर्तन गरिएको ।<br>• नोमिनेसन कमिटिको गठन कस्ले र कसरी गर्ने भन्ने कुरा विधानको विद्यमान व्यवस्थामा स्पष्ट नभएकोले त्यसलाई स्पष्ट पारेको । |
| ३१. | भाग ४, दफा १०, उपदफा १०.१ (ख) (ङ) पछिको (ग) भित्रको (ख) | *(ख) यस कमिटिले साधारण सदस्यहरु मध्येवाट पनि एआईको पदिदृश्य, उदेश्य, मूल आदर्श वुभ्केका क्षमता र दक्षवान व्यितित्वहरुलाई नेतृत्वमा आउनको लागि त्यस्ता व्यक्तिहरुको पहिचान गरि उनिहरुलाई नेसनल बोर्डको उमेदवारीको लागि प्रोत्साहित र* | *(ख) यस कमिटिले एआईको परिदृश्य, उद्देश्य र मूल आदर्श वुभ्केका एवं एम्नेस्टी नेपाल नेपालको बोर्डमा रही कार्य गर्न दक्षता हासिल गरेका व्यक्तिहरुको पहिचान गरी उनीहरुलाई नेसनल बोर्डको निर्वाचनमा उमेदवारी दिन प्रोत्साहित र आमन्त्रित गर्न सक्नेछ* | • यस उपदफाको भाषा स्पष्ट पारेको । |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संसोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | *आमन्त्रित गर्न सक्ने छ ।* | *।* | |
| ३२. | भाग ४, दफा १०, उपदफा १०.१ (ख) (ङ) पछिको (ग) भित्रको (ख) पछि<br><br>थप गर्ने | थप गर्ने | *(ग) नेसनल बोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिन चाहने एम्नेस्टी नेपाल समूहका सदस्यहरुले सम्बन्धित पदमा कार्य गर्नका लागि आफूसँग भएको योग्यता र क्षमता लगायतका विषय उल्लेख गरी तोकिए बमोजिमको चाहनापत्र कमिटिसमक्ष पेश गर्नु पर्नेछ ।*<br>*(घ) कमिटीमा प्राप्त हुन आएका चाहनापत्रहरुको आधारमा सम्बन्धित पदमा नीजको योग्यता र क्षमता पुगे नपुगेको विषयमा मूल्याङ्कन गरी उक्त उम्मेदवारी सम्बन्धमा नोमिनेसन कमिटिले सिफारिश गर्न सक्नेछ । उम्मेदवारी दिनु अगावै उक्त व्यक्तिले एम्नेस्टी नेपालको सदस्यता भने लिएको हुनुपर्दछ ।*<br>*(ङ) कमिटिको गठन एवं काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।* | ● नोमिनेसन कमिटि सम्बन्धी थप विषय स्पष्ट पार्न ३ वटा उपदफा थप गरिएको । |
| ३३. | भाग ४, दफा १०, उपदफा १०.३ (उपदफाको शीर्षक) | **१०.३. *राष्ट्रिय कार्यसमिति*को काम, कर्तव्य र अधिकार** | **१०.३. *नेसनल बोर्ड*को काम, कर्तव्य र अधिकार** | ● *"राष्ट्रिय कार्यसमिति"* को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको भएतापनि यस उपदफामा पुरानै नाम उल्लेख भएकोले संशोधन गरेको । |
| ३४. | भाग ४, दफा १०, उपदफा १०.३ (क) | (क) एम्नेस्टी इन्टरनेसनलको *अन्तर्राष्ट्रिय परिषद् बैठक (आई.सी.एम.)* र *अन्तर्राष्ट्रिय कार्य समिति (आई. ई. सी)* एवं अन्तर्राष्ट्रिय सचिवालय (आई. एस.) का निर्णयहरू कार्यान्वयन गर्ने गराउने । *तथा सूचना, निर्देशन र प्रकाशनहरू प्रचार प्रसार गर्ने गराउने,*<br>*स्पष्टीकरण: तर एम्नेस्टी नेपाल का आन्तरिक दस्तावेजहरूको सार्वजनिक रूपमा प्रचारप्रसार भने गर्न सकिने छैन ।* | (क) एम्नेस्टी इन्टरनेसनलको ***ग्लोबल एसेम्ब्ली*** र ***इन्टरनेसनल बोर्ड*** एवं अन्तर्राष्ट्रिय सचिवालय (आई. एस.) का निर्णयहरू कार्यान्वयन गर्ने गराउने । | ● एम्नेस्टी नेपाल को "अन्तर्राष्ट्रिय परिषद बैठक (आई.सी.एम.)" को नाम "ग्लोबल एसेम्ब्ली" एवं "अन्तर्राष्ट्रिय कार्यसमिति (आई.ई.सी.)" को नाम "इन्टरनेसनल बोर्ड" भनी परिवर्तन भएकोलेले सोही अनुसार भाषा मिलान गरेको ।<br>● उपदफामा रहेका केही कुराहरु यहाँ उल्लेख नभए पनि फरक नपर्ने भएकोले हटाइएको । |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संसोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| ३५. | भाग ४, दफा १०, उपदफा १०.३ (घ) | (घ) *राष्ट्रिय कार्यसमिति*लाई आवश्यक सल्लाह दिन बढीमा तीन *सदस्यीय* सल्लाहकार *समितिको गठन* गर्न सक्ने, | (घ) *नेसनल बोर्ड*लाई आवश्यक सल्लाह दिन बढीमा तीन *जना* सल्लाहकार *नियुक्त* गर्न सक्ने, | • *"राष्ट्रिय कार्यसमिति"* को नाम *"नेसनल बोर्ड"* भनी परिवर्तन भैसकेको भएतापनि यस उपदफामा पुरानै नाम उल्लेख भएकोले संशोधन गरेको ।<br>• साथै एम्नेस्टी नेपाल नेपालमा *"सल्लाहकार समिति"* गठन गर्ने गरिएको नभएर *"सल्लाहकार नियुक्त"* गर्ने गरिएकोले सोही अनुसार विधानको भाषा मिलाएको । |
| ३६. | भाग ४, दफा १०, उपदफा १०.३ (छ) | (छ) कुनै सदस्यको सदस्यता; निर्माणाधीन तथा मान्यता प्राप्त समूह, युथ नेटवर्क वा *राकास*का पदाधिकारी तथा सदस्यहरूलाई विधान र नियमावली अनुरूप निलम्बन, निष्कासन वा खारेज गर्ने, | (छ) कुनै सदस्यको सदस्यता; निर्माणाधीन तथा मान्यता प्राप्त समूह, युथ नेटवर्क वा *नेसनल बोर्ड*का पदाधिकारी तथा सदस्यहरूलाई विधान र नियमावली अनुरूप निलम्बन, निष्कासन वा खारेज गर्ने, | • *"राष्ट्रिय कार्यसमिति"* को नाम *"नेसनल बोर्ड"* भनी परिवर्तन भैसकेको भएतापनि यस उपदफामा पुरानै नाम उल्लेख भएकोले संशोधन गरेको । |
| ३७. | भाग ४, दफा १०, उपदफा १०.४ | १०.४. **अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार,**<br>*राष्ट्रिय कार्यसमिति*का अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ : | १०.४. **अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार,**<br>*नेसनल बोर्ड*का अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ : | • *"राष्ट्रिय कार्यसमिति"* को नाम *"नेसनल बोर्ड"* भनी परिवर्तन भैसकेको भएतापनि यस उपदफामा पुरानै नाम उल्लेख भएकोले संशोधन गरेको । |
| ३८. | भाग ४, दफा १०, उपदफा १०.४ (१) (क) | (क) *राकास* बैठकको अध्यक्षता तथा सञ्चालन गर्ने, | (क) *नेसनल बोर्ड* बैठकको अध्यक्षता तथा सञ्चालन गर्ने, | • *"राकास"* को नाम *"नेसनल बोर्ड"* भनी परिवर्तन भैसकेको भएतापनि यस उपदफामा पुरानै नाम उल्लेख भएकोले संशोधन गरेको । |
| ३९. | भाग ४, दफा १०, उपदफा १०.४ (१) (ख) | *(ख) मतदानको कार्यमा मत बराबर भएमा निर्णायक मत दिने,* | *(ख) एम्नेस्टी नेपाल नेपालको निर्देशकको नियुक्ति गर्ने र नीजको कामको सुपरीवेक्षण एवं कार्यसम्पादन मूल्याङ्कन गर्ने ।* | • यस उपदफामा विद्यमान प्रावधान यहाँबाट हटाउँदा पनि फरक नपर्ने भएकोले हटाई उपदफा नंबर खाली गराइएको ।<br>• खाली भएको उपदफा नंबरमा अध्यक्षको एक प्रमुख काम (जो यसअघि विधानमा उल्लेखित थिएन) लाई समावेश गरेको । |
| ४०. | भाग ४, दफा १०, | *(क) अध्यक्षलाई निजको काममा सहयोग गर्ने,* | *पूरै हटाउने ।* | • यो उपफामा उल्लेख गरिएको विषय खासै |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
| --- | --- | --- | --- | --- |
| | उपदफा १०.४ (२) (क) | | | आवश्यक नभएकोले हटाइएको । |
| ४१. | भाग ४, दफा १०, उपदफा १०.४ (२) को (ख) देखि (घ) | *(ख)* अध्यक्षले तोकेको जिम्मेवारी पूरा गर्ने,<br>*(ग)* अध्यक्षको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र<br>*(घ)* तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने । | ***(क)*** अध्यक्षले तोकेको जिम्मेवारी पूरा गर्ने,<br>***(ख)*** अध्यक्षको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र<br>***(ग)*** तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने । | • भाग ४, दफा १०, उपदफा १०.४ (२) को (क) हटाइएको कारण (ख) देखि (घ) लाई क्रमशः (क) देखि (ग) मा कायम गरी नंबर परिवर्तन गरेको ।<br>• केवल नम्बर परिवर्तन गरिएका कारण विधानको विद्यमान व्यवस्थामा कुनै फेरबदल नभएको । |
| ४२. | भाग ४, दफा १०, उपदफा १०.४ (४) (क) | ***क) महासचिवलाई निजको काममा सहयोग गर्ने,*** | ***पूरै हटाउने ।*** | • यो उपफामा उल्लेख गरिएको विषय खासै आवश्यक नभएकोले हटाइएको । |
| ४३. | भाग ४, दफा १०, उपदफा १०.४ (४) को क्रमशः (ख) र (ग) | *ख)* महासचिवको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र<br>*ग)* तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने । | ***(क)*** महासचिवको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र<br>***(ख)*** तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने । | • भाग ४, दफा १०, उपदफा १०.४ (४) को (क) हटाइएको कारण (ख) र (ग) लाई क्रमशः (क) र (ख) मा कायम गरी नंबर परिवर्तन गरेको ।<br>• केवल नम्बर परिवर्तन गरिएका कारण विधानको विद्यमान व्यवस्थामा कुनै फेरबदल नभएको । |
| ४४. | भाग ४, दफा १०, उपदफा १०.४ (६) (क) | (क) ***राकास*** को बैठकमा नियमित उपस्थित भई छलफलमा सक्रिय रूपमा सहभागी हुने, | (क) ***नेसनल बोर्ड***को बैठकमा नियमित उपस्थित भई छलफलमा सक्रिय रूपमा सहभागी हुने, | • ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको भएतापनि यस उपदफामा पुरानै नाम उल्लेख भएकोले संशोधन गरेको । |
| ४५. | भाग ४, दफा १०, उपदफा १०.५ र सो उपदफा अन्तर्गतका (१) देखि (६) सम्म | **१०.५. *राकास* को बैठक**<br>(१) ***राकास*** को बैठक विशेष परिस्थितिमा बाहेक प्रत्येक तीन महिनामा एकपटक बस्ने छ ।<br>(२) ***राकास*** बैठकको गणपूरक सङ्ख्या (कोरम) ५१ प्रतिशत हुने छ ।<br>(३) ***राकास*** को बैठकमा कुनै विषयमा मतदान हुँदा मत बराबर भएको खण्डमा अध्यक्षले निर्णायक मत दिने छन् ।<br>(४) ***राकास*** को बैठक नबसेको समयमा गर्नुपर्ने आवश्यक कार्यहरू | **१०.५. *नेसनल बोर्ड*को बैठक**<br>(१) ***नेसनल बोर्ड*** को बैठक विशेष परिस्थितिमा बाहेक प्रत्येक तीन महिनामा एकपटक बस्ने छ ।<br>(२) ***नेसनल बोर्ड*** बैठकको गणपूरक सङ्ख्या (कोरम) ५१ प्रतिशत हुने छ ।<br>(३) ***नेसनल बोर्ड***को बैठकमा कुनै विषयमा मतदान हुँदा मत बराबर भएको खण्डमा अध्यक्षले निर्णायक मत दिने छन् ।<br>(४) ***नेसनल बोर्ड*** को बैठक | • केवल ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको । कारण : ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको भएतापनि यस उपदफामा पुरानै नाम उल्लेख भएकोले संशोधन गरेको ।<br>• यस परिवर्तनबाट विधानको विद्यमान व्यवस्थामा कुनै फेरबदल नभएको । |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | महासचिवले अध्यक्षको परामर्श र सहमतिमा कार्यान्वयन गर्न सक्ने छन् र त्यसलाई आगामी *राकास* बैठकमा आवश्यकताअनुसार पेस गरी अनुमोदन गराउनु पर्ने छ ।<br>(५) एम्नेस्टी नेपाल नेपालका निर्देशक *राकास* बैठकमा सहभागी हुने छन् तर निजलाई मताधिकार भने हुने छैन ।<br>(६) राष्ट्रिय सचिवालयका अन्य कर्मचारीलाई पनि *राकास* बैठकमा आमन्त्रण गर्न सकिने छ तर बैठकमा उनीहरूको पनि मताधिकार हुने छैन । | नबसेको समयमा गर्नुपर्ने आवश्यक कार्यहरू महासचिवले अध्यक्षको परामर्श र सहमतिमा कार्यान्वयन गर्न सक्ने छन् र त्यसलाई आगामी ***नेसनल बोर्ड*** बैठकमा आवश्यकताअनुसार पेस गरी अनुमोदन गराउनु पर्ने छ ।<br>(५) एम्नेस्टी नेपाल नेपालका निर्देशक ***नेसनल बोर्ड*** बैठकमा सहभागी हुने छन् तर निजलाई मताधिकार भने हुने छैन ।<br>(६) राष्ट्रिय सचिवालयका अन्य कर्मचारीलाई पनि ***नेसनल बोर्ड*** बैठकमा आमन्त्रण गर्न सकिने छ तर बैठकमा उनीहरूको पनि मताधिकार हुने छैन । | |
| ४६. | भाग ४, दफा १०, उपदफा १०.६अन्तर्गतका (२) देखि (५) सम्म | (२) अध्यक्षले *राकास* समक्ष र अन्य पदाधिकारीले अध्यक्षसमक्ष दिएको राजिनामा *राकास* बाट स्वीकृत भएमा,<br>(३) संस्थाको कार्यादेश (Mandate) वा हितविपरीत कार्य गरेको भनी *राकास*ले निलम्बनलगायत निष्कासनसम्मका अन्य कार्बाही गरी साधारणसभाबाट पदमुक्त गर्ने प्रस्ताव पारित भएमा,<br>(४) लगातार *राकास*को तिन ओटा बैठकमा बिनासूचना अनुपस्थित भएमा,<br>स्पष्टीकरण : यो दफाको खण्ड (३) र (४) को अवस्थामा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन ।<br>(५) कुनै समूह खारेज भएको स्थितिमा सो समूहका कुनै सदस्य *राकास*को पदाधिकारी वा सदस्य रहेको भएमा निज स्वत: पदमुक्त हुने छन् । | (२) अध्यक्षले ***नेसनल बोर्ड*** समक्ष र अन्य पदाधिकारीले अध्यक्षसमक्ष दिएको राजिनामा ***नेसनल बोर्ड*** बाट स्वीकृत भएमा,<br>(३) संस्थाको कार्यादेश (Mandate) वा हितविपरीत कार्य गरेको भनी ***नेसनल बोर्ड*** ले निलम्बनलगायत निष्कासनसम्मका अन्य कार्बाही गरी साधारणसभाबाट पदमुक्त गर्ने प्रस्ताव पारित भएमा,<br>(४) लगातार ***नेसनल बोर्ड*** को तिन ओटा बैठकमा बिनासूचना अनुपस्थित भएमा,<br>स्पष्टीकरण : यो दफाको खण्ड (३) र (४) को अवस्थामा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन ।<br>(५) कुनै समूह खारेज भएको स्थितिमा सो समूहका कुनै सदस्य ***नेसनल बोर्ड*** को पदाधिकारी वा सदस्य रहेको भएमा निज स्वत: पदमुक्त हुने छन् । | • केवल ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको । कारण : ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको भएतापनि यस उपदफामा पुरानै नाम उल्लेख भएकोले संशोधन गरेको ।<br>• यस परिवर्तनबाट विधानको विद्यमान व्यवस्थामा कुनै फेरबदल नभएको । |
| ४७. | भाग ४, दफा ११, उपदफा (१) | (१) साधारणसभाले नेसनल बोर्डको निर्वाचनसँगै एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूहका सदस्यहरूमध्येबाट एक संयोजक र एक जना महिला सदस्यसहित दुई जना सदस्य रहेको तीन सदस्यीय पुनरावेदन समितिको निर्वाचन गर्ने छ, जसले समूह विघटन तथा सदस्यता खारेजी एवं सदस्यता नविकरण नगर्ने नेसनल वोर्डको | (१) साधारणसभाले नेसनल बोर्डको निर्वाचनसँगै एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूहका सदस्यहरूमध्येबाट एक संयोजक र एक जना महिला सदस्यसहित दुई जना सदस्य रहेको तीन सदस्यीय पुनरावेदन समितिको निर्वाचन गर्ने छ, जसले समूह विघटन तथा सदस्यता खारेजी एवं सदस्यता नविकरण नगर्ने नेसनल वोर्डको | • केवल ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको । कारण : ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको भएतापनि यस उपदफामा पुरानै नाम उल्लेख भएकोले संशोधन गरेको । |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | निर्णय सम्बन्धी विषयहरूउपर पुनरावेदन सुन्ने छ । पुनरावेदन समितिका संयोजक एवं सदस्यहरूको कार्यकाल ***राष्ट्रिय कार्यसमिति*** सरह हुने छ । | निर्णय सम्बन्धी विषयहरूउपर पुनरावेदन सुन्ने छ । पुनरावेदन समितिका संयोजक एवं सदस्यहरूको कार्यकाल ***नेसनल बोर्ड*** सरह हुने छ । | • यस परिवर्तनबाट विधानको विद्यमान व्यवस्थामा कुनै फेरबदल नभएको । |
| ४८. | भाग ४, दफा ११, उपदफा (५) | (५) यस समितिको संयोजक र सदस्य पदमा उम्मेदवारी दिनका लागि ***राकास सदस्यसरहको*** योग्यता पुगेको हुनु पर्ने छ । | (५) यस समितिको संयोजक र सदस्य पदमा उम्मेदवारी दिनका लागि ***तोकिए बमोजिम*** योग्यता पुगेको हुनु पर्ने छ । | • पुनरावेदन समिति र नेसनल बोर्डको कामको प्रकृति फरक हुने हुँदा पुनरावेदन समितिमा उम्मेदवारी दिन चाहनेको योग्यता छुट्टाछुट्टै तोक्न उपयुक्त हुने हुँदा विधानमा सोही अनुसार प्रावधान व्यवस्था गर्न उपयुक्त हुने हुँदा यो संशोधन गरिएको । |
| ४९. | भाग ४, दफा १२ | **१२. राष्ट्रिय सचिवालय**<br>एम्नेस्टी नेपाल नेपालको दैनिक कार्य सञ्चालनका लागि एक राष्ट्रिय सचिवालय रहने छ । सचिवालयको सञ्चालनका लागि ***राकास***ले एक जना निर्देशकको नियुक्ति गर्ने छ । निर्देशक ***राकास***प्रति उत्तरदायी हुने छ र अन्य कर्मचारीहरूको नियुक्ति निजले गर्ने छ । | **१२. राष्ट्रिय सचिवालय**<br>एम्नेस्टी नेपाल नेपालको दैनिक कार्य सञ्चालनका लागि एक राष्ट्रिय सचिवालय रहने छ । सचिवालयको सञ्चालनका लागि ***नेसनल बोर्ड***ले एक जना निर्देशकको नियुक्ति गर्ने छ । निर्देशक ***नेसनल बोर्ड***प्रति उत्तरदायी हुने छ र अन्य कर्मचारीहरूको नियुक्ति, ***व्यवस्थापन एवं कार्यसम्पादन मूल्याङ्कन*** निजले गर्ने छ । | • ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको । कारण : ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको भएतापनि यस उपदफामा पुरानै नाम उल्लेख भएकोले संशोधन गरेको ।<br>• निर्देशकको काम, कर्तव्यलाई अझ स्पष्ट पारेको |
| ५०. | भाग ४, दफा १३ ( शीर्षक) | **१३. समूह, निर्माणाधीन समूह *एवं युथ नेटवर्क*** | **१३. समूह *र* निर्माणाधीन समूह** | • यस दफामा युथ नेटवर्कको बारेमा खासै उल्लेख नभएको र दफा १४ मा गएर मात्र युथ नेटवर्कको बारेमा उल्लेख भएको कारण यस दफाको शीर्षकबाट "युथ नेटवर्क" हटाउन उपयुक्त भएकोले |
| ५१. | भाग ४, दफा १३.१ | **१३.१ निर्माणाधीन समूहको गठन**<br>नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ***२५*** जना सदस्यहरूले एम्नेस्टी नेपाल नेपालको निर्माणाधीन समूह गठन गर्न आवेदन दिएमा ***राकास*** ले स्वीकृति दिन सक्ने छ । निर्माणाधीन समूहको मान्यताका लागि - | **१३.१ निर्माणाधीन समूहको गठन**<br>नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ***५०*** जना सदस्यहरूले एम्नेस्टी नेपाल नेपालको निर्माणाधीन समूह गठन गर्न आवेदन दिएमा ***नेसनल बोर्ड***ले स्वीकृति दिन सक्ने छ । निर्माणाधीन समूहको मान्यताका लागि - | • स्थानीय निर्माणाधिन समूहमा सदस्यता वृद्धिको उद्देश्यले न्युनतम सदस्य संख्या २५ बाट ५० कायम गर्न ।<br>• ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको । कारण : ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको । |
| ५२. | भाग ४, दफा १३.१ ( क) | (क) निर्माणाधीन समूहको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू राकास नेसनल | (क) निर्माणाधीन समूहको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्ड | • ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको । कारण : ***"राकास"*** |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संसोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ । | समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ । | को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको । |
| ५३. | भाग ४, दफा १३.२ | **१३.२ समूहको गठन आवद्धता** एम्नेस्टी नेपाल नेपालका निर्माणाधीन समूहहरू समूहलाई राष्ट्रिय कार्यसमिति नेसनल बोर्ड को निर्णय र अन्तर्राष्ट्रिय सचिवालयको समर्थनमा एम्नेस्टी नेपाल को समूह का रूपमा आबद्ध आवद्धता हुन सक्ने छन् प्रदान गर्न सकिनेछ । समूहको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा २ वर्षभित्रमा निर्णय दिनुपर्ने छ । एम्नेस्टी नेपाल नेपालमा आबद्ध समूहलाई समूह नम्बर प्रदान गरिने छ । यसरी समूहका रूपमा आबद्धता प्राप्त गर्न : | **१३.२ समूहको आवद्धता** एम्नेस्टी नेपाल नेपालका निर्माणाधीन समूहलाई नेसनल बोर्ड को निर्णय र अन्तर्राष्ट्रिय सचिवालयको समर्थनमा एम्नेस्टी नेपाल को समूह आवद्धता प्रदान गर्न सकिनेछ । समूहको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा २ वर्षभित्रमा निर्णय दिनुपर्ने छ । निर्माणाधीन समूहले समूह मान्यताका लागि कम्तिमा ६ महिना काम गरेको हुनुपर्नेछ । एम्नेस्टी नेपाल नेपालमा आबद्ध समूहलाई समूह नम्बर प्रदान गरिने छ । यसरी समूहका रूपमा आबद्धता प्राप्त गर्न : | • भाषा सरलीकृत गरी थप स्पष्ट बनाएको ।<br>• नेसनल बोर्ड समूह आवद्धताको मान्यता २ वर्षभित्रमा दिनु पर्छ भनी १३.२ (च) मा गरिएको व्यवस्था पनि यहाँ उल्लेख गर्न बढी सान्दर्भिक हुने हुँदा यहाँ ल्याएर राखिएको ।<br>• यसरी गरिएको भाषाको सरलीकरण र अर्को उपदफामा रहेको विधानको व्यवस्था यहाँ सार्नुले विधानको विद्यमान व्यवस्थामा कुनै फेरबदल भने नभएको । |
| ५४. | भाग ४, दफा १३.२ (ख) | (ख) न्यूनतम ***२५*** जना सदस्य आबद्ध रहेको हुनुपर्ने छ । | (ख) न्यूनतम ***५०*** जना सदस्य आबद्ध रहेको हुनुपर्ने छ । | • स्थानीय समूहमा सदस्यता वृद्धिको उद्देश्यले न्युनतम सदस्य संख्या २५ बाट ५० कायम गर्न । |
| ५५. | भाग ४, दफा १३.२ (घ) | (घ) तोकिएको ढाँचामा समूहको विनियम समूह साधारणसभाबाट पारित गराई स्वीकृतिका लागि ***राष्ट्रिय कार्यसमिति*** मा पेस गरिसकेको हुनुपर्ने छ । | (घ) तोकिएको ढाँचामा समूहको विनियम समूह साधारणसभाबाट पारित गराई स्वीकृतिका लागि ***नेसनल बोर्ड*** मा पेस गरिसकेको हुनुपर्ने छ । | • ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको । कारण : ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको । |
| ५६. | भाग ४, दफा १३.२ (च) | ***(च) समूहको मान्यता सम्बन्धमा राकासले बढीमा २ वर्षभित्रमा निर्णय दिनुपर्ने छ ।*** | ***हटाउने*** | • दफा १३.२ मा यो कुरा उल्लेख भैसकेकोले यस उपदफाबाट हटाएको । |
| ५७. | भाग ४, दफा १३.३ (शीर्षक) | **१३.३ समूह कार्यसमिति** | **१३.३ समूह *साधारणसभा र* कार्यसमिति** | • समूह साधारणसभाको बारेमा विधानमा उल्लेख नभएकोले र सो विषयमा यस उपदफामा उल्लेख गर्न सान्दर्भिक देखिएकोले उपदफाको शीर्षक संशोधन गरेको । |
| ५८. | भाग ४, दफा १३.३ (क) | ***(क) समूह वा निर्माणाधिन समूह कार्यसमिति ७ देखि ११ सदस्यीय हुनेछ ।*** | ***(क) समूह तथा निर्माणाधिन समूहहरुले प्रत्येक वर्ष तोकिए बमोजिम साधारणसभा सम्पन्न गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नयाँ कार्यसमिति चयन गर्नुपर्नेछ ।*** | • यस उपदफामा सर्वप्रथम समूह कार्यसमितिको संख्या भन्दा पनि समूह साधारणसभाको बारेमा उल्लेख गर्दा विषयको सिलसिला मिल्ने भएको हुँदा विद्यमान व्यवस्थालाई १३.३ (ख) मा मिलान गर्ने गरी १३.३ (क) बाट हटाइएको र |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | | त्यसो गर्दा हुन आएको खाली ठाउँमा समूह साधारणसभाको व्यवस्था उल्लेख गरिएको । |
| ५९. | भाग ४, दफा १३.३ (क) | *(ख) कार्यसमितिका पदाधिकारीहरूमा एक/एक जना संयोजक, उपसंयोजक, सचिव, सहसचिव, कोषाध्यक्ष र वढीमा ६जना सदस्यहरूरहने छन्* | ***(ख) एम्नेस्टी नेपाल नेपालमा आवद्ध स्थानीय समूह वा निर्माणाधिन समूहले आफ्नो अनूकुलता अनुसार ७ देखि ११ सदस्यीय कार्यसमिति गठन गर्न सक्नेछन् । त्यस्तो कार्यसमिति :***<br>***(१) समूह वा निर्माणाधिन समूहको साधारणसभाबाट निर्वाचित गरिनेछ ।***<br>***(२) साधारणसभाले संयोजक, कोषाध्यक्ष र सदस्यहरुको निर्वाचन गर्नेछ ।***<br>***(३) निर्वाचित सदस्यहरुमध्येबाट कार्यसमितिले आवश्यकतानुसार उपसंयोजक, सचिव र सहसचिव नियुक्त गर्न सक्नेछ ।*** | • साविकको उपदफा १३.३ (क) को व्यवस्थालाई यस उपदफामा गाभेको ।<br>• साविकको उपदफा १३.३ (ख) को व्यवस्थालाई अझ स्पष्ट पार्ने गरी भाषा परिमार्जन गरिएको । |
| ६०. | भाग ४, दफा १३.३ (ग) र (घ) | *१३.३*<br>*(ग)* ***(४)*** कार्यसमितिमा कम्तीमा ३३ प्रतिसत महिला अनिवार्य हुनुपर्ने छ ।<br>*(घ)* ***(५)*** समूह वा निमार्णाधिन समूहको कार्य समितिको पदावधि दुई वर्षको हुने छ । | ***१३.३. (ख)***<br>***(४)*** कार्यसमितिमा कम्तीमा ३३ प्रतिसत महिला अनिवार्य हुनुपर्ने छ ।<br>***(५)*** समूह वा निमार्णाधिन समूहको कार्य समितिको पदावधि दुई वर्षको हुने छ । | • साविकको उपदफा नं. १३.३ (ग) र (घ) लाई १३.३ को (ख) को (४) र (५) नम्बरमा राखेर फर्म्याटिङ् गरेको । साविकको व्यवस्थामा कुनै संशोधन भने नगरेको । |
| ६१. | भाग ४, दफा १३.४ (१) | (१) प्रत्येक समूहले ६-६ महिनामा आफ्नो सदस्यता, समूह गतिविधिका विवरणहरू, आर्थिक स्थिति र अन्य सम्बन्धित विषयहरूसम्बन्धी तोकिएबमोजिमको विवरण *राकास*लाई उपलब्ध गराउनुपर्ने छ । | (१) प्रत्येक समूह ***तथा निर्माणाधिन समूह***ले ६-६ महिनामा आफ्नो सदस्यता, समूह गतिविधिका विवरणहरू, आर्थिक स्थिति र अन्य सम्बन्धित विषयहरूसम्बन्धी तोकिएबमोजिमको विवरण ***राष्ट्रिय सचिवालयलाई*** उपलब्ध गराउनुपर्ने छ । | • एम्नेस्टी नेपाल नेपालमा आवद्ध समूहका साथै निर्माणाधिन समूहले पनि हरेक ६ महिनामा आफ्ना प्रतिवेदन एम्नेस्टी नेपाल नेपालमा बुझाउनु पर्ने तर विधानमा भने समूहले चै बुझाउनु पर्ने कुरा उल्लेख भएको तर निर्माणाधिन समूहले बुझाउनु पर्ने कुरा उल्लेख नभएकोले सो कुरा समावेश गरेको ।<br>• समूह निर्माणाधिन समूहले आफ्ना प्रतिवेदन वास्तवमा नेसनल बोर्डलाई नभई सचिवालयलाई बुझाउनु पर्ने हुँदा सोही बोजिम संशोधन गरिएको । |
| ६२. | भाग ४, दफा १३.४ ( | *(२) समूहको कार्यसमितिको बैठक प्रत्येक महिना बस्नुपर्ने छ ।* | ***(२) समूह वा निर्माणाधिन समूहको कार्यसमितिको बैठक वर्षमा*** | • समूह कार्यसमितिको बैठक हरेक वैठक बस्नै पर्ने |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | २) | | *कम्तिमा चार पटक बस्नु पर्नेछ ।* | व्यवस्था सबै परिस्थितिमा सान्दर्भिक नहुन सक्ने भएकोले यसलाई थप व्यवहारिक बनाउँदै वर्षमा कम्तिमा ४ पटक बस्नुपर्ने व्यवस्था राखी संशोधन गरिएको । |
| ६३. | भाग ४, दफा १३.४ (८) | - | *(८) समूह एवं निर्माणाधिन समूह सञ्चालन र अभियानका लागि आवश्यक अर्थ संकलन गर्नु पर्नेछ । अर्थसंकलन गर्दा एम्नेस्टी नेपाल को आर्थिक एवं अर्थसंकलन सम्बन्धी नीति पालना गर्नु पर्नेछ ।* | • एम्नेस्टी नेपाल को समूह वा निर्माणाधिन समूह सञ्चालन एवं अभियान सञ्चालनका लागि चाहिने आर्थिक स्रोतको संकलन आफैले गर्नु परिपाटी भएकोले त्यस कुरालाई विधानमै उल्लेख गरी स्पष्टता ल्याउन यो उपदफा थप गरिएको । |
| ६४. | भाग ४, दफा १३.५ | १३.५. समूह वा निर्माणाधीन समूहलाई कुनै अनुदान वा ऋण उपलब्ध गराउन र समूह वा निर्माणाधीन समूहले लिएको अनुदान वा ऋण भुक्तान गर्न ***राकास*** जिम्मेवार हुने छैन । | १३.५. समूह वा निर्माणाधीन समूहलाई कुनै अनुदान वा ऋण उपलब्ध गराउन र समूह वा निर्माणाधीन समूहले लिएको अनुदान वा ऋण भुक्तान गर्न ***नेसनल बोर्ड*** जिम्मेवार हुने छैन । | • ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको । कारण : ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको ।<br>• साविकको प्रावधानमा कुनै फेरबदल नगरिएको |
| ६५. | भाग ४, दफा १४ | *१४. युथ नेटवर्कको गठन, सञ्चालन एवं विघटन तोकिएबमोजिम हुने छ ।* | *१४. युथ नेटवर्क*<br>*१४.१ युथ नेटवर्कको गठन :*<br>*नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम कम्तिमा ५० जना युवा सदस्यहरूले एम्नेस्टी नेपाल नेपालको युथ नेटवर्कको आवद्धताको लागि आवेदन दिएमा नेसनल बोर्डले स्वीकृति दिन सक्ने छ । युथ नेटवर्कको मान्यताका लागि -*<br>*(क) एम्नेस्टी इन्टरनेसनलले सञ्चालन गर्ने मानवअधिकार सम्बन्धित गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ ।*<br>*(ख) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पूरा गरेको हुनुपर्ने छ ।*<br>*१४.२ युथ नेटवर्कको सञ्चालन र विघटन :*<br>*(क) युथ नेटवर्कको सञ्चालन र विघटन तोकिएबमोजिम हुने छ ।* | • युथ नेटवर्कको गठन वा सञ्चालन सम्बन्धमा विधानले गरेको साविकको व्यवस्थालाई केही विस्तृतीकरण गर्न आवश्यक देखिएकोले विस्तृत बनाई संशोधन गरिएको । |
| | | भाग ५ | | |
| ६६. | भाग ५, दफा १५ (१) (ग) | *(ग) प्रकाशनका ग्राहकहरूबाट सङ्कलित रकम, साहित्य र प्रकाशनको बिक्रीबाट प्राप्त* | *(ग) संस्थाबाट गरिएका विभिन्न प्रकाशनको विक्रीबाट आर्जन भएको रकम र अन्य अर्थ सङ्कलन* | • भाषा सरलीकृत एवं थप स्पष्ट पारेको |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | *रकमलगायत अन्य अर्थ सङ्कलन क्रियाकलापहरूबाट प्राप्त रकम,* | *क्रियाकलापहरूबाट प्राप्त रकम,* | |
| ६७. | भाग ५, दफा १५ (३) | (३) एम्नेस्टी इन्टरनेसनल नेपालको नाममा स्वदेशी वा विदेशी सरकारबाट आर्थिक सहयोग स्वीकार हुने छैन तर मानव अधिकार शिक्षा कार्यक्रमहरूका लागि *आई.ई.सी.* ले तोकेबमोजिम पूर्व स्वीकृति लिएर वा निश्चित सहयोग लिनका लागि एम्नेस्टी नेपाल अन्तर्राष्ट्रिय कार्यालयले तोकेको अन्य प्रक्रिया पूरा गरी सरकारी आर्थिक सहयोग लिन सकिने छ । *सम्बन्धित अन्तर्राष्ट्रिय आर्थिक निर्देशनहरूको पालना सुनिश्चित गर्न सबै आर्थिक सहयोगहरू राकासबाट परिचालित हुने छ ।* | (३) एम्नेस्टी इन्टरनेसनल नेपालको नाममा स्वदेशी वा विदेशी सरकारबाट आर्थिक सहयोग स्वीकार हुने छैन तर मानव अधिकार शिक्षा कार्यक्रमहरूका लागि *इन्टरनेसनल बोर्ड* ले तोकेबमोजिम पूर्व स्वीकृति लिएर वा निश्चित सहयोग लिनका लागि एम्नेस्टी नेपाल अन्तर्राष्ट्रिय कार्यालयले तोकेको अन्य प्रक्रिया पूरा गरी सरकारी आर्थिक सहयोग लिन सकिने छ । | • "आई.ई.सी." नाम "इन्टरनेसनल बोर्ड" भनी परिवर्तन भैसकेको कारण यस उपदफामा पनि सोही बमोजिम गरेको ।<br>• यस उपदफाको अन्तिम वाक्य खासै आवश्यक नभएको हुँदा हटाइएको । |
| भग ७ | | | | |
| ६८. | भाग ७, दफा १९ (१) | (१) देहायको अवस्थामा एम्नेस्टी नेपाल नेपालको सम्पूर्ण समूह सङ्ख्याको २५ प्रतिशत समूहहरूको कार्य समितिको निर्णयका साथ संयुक्त रूपमा *राकास तथा* पुनरावेदन समितिका पदाधिकारीविरुद्ध एम्नेस्टी नेपाल नेपालको सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गराउन *ल्याएमा* सचिवालयले ४५ दिनभित्रमा राष्ट्रिय परिषद्को आकस्मिक बैठक बोलाई अविश्वासको प्रस्तावउपर छलफल गराउनु पर्ने छ । यदि ९० दिनभित्र राष्ट्रिय परिषद् बैठक आह्वान गरिएको भएमा सोही नियमित बैठकमा यस्तो प्रस्ताव पेस गरिनेछ । *राकास* उपरको अविश्वास प्रस्तावमा सभाको अध्यक्षता साधारणसभाले तोकेको व्यक्तिले गर्ने छ ।<br>(क) संस्थाको कार्यादेश विपरीत काम गरेमा<br>(ख) संस्थाको हितविपरीतको कार्य गरेमा । | (१) देहायको अवस्थामा एम्नेस्टी नेपाल नेपालको सम्पूर्ण समूह सङ्ख्याको २५ प्रतिशत समूहहरूको कार्य समितिको निर्णयका साथ संयुक्त रूपमा *नेसनल बोर्ड वा* पुनरावेदन समितिका पदाधिकारीविरुद्ध एम्नेस्टी नेपाल नेपालको *राष्ट्रिय* सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गराउन *सक्नेछन् ।*<br>(क) संस्थाको कार्यादेश विपरीत काम गरेमा<br>(ख) संस्थाको हितविपरीतको कार्य गरेमा ।<br>सचिवालयले *त्यस्तो प्रस्ताव दर्ता भएको* ४५ दिनभित्रमा राष्ट्रिय परिषद्को आकस्मिक बैठक बोलाई अविश्वासको प्रस्तावउपर छलफल गराउनु पर्ने छ । यदि ९० दिनभित्र राष्ट्रिय परिषद् बैठक आह्वान गरिएको भएमा सोही नियमित बैठकमा यस्तो प्रस्ताव पेस गरिनेछ । *नेसनल बोर्ड* उपरको अविश्वास प्रस्तावमा सभाको अध्यक्षता साधारणसभाले तोकेको व्यक्तिले गर्ने छ । | • ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको । कारण : ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको ।<br>• फर्म्याटलाई एक ठाउँमा परिवर्तन गरेको तर प्रावधान परिवर्तन नगरेको ।<br>• २ ठाउँमा भाषा सरलीकृत गरेको ।<br>• यसरी भएका परिमार्जनले साविकको प्रावधानमा कुनै फेरवदल नगरेको । |
| ६९. | भाग ७, दफा १९ (३) | (३) राष्ट्रिय परिषद्को आकस्मिक बैठकमा उपस्थित मताधिकार प्राप्त सदस्यहरूको दुई तिहाई बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएको | (३) राष्ट्रिय परिषद्को आकस्मिक बैठकमा उपस्थित मताधिकार प्राप्त सदस्यहरूको दुई तिहाई बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएको | • ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको । कारण : ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** |

| क्र.सं | भाग. दफा. उपदफा नं. | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संसोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | खण्डमा ***राकास*** वा पुनरावेदन समिति भङ्ग हुने छ र सोही सभाबाट नयाँ ***राकास*** वा पुनरावेदन समितिको निर्वाचन गरिने छ। | खण्डमा ***नेसनल बोर्ड*** वा पुनरावेदन समिति भङ्ग हुने छ र सोही सभाबाट नयाँ ***नेसनल बोर्ड*** वा पुनरावेदन समितिको निर्वाचन गरिने छ। | भनी परिवर्तन भैसकेको। |
| ७०. | भाग ७, दफा २० | २०. यस विधानमा जुनसुकै कुरा लेखिएको भए तापनि एम्नेस्टी नेपाल को ***अन्तर्राष्ट्रिय परिषद् अन्तर्राष्ट्रिय कार्यसमिति*** तथा अन्तर्राष्ट्रिय सचिवालयबाट भएका निर्णय, निर्देशन तथा एम्नेस्टी नेपाल को विधान र प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ। | २०. यस विधानमा जुनसुकै कुरा लेखिएको भए तापनि एम्नेस्टी नेपाल को ***ग्लोबल एसेम्ब्ली, इन्टरनेसनल बोर्ड*** तथा अन्तर्राष्ट्रिय सचिवालयबाट भएका निर्णय, निर्देशन तथा एम्नेस्टी नेपाल को विधान र प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ। | • एम्नेस्टी नेपालको "अन्तर्राष्ट्रिय परिषद" को नाम "ग्लोबल एसेम्ब्ली" र "अन्तर्राष्ट्रिय कार्यसमिति" को नाम "इन्टरनेसनल बोर्ड" भनी परिवर्तन भएकोले सोही मुताविक मिलान गर्न |
| ७१. | भाग ७, दफा २१ (१) | (१) एम्नेस्टी नेपालनेपालको विघटनको सिफारिस एम्नेस्टी नेपालनेपाल राष्ट्रिय परिषद् सदस्यहरूको दुई तिहाई बहुमतले मात्र गर्न सक्ने छ। यस्तो सिफारिस अन्तर्राष्ट्रिय कार्य समितिले अनुमोदन गरेपछि मात्र लागू हुने छ। | (१) एम्नेस्टी नेपालनेपालको विघटनको सिफारिस एम्नेस्टी नेपालनेपाल राष्ट्रिय परिषद् सदस्यहरूको दुई तिहाई बहुमतले मात्र गर्न सक्ने छ। | • यस उपदफाको अन्तिम वाक्यले उल्लेख गरेको कुरा यसै विधानको विधानको भाग ७, दफा २१ उपदफा (२) ले समेटेकोले यहाँबाट हटाइएको। |
| ७२. | भाग ७, दफा २२ | २२. **विधानको व्याख्या** यस विधानलाई व्याख्या गर्ने अधिकार ***राकास*** सँग रहने छ। व्याख्यामा गम्भीर मतभेद उत्पन्न भएमा अन्तिम व्याख्या गर्ने अधिकार भने क्रमशः साधारणसभा र अन्तर्राष्ट्रिय सचिवालयममा निहित रहने छ। | २२. **विधानको व्याख्या** यस विधानलाई व्याख्या गर्ने अधिकार ***नेसनल बोर्ड*** सँग रहने छ। व्याख्यामा गम्भीर मतभेद उत्पन्न भएमा अन्तिम व्याख्या गर्ने अधिकार भने क्रमशः साधारणसभा र अन्तर्राष्ट्रिय सचिवालयममा निहित रहने छ। | • ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन गरिएको। कारण : ***"राकास"*** को नाम ***"नेसनल बोर्ड"*** भनी परिवर्तन भैसकेको। |

# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको

## विधान २०५८ (सन् २००१)*

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

**प्रस्तावना**

विश्वव्यापी रूपमा भइरहेका मानव अधिकार उल्लङ्घन र ज्यादतीका सन्दर्भमा मानव अधिकारको प्रवर्द्धन तथा संरक्षणका लागि एक गैरनाफामूलक, गैरसरकारी, गैरराजनीतिक संस्थाको सान्दर्भिकता महसुस गर्दै अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त मानव अधिकारवादी अभियान, एम्नेस्टी इन्टरनेसनलको विधानसँग मिल्दोजुल्दो यस विधानको प्रारूप तयार गरी एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको स्थापनाका लागि संस्था दर्ता ऐन २०३४ को अधीनमा रही यो विधान तयार गरिएको हो ।

भाग-१

### प्रारम्भिक

१. **एम्नेस्टी इन्टरनेसनल नेपालको स्थापना :**

(१) यो विधानको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन २००१) को चौथो संसोधन २०७२ (सन २०१५) हुने छ । यो विधान स्वीकृत भएपछि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको स्थापना भएको मानिने छ । यसलाई छोटकरीमा एम्नेस्टी नेपाल नेपाल भनेर चिनिनेछ ।

(२) यो एक गैरनाफामूलक, गैरसरकारी तथा गैरराजनीतिक संस्था हुने छ ।

(३) एम्नेस्टी नेपालनेपालको स्वतन्त्र कानुनी अस्तित्व हुने छ र यसको नामबाट कुनै मुद्दा हाल्नु परेमा वा यसलाई कुनै मुद्दा हाल्नु परेमा यसैको नामबाट गर्न सकिने छ ।

२. **ठेगाना र कार्यक्षेत्र**

(क) यो संस्थाको कार्यालय काठमाडौँमा अवस्थित हुने छ र हाल यसको ठेगाना यस प्रकार हुने छ :

एम्नेस्टी इन्टरनेसनल नेपाल
एम्नेस्टी मार्ग, बसन्तनगर, बालाजु
पो.ब.नं-१३५, काठमाडौँ, नेपाल ।

(ख) यस संस्थाको कार्यक्षेत्र काठमाडौँमा भई स्थानीय अधिकारीको स्वीकृति लिएर नेपाल राज्यभर हुने छ ।

३. **प्रारम्भ**

यो विधान एम्नेस्टी नेपाल नेपाल शाखाको साधारणसभाबाट पारित भई एम्नेस्टी इन्टरनेसनल “इन्टरनेसनल बोर्ड (International Board)” र नेपाल सरकारले तोकेको निकायको स्वीकृति पश्चात लागु हुनेछ ।

४. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ लागेमा बाहेक यस विधानमा :

(१) “विधान” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८(सन २००१)को चौथो संसोधन २०७२ (सन२०१५) लाई समेत जनाउने छ ।

(२) “एम्नेस्टी इन्टरनेसनल” भन्नाले बेलायतको लण्डनमा मुख्य कार्यालय भएको अन्तर्राष्ट्रिय मानवअधिकार अभियान (Movement) ,एम्नेस्टी इन्टरनेसनललाई जनाउनेछ ।

(३) “संस्था” वा “एम्नेस्टी नेपाल नेपाल” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखालाई जनाउने छ ।

(४) “आई.एस.” भन्नाले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयलाई जनाउने छ ।

(५) नेशनल वोर्ड (National Board) भन्नाले एम्नेस्टी नेपाल नेपालको नेसनल बोर्ड (राकास) लाई जनाउनेछ ।

(६) “सदस्य” भन्नाले एम्नेस्टी नेपालको सिद्धान्त, आदर्श र विधानलाई स्वीकार्ने र यो विधानको “सदस्यता” खण्डमा उल्लिखित सर्तहरू स्वीकारी सदस्यता प्राप्त गरेका व्यक्तिलाई जनाउने छ ।

(७) “स्थानीय अधिकारी” भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई बुझाउने छ ।

(८) “स्थानीय निकाय” भन्नाले सम्बन्धित गाविस, नगरपालिका, महानगरपालिका, जिल्ला विकास समितिलाई बुझाउने छ ।

* *जिल्ला प्रशासन कार्यालय, काठमाडौँबाट पहिलो, दोस्रो, तेस्रो र चौथो संशोधनद्वारा क्रमशः २०६४, २०६५, २०६८ र २०७३ मा संशोधित प्रावधानहरू समाविष्ट ।*

(९) “एम्नेस्टी नेपालसमूह” भन्नाले स्थानीय रूपमा कार्य गर्न एम्नेस्टी नेपाल बाट मान्यता प्राप्त समूहलाई जनाउने छ ।

(१०) “निर्माणाधीन समूह” भन्नाले समूहको मान्यता प्राप्त भइनसकेको परीक्षणको क्रममा रहेको समूहलाई जनाउने छ ।

(११) “तोकिए बमोजिम” भन्नाले यो विधान, यसअन्तर्गत बनेका नियम, उपनियम वा यो विधानअन्तर्गत बनेका अख्तियारप्राप्त समिति, उपसमितिले तोकेबमोजिमका कुराहरूलाई जनाउने छ ।

(१२) “पुनरावेदन समिति” भन्नाले एम्नेस्टी नेपाल नेपालको राष्ट्रिय परिषद् बैठकबाट यस विधानबमोजिम निर्वाचित हुने पुनरावेदन समितिलाई जनाउने छ ।

(१३) “राष्ट्रिय सचिवालय” भन्नाले एम्नेस्टी नेपाल नेपालको राष्ट्रिय सचिवालयलाई जनाउने छ ।

(१४) “अध्यक्ष” भन्नाले एम्नेस्टी नेपाल नेपालका अध्यक्षलाई जनाउने छ ।

(१५) “निर्देशक” भन्नाले एम्नेस्टी नेपाल नेपालका निर्देशकलाई जनाउने छ ।

(१६) “राकास पदाधिकारी” भन्नाले राष्ट्रिय कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सदस्यहरूलाई जनाउने छ

(१७) “पुनरावेदन समितिका पदाधिकारी” भन्नाले एम्नेस्टी नेपाल नेपाल शाखा, पुनरावेदन समितिका संयोजक र सदस्यहरूलाई जनाउने छ ।

(१८) “साधारण सभा” भन्नाले यस विधानको साधारण सभा खण्डमा व्यवस्था गरिएबमोजिमको सभालाई जनाउने छ ।

(१९) “नेपाल शाखा” भन्नाले एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखालाई जनाउनेछ ।

**५. एम्नेस्टी नेपाल नेपालको प्रतीक चिन्ह तथा छाप**

(१) आयातकार पहेँलो पृष्ठभुमिमा दायाँतर्फ काँडेतारले बेरिएको बलिरहेको मैनवत्ति र बाँयातर्फ पहिलो हरफमा “एम्नेस्टी” र दोस्रो हरफमा “इन्टरनेसनल” लेखिएको र दुवै हरफहरूको लम्वाई बराबर भएको तथा पंहेलो भागको ठिक तल पहेलो भागको लम्वाईको बराबर हुनेगरि “एम्नेस्टी इन्टरनेसनल नेपाल” लेखिएको ( अनुसूची १ अनुसारको) एम्नेस्टी नेपाल नेपालको प्रतिक चिन्ह हुनेछ ।

(२) यस संस्थाको प्रतीक चिन्ह अङ्कित भएको एक छाप हुने छ ।

भाग-२

## परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यादेश

**६.** यस संस्थाको परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यादेश निम्नबमोजिम हुनेछ :

६.१. **परिदृश्य :**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय दस्ताबेजहरूमा उल्लेख भएबमोजिमका सबै मानव अधिकारहरू हरेक मानव मात्रले उपभोग गर्न पाएको विश्व नै एम्नेस्टी इन्टरनेसनल नेपालको परिदृश्य हुने छ ।

६.२ **उद्देश्य :**

एम्नेस्टी नेपाल नेपालको परिदृश्यलाई साकार पार्न सबै प्रकृतिका मानव अधिकारहरूको गम्भीर उल्लङ्घन र ज्यादतीको रोकथाम र अन्त्यका लागि अध्ययन-अनुसन्धान तथा अभियानहरू सञ्चालन गर्नु एवं मानव अधिकार प्रवर्द्धनका लागि कार्य गर्नु एम्नेस्टी इन्टरनेसनल नेपालको उद्देश्य रहेको छ ।

६.३ **मूल आदर्श :**

भेदभावको अन्त्य तथा स्वतन्त्रता, प्रजातन्त्र तथा आपसी सद्भावको सिद्धान्तमा आधारित मानव अधिकार रक्षकहरूको समुदाय निर्माण एम्नेस्टी नेपालनेपालको मूल आदर्श हुने छ ।

६.४. **कार्यविधि :**

(क) मानव अधिकार सम्बन्धी कुनै निश्चित घटना वा ज्यादतीका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलका तर्फबाट गरिएका अनुसन्धानहरूका आधारमा प्राप्त तथ्यहरूलाई सार्वजनिक गरी कुनै पनि देशका सरकार, कम्पनीहरू, अन्तरसरकारी संस्था, सशस्त्र राजनीतिक समूह तथा अन्य गैरराज्य पक्षका मानव अधिकार उल्लङ्घन र ज्यादती रोक्नका लागि एम्नेस्टी नेपाल नेपालमा आबद्ध सदस्य, यसका सहयोगीहरू र मानव अधिकार रक्षकहरूद्वारा नेपालको कानुनको परिधिभित्र रही दबाब सिर्जना गरिने छ ।

(ख) मानव अधिकार उल्लङ्घन र ज्यादतीको रोकथामका लागि सरकारहरूलाई कानुनी शासनको सिद्धान्तको पालना गर्न र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुमोदन एवं कार्यान्वयनका लागि आह्वान गर्ने छ । मानव अधिकार शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुका साथै अन्तरसरकारी सङ्गठन, व्यक्ति तथा समाजका हरेक अङ्गलाई मानव अधिकारको सम्मान र समर्थन गर्न प्रोत्साहित गर्ने छ ।

६.५. **कार्यादेश**

एम्नेस्टी इन्टरनेसनलले विश्वव्यापी रूपमा मानव अधिकारको प्रवर्द्धन र संरक्षणका लागि सञ्चालन गर्ने अभियानको उद्देश्य प्राप्तिका लागि त्यस्ता अभियानप्रति ऐक्यबद्धता प्रकट गर्न, सहभागी हुन र कार्यक्रम सञ्चालन गर्न एम्नेस्टी नेपाल नेपाल क्रियाशील हुने छ । यसरी अभियान सञ्चालन गर्दा नेपालमा भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी घटनाहरूको अनुसन्धानसँग सम्बन्धित कार्यमा भने एम्नेस्टी इन्टरनेसनल नेपाल शाखामा आबद्ध समूह, निर्माणाधीन समूह, सञ्जाल तथा सदस्यहरूले आफ्नै निर्णयका आधारमा मात्र संलग्न हुन पाउने छैनन् ।

## भाग-३

## सदस्यता

७. **सदस्यताको प्रकार र प्राप्ति**

**७.१. सदस्यताको प्रकार**

**(क) समर्थक सदस्यता :**

संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुर्‍याउन चाहने तर निर्णय प्रकृयामा मताधिकार नचाहने १६ बर्ष र सोभन्दा माथिका कुनै पनि नागरिकले आस्था, धर्म, बर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद विना एम्नेस्टी नेपाल नेपाल शाखाको समर्थक *सदस्यमा गणना गर्न सकिने छ*।

**(ख) समूहगत सदस्यता :**

एम्नेस्टी नेपाल नेपालको विधान र उद्देश्यहरूको पालना गर्दै शाखाको अभियानमा सहयोग पुर्‍याउने र सहभागि हुन चाहने १६ बर्ष वा सोभन्दा माथिका कुनै पनि व्यक्तिले आस्था, धर्म, बर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा विभेद बिना एम्नेस्टी नेपाल नेपालमा आबद्ध समुह वा निर्माणाधिन समुहको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा एम्नेस्टी नेपाल नेपाल शाखाको समुहगत सदस्यता प्राप्त गर्न सक्नेछन् । यस्ता सदस्यहरूलाई सम्वन्धित समुहमा र सम्वन्धित समुहमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ ।

**(ग) युवा सदस्यता :**

एम्नेस्टी नेपाल नेपालको विधान र उद्देश्यहरूको पालना गर्दै शाखाको अभियानमा सहयोग पुर्‍याउने र सहभागि हुन चाहने १४ देखि २५ बर्ष सम्मका कुनै पनि व्यक्तिले आस्था, धर्म, बर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपाल नेपालमा आबद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा वा सोझै राष्ट्रिय सचिवालयमार्फत एम्नेस्टी नेपाल नेपाल शाखाको युवा सदस्यता प्राप्त गर्न सक्नेछन । युथ नेटवर्क मार्फत वनेका सदस्यहरू

सम्वन्धित युथ नेटवर्कको निर्णय प्रकृयामा सहभागि हुन सक्नेछन । साथै तोकिए अनुसार एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ ।

**(घ) साधारण सदस्यता**

एम्नेस्टी नेपाल नेपालले संचालन गर्ने अभियान संचालनका लागि नियमित रुपमा आर्थिक सहयोग प्रदान गर्ने, यसको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाले संचालन गर्ने अभियानमा सहभागि हुदै सहयोग पुऱ्याउदै आएका दक्ष, अनुभवी तथा प्रतिष्ठित व्यक्तिलाई तोकिए वमोजिम एम्नेस्टी नेपाल नेपाल शाखाले साधारण सदस्यता प्रदान गर्न सक्नेछ । यसरी सदस्यता दिदा आस्था, धर्म, बर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद गरिने छैन ।

७.२. **सदस्यता प्राप्ति**

राकासले निर्धारण गरेबमोजिमको प्रक्रिया पूरा गरी राष्ट्रिय सचिवालयबाट सदस्यता प्रदान गरिने छ ।

७.३. **सदस्यताका लागि आवश्यक योग्यताः**

एम्नेस्टी नेपालनेपालको सदस्यता प्राप्त गर्नका लागि आवश्यक प्रावधानहरू निम्नानुसार रहेका छन् :

(क) एम्नेस्टी नेपालनेपालको विधान र उद्देश्यहरू पालनाको प्रतिबद्धता ।
(ख) एम्नेस्टी नेपाल नेपालबाट निर्धारित शुल्कको भुक्तानी ।
(ग) मानसिक सन्तुलन नगुमाएको ।
(घ) भ्रष्टाचारमा दोषी नठहरिएको ।
(ङ) मानव अधिकार ज्यादती र उल्लङ्घन हुने खालका कुनै कार्यमा संलग्न नरहेको ।

७.४. **सदस्यता नवीकरण :**

(क) हरेक सदस्यले आफ्नो सदस्यता समाप्त भएको छ महिनाभित्र आफ्नो सदस्यता नवीकरण गराउनु पर्ने छ । तोकिएको समय भुक्तान भइसकेपछि नवीकरण गरिने छैन, तर नयाँ सदस्यता प्राप्तिका प्रकृयाका लागि बाधा भने पुग्ने छैन ।
(ख) नेसनल वोर्डले उपयुक्त कारण खुलाई कुनै व्यक्तिको सदस्यता नवीकरण नगर्ने भन्ने निर्णय गर्न सक्दछ ।
(ग) यसरी नवीकरणवाट वन्चित भएकालाई पुनरावेदन गर्ने अधिकार हुने छ ।

८. **सदस्यताको समाप्ति**

(१) देहायको कुनै एक अवस्थामा एम्नेस्टी नेपालनेपालको कुनै पनि सदस्यको सदस्यता समाप्त हुने छ :

(क) लिखित राजिनामा दिई स्वीकृत भएमा,
(ख) एम्नेस्टी इन्टरनेसनल र ए.आई नेपालको विधान, नीति र उद्देश्य विपरीत कार्य गरेमा,
(ग) सदस्यताको म्याद समाप्त भएमा,
(घ) विधानको भाग ३ दफा ७.३ बमोजिमको योग्यता नरहेमा,
(ङ) मृत्यु भएमा
(च) युथ नेटवर्क सदस्यको हकमा सम्बन्धित सदस्यको उमेर पच्चिस वर्ष पूरा भएमा ।

(२) समूहगत सदस्यको हकमा सम्बन्धित ए आई. समूह वा निर्माणाधीन समूहको सिफारिसमा राष्ट्रिय कार्यसमितिले सदस्यता समाप्तिसम्बन्धी निर्णय गर्ने छ । यदि सम्बन्धित एम्नेस्टी नेपाल समूह वा निर्माणाधीन समूहले सिफारिस नगरेमा राकासले सदस्यता समाप्तिको निर्णय गर्ने छ । समर्थक सदस्यको हकमा भने राकासले सदस्यता समाप्तिसम्बन्धी निर्णय गर्ने छ ।

(३) समर्थक सदस्यको सदस्यता समाप्तिसम्बन्धी निर्णय राकासले गर्ने छ ।

भाग-४

## साङ्गठनिक संरचना

९. **साधारणसभा**

९.१. **साधारणसभाको स्वरूपः**

साधारणसभा एम्नेस्टी नेपाल नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुने छ । राष्ट्रिय परिषद् र समूहहरूको राष्ट्रिय बैठक गरी यसको २ ओटा स्वरूप हुने छ । राकासको नियमित निर्वाचन गर्ने, संस्था

विघटनको सिफारिस गर्ने तथा यस विधानमा राष्ट्रिय परिषद्ले गर्ने भनी तोकिएकामा बाहेक समूहहरूको राष्ट्रिय बैठकका सबै अधिकार राष्ट्रिय परिषद्सरह हुने छ ।

**९.२.** साधारणसभाको बैठक हरेक वर्ष बस्ने छ । प्रत्येक २/२ वर्षमा राष्ट्रिय परिषद्को बैठक बस्ने छ । राष्ट्रिय परिषद्को बैठकको अन्तरालमा समूहहरूको राष्ट्रिय बैठक बस्ने छ ।

९.३. **राष्ट्रिय परिषद्**

(१) राष्ट्रिय परिषदको गठनः

प्रत्येक दुई बर्षमा हुने एम्नेस्टी नेपाल नेपालको राष्ट्रिय परिषद वैठकमा निम्न वमोजिमको सहभागिता रहनेछ:

(क)नेसनल बोर्डका पदाधिकारीहरू,

(ख) पुनरावेदनसमितिका पदाधिकारीहरू,

(ग) मान्यता प्राप्त समूहका दुई/दुई जना प्रतिनिधी

(घ) निमार्णाधिन समुहको एक/एक जना पर्यवेक्षक

(ङ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,

(च)राष्ट्रिय सचिवालयका कर्मचारीहरू,

(२) मताधिकार :

एम्नेस्टी नेपाल नेपालमा आबद्धताको मान्यता प्राप्त समूहका प्रतिनिधिहरूलाई वैठकमा मताधिकार रहनेछ

९.४. (१) **समूहहरूको राष्ट्रिय बैठकको गठन**

(क)नेसनल बोर्डका पदाधिकारीहरू,

(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,

(ग) मान्यता प्राप्त समूहका एक/एक जना प्रतिनिधि

(घ)निमार्णाधिन समुहको एक/एक जना पर्यवेक्षक ।

(ङ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,

(च) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,

(२) मताधिकारः

एम्नेस्टी नेपाल नेपालमा आबद्धताको मान्यता प्राप्त समूहका प्रतिनिधिहरूलाई वैठकमा मताधिकार रहनेछ ।

९.५ **विशेष सधारणसभा** :

(क) एम्नेस्टी नेपाल नेपाल अन्तर्गतका २५ प्रतिशत समूहहरूले तोकिए वमोजिम विशेष कारण देखाई विशेष साधारणसभाको माग गरेमा नेशनल बोर्ड (राकास) ले त्यस्तो अनुरोध प्राप्त भएको ४५ दिनभित्र विशेष साधारणसभा बोलाउने छ ।

(ख) तत्काल विशेष साधारण सभावाट कुनै विषयमा अन्तिम निर्णय लिनुपर्ने परिस्थिती सिर्जना भएमा नेसनल वोर्ड ले आवश्यकता अनुसार विशेष सधारणसभा बोलाउन सक्नेछ ।

(ग) विशेष साधारणसभा जुन कार्यका लागि माग गरिएको वा वोलाइएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय लिइनेछ ।

(घ) विशेष साधारणसभाको गठन दफा ९.४ बमोजिम हुने छ ।

(ङ) विशेष साधारणसभा माग भएको ९० दिनभित्र नियमित वार्षिक साधारणसभा बस्ने भए त्यस्तो विशेष साधारणसभा बोलाउन नेसनल बोर्ड बाध्य हुने छैन तर विशेष साधारणसभामा पेस गर्ने भनिएका प्रस्ताव नियमित साधारणसभामा प्रस्तुत गर्नु पर्ने छ ।

(च) विशेष सधारणसभाको जानकारी ३० दिन अगाडिनै समुहहरुलाई पठाउनु पर्नेछ ।

९.६. **साधारणसभाको बैठक** :

(क) साधारणसभाको बैठक प्रत्येक वर्ष राकासबाट निर्धारण भएको मिति, समय र स्थानमा हुने छ र एम्नेस्टी नेपाल नेपालअन्तर्गतका सबै समूह तथा निर्माणाधीन समूहहरूलाई यस्तो बैठकको सूचना ४५ दिन अगावै गरिने छ ।

(ख) साधारणसभाको अध्यक्षता राकासले तोकेको व्यक्तिले गर्ने छ ।

(ग) साधारण सभाको गणपूरक सङ्ख्या ६० प्रतिशत हुने छ ।

(घ) साधारणसभामा कुनै विषयउपर मतभेद भई निर्णय गर्नु परेमा एक व्यक्ति एक मतका आधारमा बहुमतबाट गरिने छ ।

(ङ) साधारणसभामा कुनै विषय उपर विवाद भई पक्ष विपक्षमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन् ।

**९.७. साधारणसभाको काम, कर्तव्य र अधिकार**

(क) एम्नेस्टी इन्टरनेसनलको एकीकृत रणनीतिक योजनामा आधारित एम्नेस्टी नेपाल नेपालको राष्ट्रिय रणनीतिक योजना तर्जुमा गर्ने,

(ख) एम्नेस्टी इन्टरनेसनलको आर्थिक नीतिमा आधारित एम्नेस्टी नेपाल नेपालको आर्थिक नीति तर्जुमा गर्ने ।

(ग) राष्ट्रिय कार्यसमिति तथा पुनरावेदन समितिको निर्वाचन गर्ने ।

(घ) एम्नेस्टी नेपाल नेपालको कार्यप्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, बजेट, कार्ययोजना तथा राष्ट्रिय सचिवालयको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।

(ङ) लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(च) अन्य आवश्यक प्रस्तावहरू पारित गर्ने ।

**१०. राष्ट्रिय कार्यसमिति**

**१०. १ राष्ट्रिय कार्यसमितिको गठन :**

(क) नेसनल बोर्ड (National Board) को गठनः एम्नेस्टी नेपाल नेपालको वार्षिक साधारणसभाको अन्तरालमा आवश्यक पर्ने नीतिगत निर्णय गर्न एवं एम्नेस्टी नेपाल नेपालको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि  निम्न वमोजिम नेसनल बोर्ड (National Board) गठन हुने छ ।

(क) अध्यक्षः १
(ख) उपाध्यक्षः १ जना
(ग) महासचिवः १ जना
(घ) कोषाध्यक्षः १ जना
(ङ) उपमहासचिवः १ जना
(च) सदस्यहरू : छ जना

(ख) नेसनल बोर्डको निर्वाचन

(१) राष्ट्रिय परिषदवाट निम्नानुसारका पदाधिकारिहरुको निर्वाचन हुने छ ।

(क) अध्यक्ष :१ जना
(ख) कोषाध्यक्षको १जना
(ग) सदस्य ७ (कम्तीमा ३ जना महिला सहित) जना ।

नोट : यस उपखण्डको प्रयोजनकालागि मतदानको अधिकारः एम्नेस्टी नेपाल नेपालमा आबद्धताको मान्यता प्राप्त समूहका प्रतिनिधिहरूलाई रहनेछ

(२) तोकिए वमोजिम चयनहुने गरी यूथ नेटवर्क वाट कम्तिमा एकजना महिला सहित दुईजना सदस्य ।

(३) उल्लेखित १ (ग) र २ अनुसरका सदस्यहरु मध्येवाट तोकिए अनुसार दफा १०.१ (क) को वाँकी पदाधिकारीहरुको कार्यविभाजन हुने छ

(४)  निर्वाचन प्रयोजनकालागि नेसनल बोर्डले निर्वाचन हुने मिति तोक्ने समयमा संस्थाका पूर्व अध्यक्ष मध्येवाट एक जनाको संयोजनमा निष्पक्ष निर्वाचन समिति गठन गर्ने छ ।

(घ) कुनै कारण वस यस निर्वाचन प्रयोजनका लागि पूर्व अध्यक्षहरु मध्येवाट सयोजक तोक्न संभव नभएमा  पूर्व उपाध्यक्ष वा महासचिव समेतलाई संयोजकमा तोक्न सकिने छ ।

(ङ) निर्वाचनसम्बन्धि कार्यविधि अन्यथा तोकिएकामा बाहेक संयोजक वा निर्वाचन समितिले तोकेबमोजिम हुने छ ।

(ग) उमेदवारको क्षमता र दक्षता मूल्यांकन समिति (नोमिनेसन कमिटि)

(क) संस्थाको पूर्व अध्यक्षको संयोजकत्वमा तिन सदस्यीय नोमिनेसन कमिटी गठन गरिने छ । यस कमिटिले तोकिए अनुसार नेसनल बोर्डका उमेदवारहरुको क्षमता र दक्षताको मूल्यांकन  गर्नेछ  ।

(ख) यस कमिटिले  साधारण सदस्यहरु मध्येवाट पनि  एआईको परिदृश्य, उद्देश्य, मूल आदर्श बुझेका क्षमता र दक्षवान व्यक्तित्वहरुलाई नेतृत्वमा आउनको लागि त्यस्ता व्यक्तिहरुको पहिचान गरि उनिहरुलाई नेसनल बोर्डको उमेदवारीको लागि प्रोत्साहित र आमन्त्रित गर्न सक्ने छ ।

१०.२. **उम्मेदवारको योग्यता तथा अयोग्यता**

**उम्मेदवारको योग्यता**

(क) एम्नेस्टी नेपाल नेपालको राष्ट्रिय परिषद् बैठकमा हुने नेसनल बोर्ड वा पुनरावेदन समितिको निर्वाचनमा एम्नेस्टी नेपाल नेपालमा आवद्ध समूहका तोकिए अनुसारको योग्यता पुगेका प्रतिनिधिहरु र आमन्त्रित साधारण सदस्यले मात्र उम्मेदवारी दिन पाउने छन् ।

(ख) नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय पाएको, विगतमा मानव अधिकार विरोधी कार्यमा संलग्न भएको, एम्नेस्टी इन्टरनेसनलको नीति तथा कार्यक्रमप्रति अनास्था राख्ने, एम्नेस्टी इन्टरनेसनललाई कुनै रकम तथा जिन्सी तिर्न बाँकी बक्यौता भएको, कुनै पनि राजनीतिक दलको क्षेत्रीय, जिल्ला वा केन्द्रीयस्तरका समितिहरूको सदस्य रहेको वा तोकिए अनुसार नोमिनेसन कमिटिको मूल्यांकनबाट तोकिएबमोजिमको योग्यता नपुगेका व्यक्ति नेसनल बोर्ड(राकास) वा पुनरावेदन समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन । साथै उल्लेखित कुनै कुरा लुकाई उम्मेदवार भई निर्वाचित भएको तथ्य पछी खुल्न आएमा  निर्वाचित भइसकेपछि पनि त्यस्ता समितिहरूको सदस्य भएमा निज स्वतः पदमुक्त भएको मानिने छ । यसरी पदमुक्त भएको घोषणा गर्दा नेसनल बोर्डले निजलाई सफाइको मौकाबाट वञ्चित गर्ने छैन ।

१०.३. **राष्ट्रिय कार्यसमितिको काम, कर्तव्य र अधिकार**

(क) एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय परिषद् बैठक (आई.सी.एम.) र अन्तर्राष्ट्रिय कार्य समिति (आई. ई. सी) एवं  अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) का निर्णयहरू कार्यान्वयन गर्ने गराउने तथा सूचना, निर्देशन र प्रकाशनहरू प्रचार प्रसार गर्ने गराउने,

**स्पष्टीकरणः** तर एम्नेस्टी नेपाल का आन्तरिक दस्ताबेजहरूको सार्वजनिक रूपमा प्रचारप्रसार भने गर्न सकिने छैन ।

(ख) साधारणसभाबाट निर्धारित नीतिअनुरूप कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) एम्नेस्टी नेपालनेपालको प्रशासनिक, आर्थिक, श्रोत व्यवस्थापन र अभियान सञ्चालन जस्ता कार्यहरूको अनुगमन गर्नु,

(घ) राष्ट्रिय कार्यसमितिलाई आवश्यक सल्लाह दिन बढीमा तिन सदस्यीय सल्लाहकार समितिको गठन गर्न सक्ने,

(ङ) संस्थाको विशेष आवश्यकताअनुरूप विभिन्न उपसमिति र विशेष समिति (हरू) को गठन गरी त्यसको काम, कर्तव्य र अधिकार तोक्ने,

(च) एम्नेस्टी नेपाल नेपालको कार्य सञ्चालनका लागि आवश्यक नियम, विनियम, उपनियम तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,

(छ) कुनै सदस्यको सदस्यता; निर्माणाधिन तथा मान्यता प्राप्त समूह, युथ नेटवर्क वा नेशनल बोर्डका पदाधिकारी तथा सदस्यहरूलाई विधान र नियमावली अनुरूप निलम्बन, निष्कासन वा खारेज गर्ने,

(ज) ए.आई र एम्नेस्टी नेपाल नेपालको नीति एवं विधानअनुरूपको कार्यमा सदस्य, समूह एवं युथ नेटवर्कलाई सक्रिय बनाउन आवश्यक निर्देशिका एवं कार्यविधि(हरू) निर्माण गरी लागू गर्ने र

(झ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

१०.४. **अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार,**

राष्ट्रिय कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(१)  अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) राकास बैठकको अध्यक्षता तथा सञ्चालन गर्ने,

(ख) मतदानको कार्यमा मत बराबर भएमा निर्णायक मत दिने,

(ग) एम्नेस्टी नेपाल नेपालका तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

(घ) आवश्यकताअनुसार अन्य पदाधिकारी तथा सदस्यहरूलाई कार्यभार सुम्पने, र

(ङ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

२)  उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) अध्यक्षलाई निजको काममा सहयोग गर्ने,
ख) अध्यक्षले तोकेको जिम्मेवारी पूरा गर्ने,
ग) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र
घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

३) महासचिवको काम, कर्तव्य र अधिकार
(क) अध्यक्षको सल्लाहमा राकासको बैठक तथा अन्य सभाहरू बोलाउने,
(ख) अभिलेखहरू तयार गरी सुरक्षित राखिएको सुनिश्चित गर्ने,
(ग) वार्षिक साधारणसभामा राकासको गतिविधिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने, र
(घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

४) उपमहासचिवको काम, कर्तव्य र अधिकार
क) महासचिवलाई निजको काममा सहयोग गर्ने,
ख) महासचिवको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र
ग) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार
क) एम्नेस्टी नेपाल नेपालको कोषको सञ्चालन नियमानुसार भएको सुनिश्चित गर्ने,
ख) वार्षिक साधारणसभामा एम्नेस्टी नेपाल नेपालको आय-व्यय विवरण प्रस्तुत गर्ने,
ग) एम्नेस्टी नेपाल नेपालको लेखा दुरुस्त राखिएको सुनिश्चित गर्ने,
घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

६) सदस्यहरूको काम, कर्तव्य र अधिकार
क) राकासको बैठकमा नियमित उपस्थित भई छलफलमा सक्रिय रूपमा सहभागी हुने,
ख) एम्नेस्टी नेपाल नेपालद्वारा आयोजना गरिएका कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउने,
ग) एम्नेस्टी नेपाल नेपालको गतिविधि तथा कार्यक्रमहरूलाई प्रभावकारी बनाउन रचनात्मक सहयोग गर्ने,
घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

**१०.५. राकासको बैठक**

(१) राकासको बैठक विशेष परिस्थितिमा बाहेक प्रत्येक तिन महिनामा एकपटक बस्ने छ ।
(२) राकास बैठकको गणपूरक सङ्ख्या (कोरम) ५१ प्रतिशत हुने छ ।
(३) राकासको बैठकमा मतभेद भई दुबैतर्फ मत बराबर भएको खण्डमा अध्यक्षले निर्णायक मत दिने छन् ।
(४) राकासको बैठक नबसेको समयमा गर्नुपर्ने आवश्यक कार्यहरू महासचिवले अध्यक्षको परामर्श र सहमतिमा कार्यान्वयन गर्न सक्ने छन् र त्यसलाई आगामी राकास बैठकमा आवश्यकताअनुसार पेस गरी अनुमोदन गराउनु पर्ने छ ।
(५) एम्नेस्टी नेपाल नेपालका निर्देशक राकास बैठकमा सहभागी हुने छन् तर निजलाई मताधिकार भने हुने छैन ।
(६) राष्ट्रिय सचिवालयका अन्य कर्मचारीलाई पनि राकास बैठकमा आमन्त्रण गर्न सकिने छ तर बैठकमा उनीहरूको पनि मताधिकार हुने छैन ।

**१०.६. पदरिक्तता**

देहायका मध्ये कुनै एक अवस्थाहरूमा राकासको कुनै पदाधिकारीको पद रिक्त भएको मानिने छ :
(१) मृत्यु भएमा,
(२) अध्यक्षले राष्ट्रिय कार्य समितिसमक्ष र अन्य पदाधिकारीले अध्यक्षसमक्ष दिएको राजिनामा राष्ट्रिय कार्यसमितिबाट स्वीकृत भएमा,
(३) संस्थाको कार्यादेश (Mandate) वा हितविपरीत कार्य गरेको भनी राकासले निलम्बनलगायत निष्कासनसम्मका अन्य कार्बाही गरी साधारणसभाबाट पदमुक्त गर्ने प्रस्ताव पारित भएमा,
(४) लगातार राकासको तिन ओटा बैठकमा बिनासूचना अनुपस्थित भएमा,
स्पष्टीकरण : यो दफाको खण्ड (३) र (४) को अवस्थामा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

(५) कुनै समूह खारेज भएको स्थितिमा सो समूहका कुनै सदस्य राकासको पदाधिकारी वा सदस्य रहेको भएमा निज स्वतः पदमुक्त हुने छन् ।

(६) सदस्यता नरहेमा वा सदस्यताको म्याद समाप्त भएमा ।

**१०.७. रिक्त पदको पूर्ति**

(क) कुनै कारणवश नेसनल बोर्डको अध्यक्षको पद रिक्त भएमा बाँकी अवधिका लागि उपाध्यक्षले स्वतः अध्यक्ष पद सम्हाल्ने छन्

(ख) महासचिवको पद रिक्त भएमा उपमहासचिवले बाँकी अवधिका लागि स्वतः महासचिवको पद सम्हाल्ने छन् ।

(ग) उपाध्यक्ष, उपमहासचिव र कोषाध्यक्षको कुनै पद रिक्त भएको अवस्थामा नेसनल बोर्डले निर्वाचित नेसनल बोर्ड सदस्यहरूमध्येबाट वा एम्नेस्टी नेपालको सदस्यहरु मध्येवाट रिक्त पदमा बाँकी अवधिका लागि पद पूर्ती गर्ने छ ।

(घ) उल्लेखित वाहेक अन्य पदाधिकारीको पद रिक्त हुन आएमा नेसनल बोर्डले वाँकी अवधिका लागि एम्नेस्टी नेपालको सदस्यहरु मध्येबाट पदपूर्ति गर्ने छ ।

(ङ) रिक्त पदमा पूर्ती गर्दा, एक समुहवाट एक भन्दा वढी पदाधिकारी वा सदस्य नहुने कुराको सुनिश्चितता गरिने छ ।

**११. पुनरावेदन समिति**

(१) साधारणसभाले नेसनल बोर्डको निर्वाचनसँगै एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूहका सदस्यहरूमध्येबाट एक संयोजक र एक जना महिला सदस्यसहित दुई जना सदस्य रहेको कुल तिन सदस्यीय पुनरावेदन समितिको निर्वाचन गर्ने छ, जसले समूह विघटन तथा सदस्यता खारेजी एवं सदस्यता नविकरण नगर्ने नेसनल वोर्डको निर्णय सम्बन्धी विषयहरूउपर पुनरावेदन सुन्ने छ । पुनरावेदन समितिका संयोजक एवं सदस्यहरूको कार्यकाल राष्ट्रिय कार्यसमितिसरह हुने छ ।

(२) पुनरावेदन समितिको कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुने छ ।

(३) पुनरावेदन समितिले आफूलाई प्राप्त पुनरावेदनमा सामान्यतया तिन महिनाभित्रमा निर्णय दिने छ र यसको निर्णय अन्तिम हुने छ ।

(४) पुनरावेदन समितिले आवश्यकतानुसार विवादित विषयका सम्बन्धमा जाँचबुझ गर्ने, प्रमाण सङ्कलन गर्ने तथा सम्बद्ध व्यक्तिहरूसँग सोधपुछ गर्न सक्ने छ । समितिलाई सहयोग गर्नु सम्बद्ध व्यक्ति तथा पक्षहरूको कर्तव्य हुने छ । समितिप्रतिको असहयोगलाई त्यस्ता व्यक्ति वा पक्षहरूविरुद्धको प्रमाणका रूपमा मान्न सकिने छ ।

(५) यस समितिको संयोजक र सदस्य पदमा उम्मेदवारी दिनका लागि राकास सदस्यसरहको योग्यता पुगेको हुनु पर्ने छ ।

**१२. राष्ट्रिय सचिवालय**

एम्नेस्टी नेपाल नेपालको दैनिक कार्य सञ्चालनका लागि एक राष्ट्रिय सचिवालय रहने छ । सचिवालयको सञ्चालनका लागि राकाले एक जना निर्देशकको नियुक्ति गर्ने छ । निर्देशक राकासप्रति उत्तरदायी हुने छ र अन्य कर्मचारीहरूको नियुक्ति निजले गर्ने छ ।

**१३. समूह, निर्माणाधीन समूह एवं युथ नेटवर्क**

**१३.१ निर्माणाधीन समूहको गठन**

नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम २५ जना सदस्यहरूले एम्नेस्टी नेपाल नेपालको निर्माणाधीन समूह गठन गर्न आवेदन दिएमा राकासले स्वीकृति दिन सक्ने छ । निर्माणाधीन समूहको मान्यताका लागि -

(क) निर्माणाधीन समूहको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू राकाससमक्ष प्रस्तुत गरेको हुनुपर्ने छ ।

(ख) तोकिएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्दछ ।

(ग) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पूरा गरेको हुनुपर्ने छ ।

**१३.२ समूहको गठन**

एम्नेस्टी नेपाल नेपालका निर्माणाधीन समूहहरू राष्ट्रिय कार्यसमितिको निर्णय र अन्तर्राष्ट्रिय सचिवालयको समर्थनमा एम्नेस्टी नेपाल को समूहका रूपमा आबद्ध हुन सक्ने छन् । एम्नेस्टी नेपाल नेपालमा आबद्ध समूहलाई समूह नम्बर प्रदान गरिने छ । यसरी समूहका रूपमा आबद्धता प्राप्त गर्न :

(क) तोकिएबमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्नेछ ।
(ख) न्यूनतम २५ जना सदस्य आबद्ध रहेको हुनुपर्ने छ ।
(ग) न्यूनतम ६ महिना निर्माणाधीन समूहको रूपमा कार्य गरिसकेको हुनुपर्ने छ ।
(घ) तोकिएको ढाँचामा समूहको विनियम समूह साधारण सभाबाट पारित गराई स्वीकृतिका लागि राष्ट्रिय कार्यसमितिमा पेस गरिसकेको हुनुपर्ने छ ।
(ङ) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पूरा गरेको हुनुपर्ने छ ।
(च) समूहको मान्यता सम्बन्धमा राकासले बढीमा २ वर्षभित्रमा निर्णय दिनुपर्ने छ ।

**१३.३ समूह कार्यसमिति**

(क) समूह वा निर्माणाधिन समूह कार्यसमिति ७ देखि ११ सदस्यीय हुनेछ ।
(ख) कार्यसमितिका पदाधिकारीहरूमा एक/एक जना संयोजक, उपसंयोजक, सचिव, सहसचिव, कोषाध्यक्ष र बढीमा ६जना सदस्यहरूरहने छन्
(ग) कार्यसमितिमा कम्तीमा ३३ प्रतिसत महिला अनिवार्य हुनुपर्ने छ ।
(घ) समूह वा निमार्णाधिन कार्य समितिको पदावधि दुई वर्षको हुने छ ।

**१३.४ समूहका काम, कर्तव्य तथा अधिकारहरू**

(१) प्रत्येक समूहले ६-६ महिनामा आफ्नो सदस्यता, समूह गतिविधिका विवरणहरू, आर्थिक स्थिति र अन्य सम्बन्धित विषयहरूसम्बन्धी तोकिएबमोजिमको विवरण राकासमा उपलब्ध गराउनुपर्ने छ ।
(२) समूहको कार्यसमितिको बैठक प्रत्येक महिना बस्नुपर्ने छ ।
(३) समूहको साधारणसभा प्रत्येक वर्ष बस्नुपर्ने छ ।
(४) समूहहरूले एम्नेस्टी नेपाल नेपालको राष्ट्रिय रणनीतिक योजना तथा एम्नेस्टी नेपाल को नीतिको परिधिभित्र रही वार्षिक न्यूनतम तिन ओटा सार्वजनिक कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।
(५) समूहले आफ्नो नियमित लेखा राख्नुपर्ने छ ।
(६) आफ्ना क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्नका लागि समूहले तोकिएको ढाँचाको विनियम तयार गर्नुपर्ने छ जुन राकासबाट अनुमोदन भएपछि लागू हुने छ ।
(७) सदस्यता वृद्धि गर्नुपर्ने छ ।

१३.५. समूह वा निर्माणाधीन समूहलाई कुनै अनुदान वा ऋण उपलब्ध गराउन र समूह वा निर्माणाधीन समूहले लिएको अनुदान वा ऋण भुक्तान गर्न राकास जिम्मेवार हुने छैन ।

**१३.६ समूह विघठन** :

(क) एम्नेस्टी नेपालको समूहका रूपमा आबद्धताको मान्यता रहिरहनका लागि तोकिए बमोजिका आधार र प्रक्रिया पूरा नगरेका समूहहरूलाई प्रक्रिया पूरा गरी नेसनल वोर्डले समूह विघटन सम्बन्धी निर्णय गर्न सक्ने छ ।
(ख) आधार र प्रक्रिया पूरा गर्न नसकेको कुनै समुह वा समुहहरुबाट मर्जरको लागि माग भै आएमा नेसनल बोर्डले तोकिए अनुसार स्वीकृत दिन सक्ने छ ।

१४. युथ नेटवर्कको गठन, सञ्चालन एवं विघठन तोकिएबमोजिम हुने छ ।

भाग-५

## आर्थिक व्यवस्था

**१५. संस्थाको कोष**

(१) एम्नेस्टी इन्टरनेसनल नेपालको नाममा देहायबमोजिम प्राप्त भएका सबै चल, अचल सम्पत्ति एम्नेस्टी नेपालनेपालको सम्पत्ति हुने छ ।

(क) सदस्य तथा समूहहरूबाट प्राप्त हुने प्रवेश शुल्क, सदस्यता शुल्क, वार्षिक शुल्कहरू तथा अन्य सहयोगस्वरूप प्राप्त नगद तथा जिन्सी,
(ख) स्वदेशी तथा विदेशी व्यक्ति तथा निकायबाट प्राप्त सहयोग तथा अनुदान,
(ग) प्रकाशनका ग्राहकहरूबाट सङ्कलित रकम, साहित्य र प्रकाशनको बिक्रीबाट प्राप्त रकमलगायत अन्य अर्थ सङ्कलन क्रियाकलापहरूबाट प्राप्त रकम,
(घ) बैङ्क तथा वित्तीय संस्थाहरूबाट लिइएको ऋण आदि ।

(ङ) अन्तर्राष्ट्रिय सचिवालय वा अन्य एम्नेस्टी नेपाल संरचना वा अन्य एम्नेस्टी नेपाल शाखाहरूबाट प्राप्त सहयोग, अनुदान, ऋण आदि ।

(२) एम्नेस्टी नेपाल नेपालको सम्पूर्ण सम्पत्तिको हिसाबकिताब दुरुस्त राखिने छ ।

(३) एम्नेस्टी इन्टरनेसनल नेपालको नाममा स्वदेशी वा विदेशी सरकारबाट आर्थिक सहयोग स्वीकार हुने छैन तर मानव अधिकार शिक्षा कार्यक्रमहरूका लागि आई.ई.सी. ले तोकेबमोजिम पूर्व स्वीकृति लिएर वा निश्चित सहयोग लिनका लागि एम्नेस्टी नेपाल अन्तर्राष्ट्रिय कार्यालयले तोकेको अन्य प्रक्रिया पूरा गरी सरकारी आर्थिक सहयोग लिन सकिने छ । सम्बन्धित अन्तर्राष्ट्रिय आर्थिक निर्देशनहरूको पालना सुनिश्चित गर्न सबै आर्थिक सहयोगहरू राकासबाट परिचालित हुने छ ।

(४) एम्नेस्टी नेपालनेपालका सबै सम्पत्ति तथा श्रोतहरू यस विधानको भाग दुईमा उल्लिखित उद्देश्यहरू पूरा गर्नका लागि परिचालन गरिने छन् ।

(५) विदेशस्थित संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिँदा यस संस्थाले समाज कल्याण परिषद्को स्वीकृति लिने छ ।

**१६. संस्थाको कोषको सञ्चालन प्रक्रिया**

(१) एम्नेस्टी नेपाल नेपालको नाममा प्राप्त हुने सबै नगद सम्पत्ति तोकिएको बैङ्क वा बैङ्कहरूमा तोकेबमोजिमको खाता खोली जम्मा गरी राखिने छ ।

(२) एम्नेस्टी नेपाल नेपाल शाखाको बैङ्क खाता अध्यक्ष, महासचिव, कोषाध्यक्ष र निर्देशकमध्ये कुनै दुईको हस्ताक्षरबाट सञ्चालन हुने छ तर दुईमध्ये कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने छ ।

**१७ लेखापरीक्षण**

(१) हरेक आर्थिक वर्षको अन्त्यमा संस्थाको आय-व्यय तथा सम्पत्तिको विवरण साधारणसभाले तोकेबमोजिमको मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई साधारणसभाबाट पारित गराइने छ ।

(२) त्यसरी पारित गरिएको लेखापरीक्षण प्रतिवेदन वार्षिक रूपमा स्थानीय अधिकारी, समाज कल्याण परिषद् र एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयमा पेस गरिने छ ।

## भाग-६
## विधान संशोधन

**१८. विधान संशोधन**

(१) राकासले आवश्यक सम्झेमा वा एम्नेस्टी नेपाल नेपालको कुनै समूहले समूहको निर्णयसाथ राकाससमक्ष संशोधन प्रस्ताव पेस गरेमा राकासले त्यस्तो विधान संशोधन प्रस्ताव साधारणसभामा पेस गर्न सक्ने छ ।

(२) समूहले पेस गर्ने विधान संशोधनसम्बन्धी प्रस्ताव समूहहरूको कार्यसमिति वा साधारणसभाबाट र राकासले पेस गर्ने प्रस्ताव राकासको बैठकबाट पारित भएको हुनुपर्ने छ ।

(३) विधान संशोधनसम्बन्धी प्रस्ताव साधारणसभा हुनुभन्दा ३० दिन अगावै राष्ट्रिय सचिवालययमा दर्ता गराउनुपर्ने छ ।

(४) यसरी दर्ता हुन आएको विधान संशोधनसम्बन्धी प्रस्ताव सचिवालयले साधारणसभा सुरु हुनुभन्दा २१ दिन अगावै सम्पूर्ण समूहहरूमा पठाउनुपर्ने छ ।

(५) समूहबाट आएको विधान संशोधनसम्बन्धी प्रस्तावमा राकासले उपयुक्त देखेमा संशोधन प्रस्ताव पेस गर्न सक्ने छ ।

(६) उल्लिखित विधान संशोधनसम्बन्धी वा सो प्रस्तावलाई संशोधन गर्नेसम्बन्धी दुबै प्रस्ताव साधारणसभामा छलफलमा ल्याइने छ ।

(७) प्रस्तुत संशोधन प्रस्ताव साधारणसभामा उपस्थित मताधिकार प्राप्त प्रतिनिधिहरूको दुई तिहाई बहुमतबाट पारित भएमा विधान संशोधन हुने छ ।

## भाग-७
## विविध

**१९. अविश्वासको प्रस्ताव**

(१) देहायको अवस्थामा एम्नेस्टी नेपाल नेपालको सम्पूर्ण समूह सङ्ख्याको २५ प्रतिशत समूहहरूको कार्य समितिको निर्णयका साथ संयुक्त रूपमा राकास तथा पुनरावेदन समितिका पदाधिकारीविरुद्ध एम्नेस्टी नेपाल नेपालको सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गराउन ल्याएमा सचिवालयले ४५ दिनभित्रमा राष्ट्रिय परिषद्को आकस्मिक बैठक बोलाई अविश्वासको प्रस्तावउपर छलफल गराउनु पर्ने छ । यदि ९० दिनभित्र राष्ट्रिय परिषद्

बैठक आह्वान गरिएको भएमा सोही नियमित बैठकमा यस्तो प्रस्ताव पेस गरिने छ। राकासउपरको अविश्वास प्रस्तावमा सभाको अध्यक्षता साधारणसभाले तोकेको व्यक्तिले गर्ने छ।

(क) संस्थाको कार्यादेश विपरीत काम गरेमा

(ख) संस्थाको हितविपरीतको कार्य गरेमा।

(२) यसरी अविश्वासको प्रस्तावउपर छलफल हुँदा सफाइको मौकाबाट वञ्चित गरिने छैन।

(३) राष्ट्रिय परिषद्को आकस्मिक बैठकमा उपस्थित मताधिकार प्राप्त सदस्यहरूको दुई तिहाई बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएको खण्डमा राकास वा पुनरावेदन समिति भङ्ग हुने छ र सोही सभाबाट नयाँ राकास वा पुनरावेदन समितिको निर्वाचन गरिने छ।

(४) अविश्वासको प्रस्ताव वर्षमा एकपटक भन्दा बढी ल्याउन सकिने छैन।

२०. यस विधानमा जुनसुकै कुरा लेखिएको भए तापनि एम्नेस्टी नेपाल को अन्तर्राष्ट्रिय परिषद्, अन्तर्राष्ट्रिय कार्यसमिति तथा अन्तर्राष्ट्रिय सचिवालयबाट भएका निर्णय, निर्देशन तथा एम्नेस्टी नेपाल को विधान र प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुने छ।

२१. **संस्थाको विघटन :**

(१) एम्नेस्टी नेपालनेपालको विघटनको सिफारिस एम्नेस्टी नेपालनेपाल राष्ट्रिय परिषद् सदस्यहरूको दुई तिहाई बहुमतले मात्र गर्न सक्ने छ। यस्तो सिफारिस अन्तर्राष्ट्रिय कार्य समितिले अनुमोदन गरेपछि मात्र लागू हुने छ।

(२) एम्नेस्टी नेपाल नेपालको विघटनसम्बन्धी अन्तिम निर्णय अन्तर्राष्ट्रिय कार्यसमितिबाट हुने छ।

(३) विघटनपश्चात् एम्नेस्टी नेपालनेपालको ऋण तथा दायित्वहरू फछ्र्यौट गरी बाँकी रहेको सम्पत्ति अन्तर्राष्ट्रिय कार्यसमितिको सहमतिमा नेपाल सरकारको हुने छ।

२२. **विधानको व्याख्या**

यस विधानलाई व्याख्या गर्ने अधिकार राकाससँग रहने छ। व्याख्यामा गम्भीर मतभेद उत्पन्न भएमा अन्तिम व्याख्या गर्ने अधिकार भने क्रमशः साधारणसभा र अन्तर्राष्ट्रिय सचिवालयममा निहित रहने छ।

२३. **खारेजी तथा बचाऊ**

यो विधान लागू हुनुअघि भएगरेका कार्यहरू यसै विधानअनुरूप भएको मानिने छ।

♣ समाप्त ♣

# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको

## साधारणसभा नियमावली २०६२ (सन् २००५)*

एम्नेस्टी इन्टरनेसनल नेपाल

**प्रस्तावना**

एम्नेस्टी इन्टरनेशनल नेपाल शाखाको साधारणसभा व्यवस्थित र नियमित रुपमा सञ्चालन गर्नका लागि एम्नेस्टी नेपाल नेपालको विधान अनुरूप **नेशनल बोर्डले** यो नियमावली बनाई लागू गरेको छ ।

परिच्छेद-१
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस नियमावलीको नाम "एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा नियमावली २०६२ (२००५)" को पहिलो संशोधन २०६१(सन् २०१०),दोस्रो संशोधन २०६७ (सन् २०११) ***तेस्रो संसोधन २०७३, ( सन् २०१६ )*** रहनेछ ।
(ख) यो नियमावली साधारणसभाबाट अनुमोदन भएपछि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "एम्नेस्टी नेपालनेपाल" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखालाई जनाउनेछ ।

(ख) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानलाई जनाउनेछ ।

(ग) "समूह वा निर्माणाधिन समूह" भन्नाले एम्नेस्टी नेपाल नेपाल शाखाको विधान बमोजिम आवद्धता प्राप्त गरेका समूह वा निर्माणाधिन समूहलाई बुझाउनेछ ।

(घ) "साधारणसभा" भन्नाले एम्नेस्टी नेपाल नेपाल शाखाको वार्षिक साधारणसभालाई जनाउनेछ ।

(ङ) "नेशनल बोर्ड " भन्नाले एम्नेस्टी नेपाल नेपालको परिषद बैठकबाट निर्वाचित समितिलाई जनाउनेछ ।
(च) " नेशनल बोर्ड पदाधिकारी" भन्नाले नेशनल बोर्डका अध्यक्षदेखि सदस्यसम्मलाई जनाउनेछ ।
(छ) "अध्यक्ष" भन्नाले नेशनल बोर्डका अध्यक्ष वा निजको अनुपस्थितिमा निजको कार्य सम्पादन गर्ने व्यक्तिलाई बुझाउनेछ ।
(झ) "पर्यवेक्षक" भन्नाले एम्नेस्टी नेपाल नेपालमा आवद्ध निर्माणाधीन समूह र नेशनल बोर्डबाट तोकिएका साधारणसभामा प्रतिनिधित्व गर्ने व्यक्तिहरूलाई बुझाउनेछ ।
(ञ) "निर्वाचन अधिकृत" भन्नाले नेशनल बोर्ड र पुनरावेदन समितिको निर्वाचनका लागि नियुक्त निर्वाचन अधिकृतलाई बुझाउनेछ ।
(ट) "कर्मचारी" भन्नाले एम्नेस्टी नेपाल नेपालको राष्ट्रिय सचिवालयमा करारमा कार्यरत निर्देशक समेतका कर्मचारीहरूलाई बुझाउनेछ ।

परिच्छेद-२
**साधारणसभा**

**३. साधारणसभा र गणपूरक संख्याः**

३.१ साधारणसभा

साधारणसभा एम्नेस्टी नेपाल नेपालको नीतिगत निर्णय लिने सर्वोच्च निकाय हुनेछ । राष्ट्रिय परिषद र समूहहरूको राष्ट्रिय बैठक गरी यसको २ वटा स्वरूप हुनेछ । राष्ट्रिय परिषदको बैठक हरेक २/२ वर्षमा बस्नेछ । समूहहरूको राष्ट्रिय बैठक राष्ट्रिय परिषद बैठकको अन्तरालमा हरेक वर्ष बस्नेछ ।

* *१८औं र १९औं वार्षिक साधारणसभाले गरेको संशोन समाविष्ट*

३.२ गणपूरक संख्या

साधारणसभाको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

४. **राष्ट्रिय परिषदको गठन** : राष्ट्रिय परिषदको बैठक हरेक २-२ वर्षमा बस्नेछ, जसमा देहाय बमोजिमका सदस्यहरू रहने छन् :

(अ) नेशनल बोर्डका पदाधिकारी ।
(आ) पुनरावेदन समितिका पदाधिकारीहरु

(इ) समूहहरुका दुई-दुई जना प्रतिनिधि ।

(ई) निर्माणाधीन समूहका एक-एकजना पर्यवेक्षक ।

(उ) राष्ट्रिय सचिवालयका कर्मचारीहरु

(ऊ) नेशनल बोर्डले तोकेका अन्य पर्यवेक्षकहरू ।

५. **समूहहरुको राष्ट्रिय बैठकको गठनः** समूहहरूको राष्ट्रिय बैठक राष्ट्रिय परिषद बैठकको अन्तरालमा हरेक वर्ष बस्नेछ, जसमा देहाय बमोजिमका सदस्यहरू रहने छन् :

(अ) नेशनल बोर्डका पदाधिकारी ।
(आ) पुनरावेदन समितिका पदाधिकारीहरु

(इ) समूहहरुका एक-एक जना प्रतिनिधि ।

(ई) निर्माणाधीन समूहका एक-एकजना पर्यवेक्षक ।

(उ) राष्ट्रिय सचिवालयका कर्मचारीहरु

(ऊ) नेशनल बोर्डले तोकेका अन्य पर्यवेक्षकहरू ।

६. एम्नेस्टी नेपाल नेपाल शाखाको वार्षिक साधारणसभा हुनुभन्दा २ महिना अघिसम्म आफ्नो वार्षिक साधारणसभा सम्पन्न नगर्ने समूह वा निर्माणाधीन समूहबाट साधारणसभामा प्रतिनिधित्व हुने छैन ।

७. साधारणसभामा सहभागी सदस्यहरूमध्ये समूहहरूबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरूलाई मात्र मताधिकार हुनेछ ।

८. नेशनल बोर्ड एवं पुनरावेदन समितिको नियमित निर्वाचन तथा एम्नेस्टी नेपाल नेपाल शाखा विघटनको सिफारिस गर्ने निर्णय केवल राष्ट्रिय परिषद्बाट गरिने छ, अन्य विषयहरूको सम्बन्धमा राष्ट्रिय परिषद् र समूहहरूको राष्ट्रिय बैठकको समान अधिकार हुनेछ ।

९. **विशेष सधारणसभा** :
एम्नेस्टी नेपाल नेपाल अन्तर्गतका समूहहरूमध्ये २५ प्रतिशत समूहहरूद्वारा कार्यसमितिको निर्णयसहित विशेष कारण देखाई विशेष साधारणसभाको माग गरी अनुरोध प्राप्त भएमा नेशनल बोर्डले त्यस्तो अनुरोध प्राप्त भएको ४५ दिनभित्र विशेष साधारणसभा बोलाउने छ ।

(क) विशेष साधारणसभा जुन कार्यका लागि माग भएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय लिइनेछ ।
(ख) विशेष साधारणसभाको गठन विधानको दफा ९.४ बमोजिम हुने छ ।
(ग) विशेष साधारणसभा माग भएको ९० दिनभित्र नियमित वार्षिक साधारणसभा बस्ने भए त्यस्तो विशेष साधारणसभा बोलाउन नेशनल बोर्ड बाध्य हुने छैन तर विशेष साधारणसभामा पेस गर्ने भनिएका प्रस्ताव नियमित साधारणसभामा प्रस्तुत गर्नु पर्ने छ ।

परिच्छेद-३

## साधारणसभाको संचालन

१०. **साधारणसभाको बैठक** :

(क) एम्नेस्टी नेपाल नेपालको साधारणसभा हरेक वर्ष नेशनल बोर्डले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(ख) साधारणसभा हुने मिति र स्थानको जानकारी प्रत्येक समूह तथा निर्माणाधीन समूहलाई ४५ दिन अगावै

दिनुपर्नेछ ।

(ग) कुनै पनि समूह वा निर्माणाधीन समूहले साधारणसभामा भाग लिन तोकिए बमोजिमको शुल्क भुक्तानी गरी नवीकरण गरेको हुनु पर्नेछ ।

(घ) साधारणसभाका प्रतिनिधि तथा पर्यवेक्षकहरूको नाम सभा हुनुभन्दा कम्तिमा १५ दिन पूर्व एम्नेस्टी नेपाल नेपाल राष्ट्रिय सचिवालयमा विधिवत दर्ता भइसकेको हुनुपर्नेछ र कम्तिमा १५ दिन अगावै त्यस्ता प्रतिनिधि तथा पर्यवेक्षकहरूले एम्नेस्टी नेपाल नेपालको सदस्यता ग्रहण वा नवीकरण गरेको हुनुपर्नेछ ।

तर पहिला दर्ता गराइएको नाम अनुरूपको व्यक्ति उपस्थित हुन नसकेमा उचित कारण खोली समूहले निवेदन दिएमा अध्यक्ष वा निजले तोकेको नेशनल बोर्ड पदाधिकारीको सिफारिशमा सभामा भाग लिन पाउन सक्नेछ ।

११. **साधारण सभाको अध्यक्षता र सभा सञ्चालन**

(क) साधारणसभाको अध्यक्षता नेशनल बोर्डले तोकेको व्यक्तिले गर्नेछन् ।

(ख) साधारणसभा सञ्चालन र आदेश (Order) का लागि अध्यक्षता गर्ने व्यक्ति जिम्मेदार हुनेछन् ।

(ग) साधारणसभाको प्रतिवेदन तयार गर्न अध्यक्षले ३ जनासम्म प्रतिवेदक (Rapporteurs) नियुक्त गर्नेछन् ।

(घ) बैठकका निर्णयहरू तथा अल्पमतको भावनालाई समेत समेट्ने गरी छलफलमा प्रतिविम्वित भावना तथा छलफलको सन्तुलित निचोडसमेतलाई समेटी प्रतिवेदन तयार गर्नु प्रतिवेदकहरूको कर्तव्य हुनेछ ।

(ङ) नेशनल बोर्डको सिफारिसमा साधारण सभाले २जना गणक (Tellers) नियुक्त गर्ने छ ।

(च) गणकको काम साधारणसभामा मतदान हुँदा अध्यक्षलाई र निर्वाचन हुँदा निर्वाचन अधिकृतलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउनु हुनेछ ।

(छ) बैठक सुचारु रूपले सञ्चालन गर्न अध्यक्षले कसैलाई पनि बोल्नबाट रोक लगाउन उपयुक्त सम्झेमा रोक लगाउन सक्नेछन् ।

(ज) बैठकको अवधिमा अध्यक्षले आवश्यक परेको खण्डमा यो नियमावलीको व्याख्याबारे र बैठक सञ्चालन विधि सम्बन्धी विवादित प्रश्नहरूको सम्बन्धमा फैसला (Ruling) गर्न सक्नेछन् ।

(झ) अध्यक्षको फैसलाका सम्बन्धमा कुनै विवाद उत्पन्न भए उक्त फैसलालाई तत्काल निर्णयका लागि बैठक समक्ष प्रस्तुत गरिनेछ र बैठकको निर्णय अनुसार नै हुनेछ ।

(ञ) अध्यक्षले कुनै पनि समय साधारणसभाको चालू सत्र निश्चित समयको लागि स्थगन गर्न सक्नेछन् ।

(ट) अध्यक्षले कुनै पनि समयमा वक्ताहरूको समयावधि सिमित गर्न सक्नेछन् । अध्यक्षले बैठक समक्ष बोल्न चाहने सहभागीहरूको नाम बोल्न शुरु गर्नु अघि नै सूचिकृत गर्नेछन् र अन्य वक्ताहरूको सूची बन्द गर्न शिफारिस गर्न सक्नेछन् ।

तर यो व्यवस्थाले कुनै पनि सहभागीको प्रतिवेदन प्रस्तुत गर्ने वा प्रस्ताव पेश गर्ने अधिकारलाई खण्डित गर्नेछैन ।

(ठ) अध्यक्षले कुनै पनि समय छलफलका विषयहरू (Agenda) को कुनै खास विषयमा समयावधि सिमित गर्ने वा समयावधि समाप्त भएको घोषणा गरी विषयलाई मत (Vote) का लागि लैजान वा छलफल बन्द गर्ने प्रस्ताव गर्न सक्नेछन् ।

## परिच्छेद-४
## **छलफलका विषयहरू**

१२. **छलफलका विषयहरू** (Agenda)

(क) साधारणसभामा छलफलका लागि कुनै पनि विषय समावेश गर्नको लागि नेशनल बोर्ड वा समूहहरूबाट मात्र प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।

(ख) नेशनल बोर्डका महासचिव र निर्देशकले अध्यक्षसँग परामर्श गरी साधारणसभामा छलफल हुने विषयहरू (Agenda) तयार गरी साधारणसभा शुरु हुनु १५ दिन अगावै समूह तथा निर्माणाधीन समूहहरूमा पठाउनु पर्नेछ, जसलाई साधारणसभामा पेश गरिनु अगावै नेशनल बोर्डको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(ग) समूहका तर्फबाट प्रस्तुत हुने कुनै पनि प्रस्ताव समूहको कार्यसमितिको निर्णयको प्रतिलिपिका साथ विशेष प्रस्तावका रूपमा साधारणसभा शुरु हुनु २१ दिन अगावै राष्ट्रिय सचिवालयमा दर्ता गराउनु पर्नेछ ।

(घ) उल्लिखित प्रस्तावहरू साधारणसभाको प्रथम सत्रमै स्वीकृतिका लागि प्रस्तुत गरिनेछ र बैठकको स्वीकृति पश्चात् मात्र ती विषयहरू साधारणसभाको छलफलको विषयमा समावेश भएको मानिनेछ ।

(ङ) साधारणसभाबाट स्वीकृत भएमा बाहेक अन्य कुनै पनि विषयका सम्बन्धमा बैठकमा छलफल गरिनेछैन ।

(च) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएपनि अत्यन्त जरूरी विषयका सम्बन्धमा बैठकमा छलफल हुन आवश्यक देखिएमा त्यस्तो विषयमा जरूरी प्रस्ताव (Emergency Resolution) का रूपमा साधारणसभा प्रारम्भ हुनुभन्दा १२ घण्टा पहिले नेशनल बोर्डले सचिवालयमा दर्ता गर्न सक्नेछ ।

(छ) उल्लिखित १२ घण्टाको समय भन्दा पछि दर्ता हुन आएको कुनै पनि प्रस्तावलाई जरूरी प्रस्तावका रूपमा लिइनेछैन ।

(ज) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि एम्नेस्टी नेपालको कार्यसँग असम्बन्धित र संस्थाको मर्यादामा आँच आउने खालका कुनै पनि प्रस्तावलाई नेशनल बोर्डले साधारणसभाको छलफलको विषयको रूपमा समावेश गर्ने छैन ।

## परिच्छेद-५
## योजना तथा प्रतिवेदन प्रस्तुति

**१३. देहाय बमोजिमका प्रतिवेदनहरू देहाय बमोजिमका व्यक्तिहरूले तयार गरी प्रस्तुत गर्नु पर्नेछ** :

(क) एम्नेस्टी नेपाल नेपालको इउभचबतष्यलबर्ा एबिल अन्तर्गत सञ्चालन भएका गतिविधिहरुको वार्षिक प्रतिवेदन निर्देशक वा निजको अनुपस्थितिमा निजको जिम्मेवारी सम्हालेका वा नेशनल बोर्डलेतोकेको व्यक्ति ले प्रस्तुत गर्नेछन् । त्यस्तो प्रतिवेदनमा एम्नेस्टी नेपाल नेपालले गत साल सम्पन्न गरेका र आगामी साल गर्ने लक्ष्य राखिएका विभिन्न कार्यक्रम समावेश हुनेछन् ।

(ख) एम्नेस्टी नेपाल नेपालको आर्थिक प्रतिवेदन नेशनल बोर्डका कोषाध्यक्ष वा निजको अनुपस्थितिमा नेशनल बोर्डले तोकेको नेशनल बोर्डका पदाधिकारीबाट प्रस्तुत हुनेछ । त्यस्तो प्रतिवेदनमा गत सालको आम्दानी खर्च तथा चालु वर्षका लागि अनुमानित आय तथा खर्चको विवरण समावेश हुनुपर्नेछ ।

(ग) नेशनल बोर्डका नीतिगत निर्णयहरु सम्बन्धी गतिविधिहरुको प्रतिवेदन नेशनल बोर्डका महासचिव वा नीजको अनुपस्थितिमा उपमहासचिवले प्रस्तुत गर्नेछन् ।

(घ) एम्नेस्टी इन्टरनेसनलको एकीकृत रणनीतिक योजनामा आधारित भई नेशनल बोर्डले तयार गरेको National Strategic Plan नेशनल बोर्डद्वारा तोकिएको पदाधिकारीले प्रस्तुत गर्नेछ ।

## परिच्छेद-६
## प्रस्ताव माथिको छलफल र निर्णय

**१४. छलफलको प्रक्रियाः**

(क) <u>नेशनल बोर्डका</u> तर्फबाट प्रस्तुत प्रस्ताव साधारणसभाका अध्यक्षको अनुमतिले तोकिएको <u>नेशनल बोर्ड</u> पदाधिकारीले बैठकमा प्रस्तुत गर्नेछन् ।

(ख) समूहका तर्फबाट प्रस्तुत प्रस्ताव सम्बन्धित समूहका प्रतिनिधिले पेश गर्नेछन्

तर त्यसरी समूहका तर्फबाट प्रस्ताव प्रस्तुत गर्दा प्रस्तुतकर्ताले समूहबाट निर्णय भई आएको लिखित विवरण मात्र प्रस्तुत गर्नु पर्नेछ ।

(ग) त्यसरी समूहबाट प्रस्तुत प्रस्तावमा साधारणसभाको कुनै सदस्यले संशोधन प्रस्ताव पेश गर्न चाहेमा एकजना सदस्यको समर्थन सहित संशोधन प्रस्ताव पेश गर्न सक्नेछन् ।

तर त्यस्तो संशोधन प्रस्तावले मूल प्रस्तावको मर्म विपरीत भएमा मान्यता दिइनेछैन ।

(घ) त्यसरी प्रस्तुत हुन आएको संशोधन प्रस्तावलाई मूल प्रस्ताव प्रस्तुतकर्ताले स्वीकार गरेमा सो संशोधित प्रस्तावलाई नै मूल प्रस्ताव मानिनेछ ।

तर संशोधित प्रस्तावलाई प्रस्ताव प्रस्तुतकर्ताले स्वीकार नगरेमा मूल प्रस्ताव र संशोधित प्रस्ताव दुवै साधारणसभामा निर्णयार्थ पेश गरिनेछ ।

(ङ) त्यस्तो मूल प्रस्ताव वा संशोधन प्रस्ताव प्रस्तुत गर्दा प्रस्तावकर्ताहरूलाई आ-आफ्नो प्रस्ताव वा संशोधनको औचित्य सिद्ध गर्नका लागि साधारणसभाका अध्यक्षले निश्चित समय तोकी मन्तव्य राख्ने मौका दिनेछन् । त्यसरी मन्तव्य राख्दा निजहरूले आफ्नो प्रस्ताव वा संशोधन फिर्ता लिन सक्नेछन् ।

**१५. निर्णयः**

(क) साधारणसभामा विधान संशोधन र अन्य कुनै असाधारण विषयहरू (जस्तो एम्नेस्टी नेपाल नेपाल भंग गर्ने) जस्ता गम्भीर विषय बाहेक अन्य सामान्य विषयका प्रस्तावहरूको निर्णय साधारणसभामा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट हुनेछ । कुनै प्रस्ताव असाधारण प्रकृतिको भए नभएको निर्णय गर्ने अन्तिम अधिकार <u>नेशनल बोर्ड</u>को हुनेछ ।

(ख) प्रस्ताव उपर मतदान हुँदा प्रतिनिधिहरूले आ–आफ्नो परिचय पत्र (Voting card) देखाई मत दिनुपर्नेछ ।

(ग) प्रस्ताव उपर भएको मतदानको गणना बैठकको अध्यक्षले गर्नेछन् । यसका लागि उनले गणकको सहयोग लिन सक्नेछन् ।

(घ) मतदान हुँदा मत बराबर भएमा सभाको अध्यक्षको मत निर्णायक मानिनेछ ।

## परिच्छेद-७
## नियम पालनासम्बन्धी प्रश्न तथा सूचनाको माग

**१६. नियमपालन सम्बन्धी प्रश्न** (Points of Order):

(क) साधारणसभामा कुनै पनि प्रस्ताव उपर छलफल हुँदा सहभागी प्रतिनिधिहरूले नियमपालनसम्बन्धी प्रश्न उठाउन सक्नेछन् ।

(ख) त्यस्तो नियमपालनसम्बन्धी प्रश्न सभाको सञ्चालन र छलफलको विषयसँग अनिवार्य रूपले सम्बन्धित हुनुपर्नेछ ।

तर मतदानका समयमा मतदान प्रक्रियासँग सम्बन्धित विषयमा बाहेक अन्य विषयमा नियम पालनसम्बन्धी प्रश्न उठाउन पाइनेछैन ।

(ग) निम्न विषयलाई प्रतिनिधिहरूले नियमपालनसम्बन्धी प्रश्नका रूपमा उठाउन सक्नेछन् ।

(अ) अध्यक्षलाई रूलिङ्ग (Ruling) गर्नका लागि अनुरोध ।

(आ) अध्यक्षको रूलिङ्ग (Ruling) माथि चुनौति दिने ।

तर यसका लागि अर्को प्रतिनिधिको समर्थन आवश्यक हुनेछ ।

(इ) कुनै प्रस्ताव उपर मतदान नगर्नका लागि ।

(ई) कुनै विषयवस्तुलाई नेशनल बोर्ड वा साधारणसभाको कुनै समितिमार्फत निरोपणका लागि पेश गर्नका लागि ।

(घ) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि कुनै विषयमा मतदान गर्ने, नगर्ने वा चाडै गर्ने सम्बन्धी विषयमा अन्तिम निर्णय गर्ने अधिकार अध्यक्षको हुनेछ, जसका सम्बन्धमा चुनौति गर्न सकिनेछैन ।

तर अध्यक्षले कुनै पनि विवादित विषयलाई अनिर्णित अवस्थामा भने राख्न सक्नेछैनन् ।

१७. **सूचनाको माग** (Points of information)

सभाका कुनै पनि सहभागीले अध्यक्ष वा वक्ता समक्ष सम्बन्धित विषयमा सूचनाको आग्रह गर्न सक्नेछ । तर त्यस्तो आग्रहले कुनै पनि तर्क प्रस्तुत गरेको मानिनेछैन ।

## परिच्छेद-८
## मताधिकार र निर्वाचन

१८ **मताधिकारः**

(क) एम्नेस्टी नेपाल नेपालको वार्षिक साधारणसभाका प्रतिनिधिहरूलाई मात्र निर्वाचनमा मताधिकार रहनेछ ।

(ख) मताधिकार प्राप्त प्रतिनिधिहरूलाई प्रतिनिधि परिचयपत्र (voting card) उपलब्ध गराइनेछ ।

(ग) प्रतिनिधिहरूलाई उपलब्ध गराइने भोटिंग कार्ड (voting card) मा क्रमसंख्या, साधारणसभा सदस्य दर्ता पुस्तिकाको दर्ता नम्बर र प्रतिनिधिको नाम, फोटो राखी प्रतिनिधि र अध्यक्षको सही समेत गराई उपलब्ध गराइनेछ ।

(घ) कुनै प्रतिनिधिले परिचयपत्र हराएमा दर्ता पुस्तिकाका आधारमा अध्यक्षले परिचय पत्रको प्रतिलिपि उपलब्ध गराउन सक्नेछन् ।

तर निर्वाचनमा मतदानको कार्य प्रारम्भ भइसकेको अवस्थामा भने परिचय पत्रको प्रतिलिपि उपलब्ध गराउने अधिकार निर्वाचन अधिकृतलाई मात्र हुनेछ ।

(ङ) कुनै प्रतिनिधिले आफ्नो परिचयपत्र अरू कसैलाई उपलब्ध गराई अधिकारको दुरूपयोग गरेको पाइएमा साधारणसभामा निजको प्रतिनिधिको हैसियत समाप्त हुनेछ । यसरी प्रतिनिधिको हैसियत समाप्त भएको घोषणा गर्ने अधिकार निर्वाचनका समयमा निर्वाचन अधिकृतको र अन्य अवस्थामा साधारणसभाका अध्यक्षको हुनेछ ।

यसरी प्रतिनिधिको हैसियत समाप्त भएको ठहर गर्नु अघि निजलाई सफाइको मौकाबाट भने बन्चित गरिने छैन ।

१९. **नेशनल बोर्ड को निर्वाचन**

(क) एम्नेस्टी नेपाल नेपाल नेशनल बोर्ड एवं पुनरावेदन समितिको नियमित निर्वाचन राष्ट्रिय परिषदबाट गरिनेछ । कुनै पद रिक्त भई पदपूर्ति गर्नु पर्ने अवस्थामा वा अविश्वासको प्रस्ताव पारित भई नेशनल बोर्ड वा पुनरावेदन समिति विघटन भई नयाँ समिति गठन गर्नु पर्ने अवस्थामा समूहहरूको राष्ट्रिय बैठक वा आकस्मिक साधारणसभाबाट पनि नेशनल बोर्ड वा पुनरावेदन समितिको निर्वाचन गर्न सकिनेछ ।

(ख) नेशनल बोर्ड वा पुनरावेदनसमितिको निर्वाचन एम्नेस्टी नेपाल नेपालको विधान बमोजिम प्रजातान्त्रिक प्रक्रियाका आधारमा एक व्यक्ति एक मत अनुरूप गोप्य मतदान प्रक्रियाबाट हुनेछ ।

(ग) नेशनल बोर्ड र पुनरावेदनसमितिको निर्वाचनका लागि नेशनल बोर्ड ले राष्ट्रिय परिषद बैठक हुनु भन्दा ४५ दिन अगाडि एक निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(घ) निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य निर्वाचन अधिकृतले गणकहरूको सहयोगमा पूरा गर्नेछन् ।

(ङ) १) राष्ट्रिय परिषदवाट निम्नानुसारका नेशनल बोर्डका पदाधिकारिहरुको निर्वाचन हुने छ ।[1]

[1] २५ औं वार्षिक साधारणसभाद्वारा परिमार्जित । परिमार्जन गर्नु अघि निम्न व्यवस्था रहेको :

(ङ) परिषदले रा.का.स.का लागि अध्यक्ष –१, उपाध्यक्ष –१, महासचिव–१, उपमहासचिव–१ कोषाध्यक्ष –१ र २ जना महिला सदस्यसहित अन्य ४ जना सदस्य गरी कूल ११ सदस्यीय कार्य समिति तथा पुनरावेदन समितिका लागि संयोजक-१, महिला सदस्य-१ र सदस्य १ गरी जम्मा ३ सदस्यीय समितिको निर्वाचन गर्नेछ ।

क) अध्यक्ष : १ जना

ख) कोषाध्यक्ष : १ जना

ग) सदस्य : ७ (कम्तीमा ३ जना महिला सहित) जना ।

नोट : यस उपखण्डको प्रयोजनकालागि मतदानको अधिकारः एम्नेस्टी नेपाल नेपालमा आबद्धताको मान्यता प्राप्त समूहका प्रतिनिधिहरूलाई रहनेछ ।

(च) कुनै पदमा उम्मेदवार हुन चाहने विधान बमोजिमको योग्यता पुगेका सदस्यले आफ्नो समूहबाट सो पदमा उम्मेदवार हुनको लागि सिफारिस प्राप्त गर्नुका साथै साधारणसभाको प्रतिनिधि वा नेशनल बोर्ड वा पुनरावेदन समितिको पदाधिकारी रहेको हुनु पर्नेछ । एउटा समूहले नेशनल बोर्डका ११ पदमध्ये कुनै एक पदमा र पुनरावेदन समितिको ३ मध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिन सक्नेछ ।

स्पष्टीकरण : आफ्नो समूह भन्नाले कुनै व्यक्तिको मनोनयन हुँदाको अवस्थामा सो समूहको सदस्यको रूपमा कार्यरत व्यक्ति हुनु पर्नेछ ।

(छ) राष्ट्रिय सचिवालयका कर्मचारी, निर्माणाधिन समूहका पर्यवेक्षक र नेशनल बोर्ड बाट मनोनित पर्यवेक्षकहरूलाई उम्मेदवारी दिने अधिकार हुनेछैन ।

(ज) समूहहरूबाट प्राप्त हुने उम्मेदवारको सिफारिश साधारणसभा प्रारम्भ हुनुभन्दा २५ दिन अगावै राष्ट्रिय सचिवालयमा उम्मेदवार वा समूहका प्रतिनिधि उपस्थित भई, हुलाकमार्फत्, फ्याक्स वा इमेलको माध्यमबाट विधिवत दर्ता गराउनु पर्नेछ । रीतपूर्वक नभरिएको वा तोकिएको समय भन्दा पछि प्राप्त भएका मनोनयन पत्रहरूलाई मान्यता दिइने छैन ।

(झ) उम्मेदवारी मनोनयन पत्रकासाथ तोकिएको ढाँचामा उम्मेदवारको एक पेजको व्यक्तिगत विवरण ९ऋगचचष्अगाफि खष्तबभ० र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ । त्यसरी सचिवालयमा दर्ता भएको उम्मेदवारहरूको मनोनयनको जानकारी उम्मेदवारको व्यक्तिगत विवरणका साथ सचिवालयले साधारणसभा भन्दा १५ दिन अगावै सबै समूह वा निर्माणाधिन समूहहरूमा पठाउनु पर्नेछ ।

(ञ) निर्वाचन प्रयोजनका लागि साधारणसभा आयोजनास्थलमै निर्वाचन अधिकृतको कार्यालय रहनेछ ।

(ट) निर्वाचन अधिकृतले राष्ट्रिय सचिवालयका कर्मचारी तथा गणकहरूको सहायता लिई मतदाता तथा उम्मेदवारको नामावली प्रकाशन गर्नुका साथै नाम फिर्ता, दावी विरोध, अन्तिम नामावली प्रकाशन लगायत मतदान सम्बन्धी कार्यक्रम प्रकाशित गरी सोही कार्यक्रम अनुसार यो नियमावलीको अधीनमा रही निर्वाचन सम्पन्न गर्नेछन् ।

(ठ) राष्ट्रिय सचिवालयका कर्मचारीहरूले निर्वाचन अधिकृतको काममा सहयोग गर्नेछन् र निर्वाचनको विषयमा निष्पक्ष रहनेछन् ।

(ड) प्रत्येक पदका उम्मेदवारलाई साधारणसभाको प्रारम्भिक सत्रमा बढीमा ५ मिनेटका दरले मन्तव्य व्यक्त गर्ने अवसर दिइनेछ । यस्तो मन्तव्य प्रकट गर्दा कसैप्रति लाञ्छना लगाउन, संस्था प्रति अनास्था प्रकट गर्ने वक्तव्य दिन तथा झुठा आश्वासन दिन पाइने छैन ।

(ढ) निर्वाचनमा प्रत्येक पदका लागि अलग अलग मत पत्र ९दबीयित उबउभच० राखिनेछ र प्रत्येक मताधिकार प्राप्त प्रतिनिधिहरूलाई पतिनिधि परिचयपत्रका आधारमा मतपत्र उपलब्ध गराइनेछ ।

(ण) मतदान वा मतगणनाका समययमा निगरानी गर्नको लागि उम्मेदवारहरूले आफैं बस्न वा प्रतिनिधि नियुक्त गर्न सक्नेछन् ।

(त) मतपत्रमा नेपाली वर्णानुक्रम अनुसार उम्मेदवारहरूको नाम अंकित हुनेछ ।

(थ) मतदाताले मतदान गर्दा उम्मेदवारको नाम अगाडी दिइको कोष्ठमा | √ | चिन्ह लगाई मतदान गर्नुपर्नेछ ।

(द) मतदान गर्दा तोकिएबमोजिमको पद तथा संख्यामा अनिवार्य मत प्रदान गर्नुपर्नेछ । निर्वाचित हुनुपर्ने भन्दा कम वा बढी उम्मेदवारलाई मतदान गरेमा त्यस्तो मतपत्र बदर हुनेछ ।

(ध) मतदानको कार्य सम्पन्न हुनासाथ उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा निर्वाचन अधिकृतले आवश्यकता अनुसार अन्य कर्मचारी र गणकहरूको सहायता लिई मतगणना गर्नेछन् ।

(न) नेशनल बोर्डको अध्यक्ष र कोषाध्यक्षमा अधिकतम मत ल्याउने एक एक जना र सदस्यमा ७ जना (कम्तीमा ३ जना महिला को प्रतिनिधित्व हुनेगरी ) अधिकतम मत ल्याउने उम्मेदवारलाई निर्वाचित घोषित गरिनेछ । त्यसैगरी पुनरावेदन समितिको संयोजक, महिला सदस्य र सदस्य पदमा सर्वाधिक मत हासिल गर्ने एकएक जनालाई निर्वाचित घोषित गरिनेछ ।

(प) कुनै पदमा मत बराबरी भएमा मत बराबर हुने उम्मेदवारहरूका बीच गोला प्रथाद्वारा निर्णय लिइनेछ ।

(फ) निर्वाचन वा मतगणना सम्बन्धमा कुनै विवाद भएमा निर्वाचन अधिकृत र गणकहरू सम्मिलित समितिको निर्णय अन्तिम मानिनेछ ।

(ब) समूह नवीकरण र निर्धारित समयमा साधारणसभा नभएका समूह वा निर्माणाधिन समूहको प्रतिनिधि वा पर्यवेक्षकलाई साधारणसभामा भाग लिने अधिकार रहने छैन । निर्धारित समयमा समूह नवीकरण वा समूहको साधारणसभा नगर्ने समूहको तर्फबाट कोही उम्मेदवार भएको अवस्थामा निजको उम्मेदवारी अमान्य हुनेछ ।

## परिच्छेद-९
## नियमावलीको संशोधन

**२०. नियमावली संशोधनको प्रस्ताव**

(क) नेशनल बोर्डले यो नियमावली संशोधन गर्न आवश्यक देखेमा आवश्यक संशोधन गरी साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(ख) कुनै मान्यताप्राप्त समूहले यो नियमावलीमा संशोधन गराउन चाहेमा यसै नियमावलीको परिच्छेद ४ बमोजिम छलफलका विषयहरूमा समावेश गरी गराई संशोधन प्रस्ताव ल्याउन सक्नेछन् ।

२१. **संशोधन भएको मानिने**

(क) नेशनल बोर्डबाट गरिएको संशोधन साधारणसभाबाट अनुमोदन भएपश्चात् र समूहबाट प्रस्तावित संशोधन साधारणसभामा उपस्थित प्रतिनिधिहरूको बहुमतले पारित गरेमा यो नियमावलीमा संशोधन भएको मानिनेछ।

(ख) पारित संशोधन तुरुन्तै लागू हुनेछ।

२२. **खारेजी तथा बचाऊ :**

(क) ए. आई. नेपाल राष्ट्रिय परिषद नियमावली २०५५ खारेज गरिएको छ।

(ख) एम्नेस्टी इन्टरनेसनल नेपालको साधारणसभा नियमावली २०७३ प्रारम्भ हुनु अघि भए गरेका काम कारवाही यसै नियमावली अनुरूप भए गरेको मानिने छ।

♣ समाप्त ♣